
माघ – २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २४, अङ्क २० | २०७२, माघ १६–२९ | पूर्णाङ्क ५६६



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**प्रकाशन, सञ्चार तथा सम्पादन समिति**

**माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत - अध्यक्ष**
**माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत - सदस्य**
**नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय - सदस्य**
**अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन - सदस्य**
**वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य**
**सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**
शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री लक्ष्मण वि.क.
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोदकुमार यादव
सि.क.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री सुदर्शनप्रसाद आचार्य
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**
डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | १ |
| संयुक्त इजलास | १३ |
| इजलास नं. १ | ८ |
| इजलास नं. २ | ६ |
| इजलास नं. ३ | ८ |
| इजलास नं. ४ | ७ |
| इजलास नं. ५ | १२ |
| इजलास नं. ७ | २ |
| इजलास नं. ८ | २ |
| एकल इजलास | २ |
| रीत/बेरीत आदेश | १ |
| जम्मा | ६२ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, माघ – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

# Toll Free Number

# १६६०–०१–३३३–५५

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१-२** |
| १. | परमादेश | *गोविन्दप्रसाद खनाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* | |
| **संयुक्त इजलास** | | | **२-९** |
| २. | उत्प्रेषण / परमादेश | *रामकुमार मल्लाहसमेत वि. सुरत मल्लाहसमेत* | |
| ३. | उत्प्रेषण / परमादेश | *प्रविणकुमार सिंह वि. जुगली देवीसमेत* | |
| ४. | निषेधाज्ञा | *गणेश साह वि. प्रेमराज पाण्डेसमेत* | |
| ५. | निषेधाज्ञा | *गणेश साह वि. विश्वनाथ साहसमेत* | |
| ६. | उत्प्रेषण / परमादेश | *बिन्देश्वर कामत वि. भूमिसुधार कार्यालय, मोरङ विराटनगरसमेत* | |
| ७. | उत्प्रेषण / परमादेश | *रामशङ्कर यादव वि. जिल्ला शिक्षा कार्यालय, धनुषा, जनकपुरसमेत* | |
| ८. | उत्प्रेषण / परमादेश | *गोमा भन्ने लिलामाया न्यौपाने वि. जिल्ला प्रशासन कार्यालय, चरिकोट, दोलखासमेत* | |
| ९. | निषेधाज्ञा / परमादेश | *देवलाल श्रेष्ठ वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौंसमेत* | |
| १०. | परमादेश | *विजयकुमार मेहता वि. जिल्ला प्रहरी कार्यालय, सुनसरीसमेत* | |
| ११. | परमादेश / निषेधाज्ञा | *दीपक कार्की वि. यति डिस्टिलरी प्रा.लि.समेत* | |
| १२. | निषेधाज्ञा | *रविन्द्रबहादुर सुनार वि. जिल्ला वन कार्यालय, डडेलधुरासमेत* | |
| १३. | उत्प्रेषण / परमादेश | *श्यामकुमार मगरदैता वि. जिल्ला प्रहरी कार्यालय, सुनसरीका प्रहरी प्रमुखसमेत* | |
| १४. | निषेधाज्ञा | *राजेन्द्र धमला वि. निरबहादुर दाहाल* | |
| **इजलास नं. १** | | | **९-१४** |
| १५. | कर्तव्य ज्यान | *नेपाल सरकार वि. दीपकबाबु सिलवालसमेत* | |
| १६. | २०६४/०६५ को मूल्य अभिवृद्धि कर | *टेकबहादुर खत्री वि. राजकुमारी तोदी* | |

| | | |
|---|---|---|
| १७. | सरकारी कागज किर्ते ठगी | *नेपाल सरकार वि. अशोककुमार यादवसमेत* |
| १८. | कर्तव्य ज्यान | *सुरज राई वि. नेपाल सरकार* |
| १९. | मानव बेचबिखन | *जगतकुमारी बस्नेत वि. नेपाल सरकार* |
| २०. | उत्प्रेषण / परमादेश | *मथुराराम श्रेष्ठसमेत वि. अखिल नेपाल फुटबल सङ्घ एन्फा हाउस, सातदोबाटो, ललितपुरसमेत* |
| २१. | उत्प्रेषण / परमादेश | *इन्दु न्यौपानेसमेत वि. लमजुङ जिल्ला, बेसीसहर गा.वि.स. समेत (हाल परिवर्तित लमजुङ न.पा., लमजुङ)* |
| **इजलास नं. २** | | **१४-१७** |
| २२. | जीउ मास्ने बेच्ने | *जितबहादुर तामाङसमेत वि. नेपाल सरकार* |
| २३. | कर्तव्य ज्यान | *नेपाल सरकार वि. फणिन्द्र भन्ने फौदबहादुर थपलिया* |
| २४. | कर्तव्य ज्यान | *नेपाल सरकार वि. सुनिल परियार* |
| २५. | कर्तव्य ज्यान | *नेपाल सरकार वि. कमला गोले तामाङ* |
| २६. | कर्तव्य ज्यान र चोरी | *माइली भन्ने अकजनी खड्का वि. नेपाल सरकार* |
| २७. | कर्तव्य ज्यान | *रूद्रप्रसाद आचार्यसमेत वि. नेपाल सरकार* |
| **इजलास नं. ३** | | **१७-२२** |
| २८. | लिखत दर्ता बदर | *राजीव मानन्धर वि. राधाकृष्ण मानन्धर* |
| २९. | नापी स्रेस्ता बदर गरी हक कायम गरी मेरो नाममा दर्ता गरिपाउँ | *आशबहादुर लिम्बू वि. सुखमाया लिम्बूसमेत* |
| ३०. | परमादेश | *आयुर्वेद विभाग, टेकु, काठमाडौं वि. सुरेन्द्र साह* |
| ३१. | परमादेश / उत्प्रेषण | *केशुनध्वज कार्की वि. कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंसमेत* |
| ३२. | बन्दी प्रत्यक्षीकरण | *नविना पन्त वि. महानगरीय प्रहरी प्रभाग, सिंहदरबार, काठमाडौंसमेत* |
| ३३. | रकम भराइपाउँ | *दीपकनाथ चालिसे वि. हुमनाथ कोइराला* |

| | | |
|---|---|---|
| ३४. | मिलापत्र बदर दर्ता बदर | *राम श्रेष्ठ राय यादवसमेत वि. भिखारी राय भन्ने राम नरेश राय यादवसमेत* |
| **इजलास नं. ४** | | **२२-२६** |
| ३५. | लागु औषध गाँजा | *श्यामकिशोर प्रसाद कुशवाहासमेत वि. नेपाल सरकार* |
| ३६. | जबरजस्ती करणी | *नबि मियाँसमेत वि. नेपाल सरकार* |
| ३७. | कर्तव्य ज्यान | *मानबहादुर राई वि. नेपाल सरकार* |
| ३८. | कर्तव्य ज्यान | *कान्छा भन्ने कमलप्रसाद तामाङ वि. नेपाल सरकार* |
| ३९. | जबरजस्ती करणी | *प्रकाश पुलामी मगर वि. नेपाल सरकार* |
| ४०. | बकसपत्र बदर | *सरस्वती गुरूङ वि. आनन्दमाया गुरूङ* |
| ४१. | उत्प्रेषण / परमादेश | *रणबहादुर कार्की वि. जिल्ला शिक्षा कार्यालय, दैलेखसमेत* |
| **इजलास नं. ५** | | **२६-३७** |
| ४२. | उत्प्रेषण | *सुनिल सिंखडा वि. सशस्त्र प्रहरी बल, प्रधान कार्यालय, हलचोक, काठमाडौंसमेत* |
| ४३. | कर्तव्य ज्यान | *पशुपति भुजसमेत वि. नेपाल सरकार* |

| | | |
|---|---|---|
| ४४. | लगत कट्टा | *हरिबहादुर रानाभाट वि. भरत खत्री* |
| ४५. | उत्प्रेषण / परमादेश | *माइली खत्रिनी वि. भौतिक योजना तथा निर्माण मन्त्रालयसमेत* |
| ४६. | उत्प्रेषण / परमादेश | *यज्ञप्रसाद गुरूङसमेत वि. नीता गुरूङसमेत* |
| ४७. | अंश दपोट | *दशनलाल चौधरी वि. राधादेवी चौधरीसमेत* |
| ४८. | उत्प्रेषण | *रीतादेवी वि. रामहरि साह गोढ* |
| ४९. | उत्प्रेषण / परमादेश | *अधिवक्ता विष्णुप्रसाद तिमिल्सिनासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* |
| ५०. | परमादेश | *अधिवक्ता कमलप्रसाद गुरागाईंसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* |
| ५१. | उत्प्रेषण / परमादेश | *केदार सिंह थापासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* |
| ५२. | उत्प्रेषण / परमादेश | *उदयबहादुर सिंह ठकुरी वि. जयबहादुर खड्कासमेत* |

| इजलास नं.७ | | | ३७-३९ |
|---|---|---|---|
| ५३. | ज्यान मार्ने उद्योग | *नेपाल सरकार वि. डगम सिंह लिम्बूसमेत* | |
| ५४. | अंश दर्ता | *शुभनारायण सिंह वि. हरिनारायण सिंह थारू* | |
| **इजलास नं.८** | | | **३९-४२** |
| ५५. | लागु औषध हेरोइन | *शुक्रबहादुर गुरूङसमेत वि. नेपाल सरकार* | |
| ५६. | कर्तव्य ज्यान / ज्यान मार्ने उद्योग | *नेपाल सरकार वि. वनवाली साह तेलीसमेत* | |

| एकल इजलास | | | ४२-४३ |
|---|---|---|---|
| ५७. | बन्दी प्रत्यक्षीकरण | *अञ्जन देवकोटा वि. केन्द्रीय अनुसन्धान ब्युरो, महाराजगञ्ज काठमाडौं* | |
| ५८. | बन्दी प्रत्यक्षीकरण | *विनोद तामाङको हकमा लक्ष्मी तामाङ वि. महानगरीय प्रहरी परिसर, भक्तपुरसमेत* | |
| **रित / बेरीत आदेश** | | | **४३** |
| ५९. | अवैध रक्तचन्दन ओसारपसार | *रूद्रनारायण तिमिल्सिना वि. नेपाल सरकार* | |
| **अदालत गतिविधि** | | | **४४** |

## पूर्ण इजलास

**मा.न्या. श्री कल्याण श्रेष्ठ, मा.न्या. श्री गोपाल पराजुली र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०७०-WS-००४५, परमादेश, *गोविन्दप्रसाद खनाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(३) को प्रतिबन्धात्मक वाक्यांशको आधारमा अदालतले सकारात्मक विभेद हुने गरी कानूनद्वारा कुनै व्यवस्था गरिएकालाई त्यस्तो व्यवस्था सकारात्मक विभेदको सिद्धान्तअनुकूलको छ वा छैन र त्यसो गर्नु उपयुक्त हुन्छ वा हुँदैन भनेर न्यायिक परिक्षणको रोहमा हेर्ने कुरा बेग्लै हो, तर कानूनमा एउटा समान मापदण्ड लागू गरेको अवस्थामा आफ्नो हकमा मात्र विभेदपूर्ण मापदण्ड नअपनाइएको भनी त्यसरी समानरूपमा लागू भइरहेको कानून संविधानसँग बाझिएको भनी आलोचना गर्न मिल्दैन। संविधानको उल्लिखित व्यवस्थाअनुसार सकारात्मक विभेद हुने गरि विभिन्न वर्ग वा क्षेत्रका मानिसका बिच कानूनको विविध र फरक प्रयोग हुनुलाई अस्वाभाविक नमानिए पनि त्यस्तो व्यवस्था अपनाउने भन्ने कुरा राज्यले नीति बनाई व्यवस्थापन गर्ने कुरा हो। सकारात्मक विभेद हुने गरी कानून बनाउने कुरा राज्यको सक्षमतासँग सम्बन्धित कुरा पनि हो। राज्यले त्यस्तो कानून नबनाएको आधारमा समानरूपमा लागू भइरहेको कानूनलाई संविधान असङ्गत रहेको भन्न नमिल्ने।

प्रचलित कानून सबै शिक्षकहरूको बिचमा समानरूपमा लागू रहेको हुँदा स्वयम्मा विभेदकारी देखिँदैन । तर अपाङ्गता भएका व्यक्ति विशेषको असुविधा र अनुभवलाई ध्यानमा राखेर विशेष प्रवन्धद्वारा निवेदक जस्ता वर्गका अपाङ्गता भएका व्यक्तिलाई क्षतिपूर्ति गर्ने विशेष व्यवस्था राज्यले गर्न नसक्ने भन्ने होइन। रिट निवेदक मिति २०४९।८।१६ देखि माध्यमिक शिक्षक तृतीय श्रेणीमा अस्थायीरूपमा नियुक्ति भई सोही पद र श्रेणीमा मिति २०६०।८।१ देखि स्थायी नियुक्ति भई सेवा गरी रहेको भन्ने देखिन्छ। अस्थायी सेवा गरेको सेवा अवधि नजोड्दा आफ्नो निवृत्तिभरण पाउने अवधि नपुग्ने हुँदा अपाङ्गता भएको विशेष अवस्थाको कारणले संविधानको धारा १३(३) को प्रतिबन्धात्मक वाक्यांशले व्यवस्था गरेको सकारात्मक विभेदको नीति अख्तियार गरी अस्थायी सेवा अवधिसमेत गणना गरी निवृत्तिभरण पाउने अवधि पुग्ने गरी कानूनमा पुनरावलोकनको अपेक्षा गरी राज्यसँग माग गर्ने कुरालाई निवेदकजस्ता अपाङ्गता भएका व्यक्तिहरूको हकमा अस्वाभाविक भन्न नमिले पनि अहिले नै समानताको सिद्धान्तअनुकूलको शिक्षा नियमावलीको व्यवस्थालाई न्यायिक पुनरावलोकन गरी अन्तरिम संविधानको धारा १३(३) अनुकूल नरहेकाले असंवैधानिक रहेको भन्न नमिल्ने।

कुनै कानून वा त्यस्तो कानूनको कुनै भाग वा अंश संविधानसँग बाझिएको छ भनेरमात्र पुग्दैन । त्यस्तो कानून स्पष्टरूपले संविधानसँग बाझिएको पनि देखिनु पर्छ । बाझिँदै नबाझिएको कानूनलाई न्यायिक पुनरावलोकनको नाममा अनावश्यक हस्तक्षेप गरी निष्क्रिय तुल्याउने कुरा पनि हुँदैन । संविधानको धारा १३(३) को प्रतिवन्धात्मक वाक्यांशमा रहेको सकारात्मक विभेदको अवधारणाअनुसार आफू शारीरिक रूपमा अपाङ्ग रहेको भन्ने आधारमा आफूलाई सुविधा हुने किसिमको व्यवस्था शिक्षा नियमावलीको नियम ११४(ग) र नियम १२०(१)(क) मा नभएको कारण आफू निवृत्तिभरण पाउने अवस्थाबाट वञ्चित हुने भएकाले शिक्षा नियमावलीको उक्त व्यवस्था संविधानसँग बाझिएको

भन्ने रिट निवदकको माग दाबी नै निरर्थक किसिमको देखिने।

निवेदकजस्ता अपाङ्गता भएका वर्गका व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्नसक्ने भन्ने संवैधानिक व्यवस्था भइरहेकामा सो अनुकूलको कानूनी व्यवस्था गर्न बाँकी नै रहेको देखिन्छ । एउटा समान मापदण्ड लागू हुने गरी कायम रहेको कानूनी व्यवस्थालाई सकारात्मक विभेदको सिद्धान्तबमोजिम विभदेपूर्ण नभएको भन्ने आधारमा त्यस्तो कानूनी व्यवस्थालाई संविधानसँग बाझिएको छ भन्न नमिल्ने।

निवेदक जस्ता व्यक्तिको लागि संविधानको धारा १३(३) ले राज्यलाई विशेष उपाय गर्न अनुमति दिएकै हुँदा निवेदक जस्ता व्यक्तिको संरक्षणको लागि सरकारले विशेष निर्णय गरी वा कानूनद्वारा थप व्यवस्था गर्नै नसक्ने पनि देखिँदैन । निवेदक जस्ता वर्गका व्यक्तिको विशेष अवस्थालाई सम्बोधन गर्ने हिसाबले शिक्षा नियमावली, २०५९ को नियम ११४(ग) तथा नियम १२०(१)(क) को व्यवस्थामा पुनरावलोकन हुनै नसक्ने पनि होइन । आफूजस्ता वर्गका व्यक्तिको हितअनुकूलको विशेष कानूनी व्यवस्था राज्यले नगरेको भन्दैमा समान मापदण्ड अपनाउने गरी लागू भैरहेको शिक्षा नियमावलीको व्यवस्था संविधानसँग बाझिएको भन्न नमिल्ने हुनाले निवेदकको माग दाबीको औचित्यताभित्र प्रवेश गरी कुनै आदेश जारी गर्न नमिल्ने हुँदा रिट निवेदकले दाबी गरेको शिक्षा नियमावली, २०५९ को नियम ११४(ग) तथा नियम १२०(१)(क) को व्यवस्था सम्पूर्ण शिक्षकहरूको बिचमा समानरूपले लागू रहेको व्यवस्था हुँदा निवेदकको मागबमोजिम नियम ११४(ग) मा रहेको "स्थायी" भन्ने शब्द र नियम १२०(१)(क) मा रहेको "अस्थायी पदमा नियुक्ति भएमा" भन्ने वाक्यांश संविधानको धारा १३(३) को प्रतिबन्धात्मक वाक्यांश तथा धारा १८ सँग बाझिएको भन्ने नहुनाको साथै रिट निवेदकको माग दाबी नै अस्पष्ट किसिमको देखिँदा अस्पष्ट माग दाबीको आधारमा कुनै आदेश जारी गर्न नमिल्नेसमेत हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः बाबुराम सुवेदी
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल मङ्सिर १८ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-०४१९, उत्प्रेषण / परमादेश, *रामकुमार मल्लाहसमेत वि. सुरत मल्लाहसमेत*

प्रस्तुत मुद्दामा लेनदेन मुद्दाको बिगो (ऋण) रकम विपक्षी रामसुरत मल्लाहबाट भराई पाउने ठहरी फैसला भएको देखिँदैन। लेनदेन मुद्दाको फैसलाले यी रिट निवेदकहरूले ऋण रकमको बिगो तिर्नु बुझाउनु पर्ने ठहरि फैसला भएको देखिन्छ। फैसला भएपछि फैसला कार्यान्वयन हुनु पर्दछ र कार्यान्वयन गर्दा फैसलामा उल्लेख भएअनुसार नै गर्नु पर्दछ भन्ने कुरामा विवाद छैन। फैसला कार्यान्वयनको क्रममा गरिने आदेशउपर परेका निवेदनमा पुनरावेदन अदालतले सो आदेश बेरीतले गरेको छ छैन भन्ने कुरासम्म आदेश गर्ने हो । अन्तिम भएर बसेको फैसलाको हकमा बोल्ने होइन । निवेदकहरूले मुद्दामा देखाएको मुख्य विषय लेनदेन मुद्दाको बिगो पनि अंशियारबिच अर्थात् वादी प्रतिवादीबिच बराबर भाग लगाउनु पर्दछ जिकिर लिएको देखिन्छ । वादी विपक्षीले अंश नपाउनु पर्ने भन्ने कुराको जिकिर लिएको देखिँदैन । अंश मुद्दामा

भएको फैसलालाई नै प्रतिकूल प्रभाव पार्ने गरी युक्ति युक्त कारण नभई पुनरावेदन अदालतको आदेश तथा जिल्ला अदालतले फैसला कार्यान्वयन गर्ने विषय यस अदालतले बदर गर्दै जाने हो भने फैसला अन्तिमताको सिद्धान्त र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको विपरीत भई न्याय व्यवस्थाको स्थायित्वमा बाधा पुग्ने।

मुख्यरूपमा पटकपटक अंश मुद्दाको फैसला कार्यान्वयन रोकी पाउन लेनदेन मुद्दालाई आधार बनाएको देखिन्छ। लेनदेन मुद्दामा विपक्षीलाई प्रतिवादी पनि नबनाएको र निजबाट बिगो भराउनु नपर्ने ठहरी भएको फैसला तह तह सदर भएपश्चात् पनि अंश मुद्दाको फैसला कार्यान्वयन नहुँदा त्यसले न्यायको अनुभूती हुन सक्दैन। यस्तो अवस्थामा अंश मुद्दाको फैसला कार्यान्वयन गर्न कुनै बाधा हुने नदेखिने।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः गीता घिमिरे

इति संवत् २०७१ साल फागुन १४ गते रोज ५ शुभम्।

२

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री चोलेन्द्र शम्शेर ज.ब.रा.,** ०६८-WO-०७६५, उत्प्रेषण / परमादेश, *जिल्ला सर्लाही हरकठवा गाविस, वडा नं. ३ स्थित श्री प्राथमिक विद्यालय हरकठवाका हकमा अख्तियारप्राप्त प्रविणकुमार सिंह वि. जुगली देवीसमेत*

हदबन्दीमा परी जफत भई समितिको निर्णयबमोजिम विद्यालयले प्राप्त गरेको जग्गाका सम्बन्धमा परेको मुद्दामा फिरादपत्रको पेटबोलीबाट नै विद्यालयको हकको जग्गा रहेको देखिएपछि मुद्दाको कारवाहीको क्रममा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १३९ नं. बमोजिम विद्यालयलाई बुझी निर्णय गर्नुपर्नेमा अदालतले विद्यालयलाई बुझेको सम्बन्धित मिसिलबाट देखिन आउँदैन। विद्यालयको हक भोगको जग्गाका सम्बन्धमा विद्यालयलाई बुझ्दै नबुझी दुई व्यक्तिहरूका बिचमा चलेको मुद्दामा विद्यालयको हक जाने गरी भएको निर्णयबाट विद्यालयले प्रतिवादको मौका प्राप्त गर्ने प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल रहेको देखिन आयो। विद्यालयको हकको जग्गाका सम्बन्धमा विद्यालयलाई कुनै जानकारी नै नदिई भएको सर्लाही जिल्ला अदालतको मिति २०६७।३।२७ को फैसला र सोलाई सदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।२।२९ को फैसलाले रिट निवेदक श्री प्राथमिक विद्यालयको कि.नं. ४० को जग्गा माथिको हकमा प्रतिकूल असर परी उक्त फैसला कानून तथा न्यायसम्मत नदेखिने।

विद्यालयको तर्फबाट सञ्जीवकुमार सिंहले अगावै कि.नं. ४० को जग्गाका सम्बन्धमा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १० नं. बमोजिम लालबाबु ठकुरीसमेत उपर ०६५ सालको दे.नं. ८५६, दे.नं. ८५५, फौ.नं. १४८ र फौ.नं. १४९ का हकभोग कायम नामसारी दर्ता बदर दर्ता कायम चलन, लिखत बदर र जालसाजीसमेतका मुद्दाहरू सर्लाही जिल्ला अदालतमा दायर गरेको र अदालतबाट फैसला भइसकेको भन्ने प्रश्न छ सो सम्बन्धमा विचार गर्दा विद्यालयका तर्फबाट अरूले मुद्दा दिएको भएपनि विद्यालयको हितविपरीत निर्णय गर्नु पूर्व अदालतले जग्गा खरिद गरी किस्तासमेत तिरेको सम्बन्धित विद्यालयलाई बुझी निर्णय गर्नु पर्नेमा सरोकारवाला विद्यालयलाई बुझ्दै नबुझी विद्यालयको जग्गामा भएको हक जाने गरी प्रतिवादको मौका नदिई सर्लाही जिल्ला अदालतबाट मिति २०६७।३।२७ मा र पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६८।२।२९ मा भएको फैसलासमेत प्राकृतिक न्यायको सिद्धान्तप्रतिकूल भई त्रुटिपूर्ण हुँदा ती फैसलाहरूसमेत उत्प्रेषणको

आदेशद्वारा बदर हुने।

कि.नं. ४० को जग्गा भूमिसम्बन्धी ऐन, २०२१ को दफा १५ र भूमिसम्बन्धी नियम, २०२१ को नियम २३(१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिम मिति २०२९।१।४ को निर्णयले विद्यालयको नाममा बिक्री वितरण भएको र विद्यालयले मूल्यबापतको पहिलो किस्तासमेत तिरेको भूमिसुधार कार्यालयको स्रेस्ताबाट देखिँदा विद्यालयबाट सोजग्गाको मूल्य लिन बाँकी भए सो मूल्य लिई निवेदक श्री प्राथमिक विद्यालयको नाममा दर्ता नामसारी गरिदिनु भनी मालपोत कार्यालय, सर्लाहीको नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७१ साल फागुन १३ गते रोज ४ शुभम्।

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-CI-०१९०, निषेधाज्ञा, *गणेश साह वि. प्रेमराज पाण्डेसमेत*

यसमा कि.नं. १६३ को ज.वि. ०-५-७$^1/_2$ जग्गाको जग्गाधनी प्रेमराज पाण्डे भएको देखिएकामा निवेदकले निजलाई समेत विपक्षी बनाई प्रस्तुत निवेदन दायर भएकामा निज प्रेमराज पाण्डेका नाममा पुनरावेदन अदालत, विराटनगरबाट म्याद तामेल गर्ने क्रममा निजको घरद्वार पत्ता नलागी सार्वजनिक सूचना पाटीमा म्याद टाँसिएकामा निवेदकलाई निज विपक्षी प्रेमराज पाण्डेको वतन खुलाउन लगाएकामा निवेदकले सो वतन खुलाउन सकेको पाइँदैन । यी निवेदकले विवादित जग्गाको मोही नामसारी सम्बन्धमा सम्बन्धित भूमिसुधार कार्यालयमा निवेदन दिई कारवाहीयुक्त अवस्थामा रहेको छ भनी आफ्नो निवेदनमा उल्लेख गरेको अवस्था हुँदा निजका नाममा सो जग्गाको मोही नामसारी भई निजको निर्विवाद हक भोग स्थापित हुन आइसकेको अवस्था पनि देखिँदैन । यसरी निवेदकका नाममा नै मोही हक स्थापित भै निजको निर्विवाद हकभोग हुन नसकेको अवस्थामा निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने हुँदा यी निवेदकका नाममा विवादित कि.नं. १६३ को ज.वि. ०-५-७$^1/_2$ जग्गाको निर्विवाद हक भोग स्थापित भई निज उक्त जग्गाको मोही कायम भैनसकेको अवस्थासमेत देखिएको र विवादित जग्गाबाट माटो कटान गरी आकाश ईँट्टा उद्योगलाई दिने आशङ्काको अवस्था विद्यमान नदेखिँदा निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६८।११।२९ भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७२ साल असार २९ गते रोज ३ शुभम्।

४

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-CI-०१९३, निषेधाज्ञा, *गणेश साह वि. विश्वनाथ साहसमेत*

कि.नं. १६४ र कि.नं. २८७ का जग्गाहरू निवेदकका नाममा नरही मोहीको लगतकट्टा भैसकेको अवस्था देखिँदा निवेदकको निर्विवाद हक भोग एवम् प्रमाणका अभावमा निषेधाज्ञा जारी हुने अवस्था रहेन। त्यसैगरी उक्त जग्गाहरूमा निवेदकको हक नै स्थापित नभएको अवस्थामा विवादित जग्गाको माटो कटान गरी हिमालय इट्टा उद्योगलाई माटो दिन सक्ने अवस्थाको आशङ्का सम्बन्धमा थप विवेचना गर्नु पर्ने अवस्था नै नरहने हुँदा निवेदकको हक नै स्थापित नभई उक्त विवादित जग्गाको मोही लगत कट्टा भैसकेको

अवस्थामा पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६८।११।२९ मा निवेदनपत्र खारेज हुने ठहर्‍याई भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल असार २९ गते रोज ३ शुभम् ।

५

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-CI-०२४९, उत्प्रेषण / परमादेश, *बिन्देश्वर कामत वि. भूमिसुधार कार्यालय, मोरङ विराटनगरसमेत*

भूमिसुधार कार्यालयबाट विवादित जग्गाको मोही लगत कट्टा हुने गरी निर्णय भैसकेको अवस्था रहेको र सो विवादित जग्गाको मोही नामसारीका लागि भूमिसुधार कार्यालयमा निवेदन दिई निवेदन कारवाहीयुक्त अवस्थामा रहेको भनी यी निवेदकले यस अदालतमा पुनरावेदन गर्ने क्रममा उल्लेख गरेकाले निजको उक्त जग्गामा मोही हक स्थापित भैसकेको अवस्था भन्ने देखिँदैन । निवेदकको विधिवत्‌रूपमा निजको नाममा मोही हक स्थापित नभै सकेको अवस्थामा मोही नामसारीको लागि भूमिसुधार कार्यालयमा मुद्दा दिई सो मुद्दा कारवाहीयुक्त अवस्थामा रहेकाले हकदैयाको अभावमा निवेदन जिकिरअनुसार उत्प्रेषणयुक्त परमादेशको रिट जारी गर्नु पर्ने अवस्था देखिन नआउने हुँदा निवेदकले विवादित जग्गा आफ्नो नाममा मोही नामसारी नहुँदैको अवस्थामा सो जग्गा मोही तेरोमेरोमा विवाद भई भूमिसुधार कार्यालय, मोरङमा निवेदन दिई सो निवेदन विचाराधीन रहेको अवस्थामा मोही हक स्थापित हुनुपूर्व नै मोहीको हैसियतले दाबी गर्न नपाउने हुँदा पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६८।१२।१३ मा निवेदन खारेज हुने ठहर्‍याई भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल असार २९ गते रोज ३ शुभम् ।

६

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-CI-०५३६, उत्प्रेषण / परमादेश, *रामशङ्कर यादव वि. जिल्ला शिक्षा कार्यालय, धनुषा, जनकपुरसमेत*

कानूनमा वैकल्पिक उपचारको मार्ग रहिरहेको अवस्थामा यी निवेदकलाई रिट क्षेत्रमा प्रवेश गर्ने अवस्था पनि रहँदैन । अर्कोतर्फ यी निवेदकले यही विषयका सम्बन्धमा पुनरावेदन अदालत, जनकपुरमा निषेधाज्ञायुक्त परमादेशको निवेदन दिएकोमा उक्त निवेदनमा भएको आदेशपश्चात् सो आदेशमा चित्त नबुझेको अवस्थामा यस अदालतमा पुनरावेदनको रोहबाट प्रवेश गरेको अवस्था पनि देखिँदैन । निवेदकले उक्त निवेदनमा भएको आदेशसमेतलाई विचार गरी पुनः सोही विषयमा अर्को रिट निवेदन लिई पुनरावेदन अदालतमा गएको अवस्था देखिन्छ । यसरी कानूनमा वैकल्पिक उपचारको मार्ग रहिरहेको अवस्थामा निवेदकलाई रिट क्षेत्रबाट उपचार प्राप्त हुनसक्ने अवस्था पनि नदेखिने हुँदा यी पुनरावेदक शिक्षा नियमावली, २०५९ मा उल्लिखित व्यवस्थाबमोजिम विद्यालयबाट उक्त नियममा उल्लिखित प्रक्रिया विपरीत शिक्षक नियुक्ति गरेको सम्बन्धमा सो बदर गरिपाउन सम्बन्धित जिल्ला कार्यालय, धनुषामा उजुर गर्ने वैकल्पिक उपचार मार्गको प्रयोग नगरी पुनरावेदन अदालतमा प्रवेश गर्दैमा उपचार प्राप्त हुन नसक्ने हुँदा पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६९।२।२३

मा प्रस्तुत निवेदन खारेज हुने ठहर्‍याई भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल असार २९ गते रोज ३ शुभम्।

७

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-CI-०९९४, उत्प्रेषण / परमादेश, *गोमा भन्ने लिलामाया न्यौपाने वि. जिल्ला प्रशासन कार्यालय, चरिकोट, दोलखासमेत*

मुलुकी ऐन, जबरजस्ती करणीको ११ नं. तथा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ जस्ता कानूनसमेतबाट विपक्षीबाट भएका काम कारवाहीहरू अन्यथा भन्न सकिने अवस्था नरहेका र निवेदकले जिल्ला प्रहरी कार्यालय, दोलखाबाट जाहेरी दरखास्त दरपिठ भएकामा सोउपर वैकल्पिक उपचारको प्रयोग नगरी पुनः पुनरावेदन अदालत, पाटनमा जिल्ला प्रहरी कार्यालय, दोलखा र जिल्ला प्रशासन कार्यालय, दोलखाबाट भएका आदेश बदर गरी पुनः कानूनबमोजिम कारवाही अगाडि बढाउन परमादेश जारी गरिपाउँ भनी दिएको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।२।३१ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल असार २९ गते रोज ३ शुभम्।

८

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,**०६९-CI-१२७७, निषेधाज्ञा / परमादेश, *देवलाल श्रेष्ठ वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौंसमेत*

विपक्षीमध्येका रामकुमार श्रेष्ठ र सर्वज्ञबहादुर श्रेष्ठ अदालतबाट झिकाइएको म्यादमा उपस्थित नभए पनि निजहरू करारमा उल्लिखित बेहोरासमेतबाट मुद्दाको पक्ष देखिएबाट पनि निज विपक्षीहरूले निवेदकलाई पक्राउ गर्न लगाउनेसमेतका कार्य गरेका होइनन् भन्न सकिने अवस्था रहँदैन । अर्कोतर्फ लेनदेनको विवादका सम्बन्धमा फौजदारीरूपको कसुर गरेसरह निवेदकलाई पक्राउ गरी रकम दिलाउने, सो सम्बन्धमा कुनै कागज गराउने जस्तो प्रकृतिको कार्य गर्न फौजदारी न्यायको सिद्धान्तसमेतका आधारबाट पनि विपरीत हुने हुँदा निवेदकलाई पक्राउ गर्नेलगायत सो सम्बन्धमा अन्य कुनै कागज गराउने भन्ने अवस्था नरहने हुँदा पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।४।१० मा निवेदकको मागबमोजिम विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याई परमादेशतर्फ आदेश जारी गर्नु नपर्ने गरी भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल असार २९ गते रोज ३ शुभम्।

९

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७०-CI-००५३, परमादेश, *विजयकुमार मेहता वि. जिल्ला प्रहरी कार्यालय, सुनसरीसमेत*

अनुसन्धान गर्ने निकायसमेतबाट प्रहरी प्रतिवेदनमा आधारमा प्रस्तुत मुद्दा उठान भई कारवाही भैरहेको स्थितिमा पुनः सोही विषयमा निवेदकले अर्को निवेदन दिएकै आधारमा निवेदन मागबमोजिम परमादेशको आदेश जारी गर्नुपर्नेसम्मको अवस्था नदेखिने हुँदा जिल्ला प्रहरी कार्यालय, सुनसरीबाट

मिति २०६७।७।२४ मा निवेदकको घरमा बम राखिएको सम्बन्धमा प्रहरी प्रतिवेदनको आधारमा उक्त मुद्दा उठान भई अनुसन्धानको कारवाही भैरहेको अवस्थामा प्रस्तुत विषयमा पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६९।५।२५ मा परमादेशको निवेदन खारेज हुने ठहर्‍याई भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७२ साल असार २९ गते रोज ३ शुभम् ।

१०

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७०-CI-००६४, परमादेश / निषेधाज्ञा, *काठमाडौं जिल्ला, जोरपाटी गाविस वार्ड नं. ६ जोरपाटीस्थित कैलास ट्रेडर्स एन्ड सप्लायर्सको तर्फबाट अख्तियारप्राप्त दीपक कार्की वि. चितवन जिल्ला, भरतपुर नगरपालिका वडा नं. ४ नारायणगढ, चितवनमा कारखाना भई काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका दरबारमार्गस्थित यति डिस्टिलरी प्रा. लि.समेत*

पुनरावेदक र यति डिस्टिलरी प्रा.लि.बिच व्यापारिक कारोबारकै क्रममा कृषि विकास बैंकबाट कार्य सम्पादन जमानीपत्र जारी भएपछि सो तोकिएको अवधिभित्र यति डिस्टिलरी प्रा.लि. ले जमानत बसिदिएको कृषि विकास बैंकबाट भुक्तानी माग गर्नसक्ने नै हुँदा र कृषि विकास बैंकले भुक्तानीसम्बन्धी कारवाही अगाडि बढाउन सक्ने हुँदा सोही क्रममा पुनरावेदक कैलाश ट्रेडर्स एन्ड सप्लायर्सलाई पत्राचार गरेको कार्य करार ऐन, २०५६ को दफा १५ को उपदफा (१)(२) र (३) विपरीत नदेखिँदा पुनरावेदन अदालत, विराटनगरबाट प्रस्तुत विवादमा परमादेशयुक्त निषेधाज्ञा जारी नगरी निवेदन खारेज हुने ठहराएको मिति २०६९।१२।७ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७२ साल असार २९ गते रोज ३ शुभम् ।

११

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७०-CI-०२९२, निषेधाज्ञा, *रविन्द्रबहादुर सुनार वि. जिल्ला वन कार्यालय, डडेलधुरासमेत*

निषेधाज्ञाको आदेश जारी हुनका लागि निवेदकले निवेदनमा उल्लेख गरेबमोजिमको जग्गा निज निवेदकका नाममा हक हुन आएको स्पष्ट लिखित प्रमाण पेस गर्नुपर्ने हुन्छ । निवेदकका नाममा जग्गा प्राप्त भएको या निजको हकको स्रोत भएको कुनै वस्तुनिष्ठ आधार प्रमाणबेगर निषेधाज्ञाको आदेश जारी हुन सक्दैन । यी निवेदकले निवेदनमा उल्लिखित विवादित जग्गा आफ्नो नाममा निर्विवाद हक हुन आएको भनी निर्विवाद हक भोग प्रमाणको कुनै लिखत पेस नगरेको अवस्थामा पुनरावेदन जिकिरबमोजिम निषेधाज्ञाको आदेश जारी हुने अवस्था नरहने हुँदा पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०६९।१२।१२ मा प्रस्तुत निवेदन खारेज हुने ठहर्‍याई भएको आदेश मिलेकै देखिँदा उक्त आदेश सदर हुने ।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल असार २९ गते रोज ३ शुभम् ।

१२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७०-CI-०२९५, उत्प्रेषण / परमादेश,

*श्यामकुमार मगरदैता वि. जिल्ला प्रहरी कार्यालय, सुनसरीका प्रहरी प्रमुखसमेत*

आफू बहाल रहेको सेवा छाडी औषधि गर्ने क्रममा यी पुनरावेदकले आफू कार्यरत् निकाय वा अधिकारीलाई औषधि उपचारका क्रममा डाक्टरको सम्पर्कमा रहेकाले तत्सम्बन्धमा जानकारी गराएको भनी कुनै जिकिरसम्म पनि लिन सकेको पाइँदैन । अर्कोतर्फ यी पुनरावेदकका नाममा आफू कार्यरत् निकायमा उपस्थित हुन निजको घरदैलामा र गोरखापत्रमा समेत सूचना प्रकाशित गर्दासमेत निज उपस्थित हुन आएको नपाइने।

प्रहरी सेवा जस्तो अति संवेदनशील विशिष्ट प्रकृतिको सेवामा कार्यरत् रहेका यी पुनरावेदक आफूखुसी आफू कार्यरत् निकाय छाडी आफूलाई तोकिएको जिम्मेवारी पुरा नगरी लामो समयसम्म सम्पर्क गरेको अवस्था देखिँदैन । निज सम्पर्कविहिन भएपश्चात् निजलाई खोजतलास गर्दासमेत फेला नपरेको भन्नेसमेतको आधारमा निजलाई सूचनाको मौका प्रदान गरी सो अवधिपश्चात् अधिकारप्राप्त निकाय जिल्ला प्रहरी कार्यालय, सुनसरीबाट यी पुनरावेदकलाई प्रहरी नियमावली, २०४९ को नियम ८८(ङ) र (झ) को कसुरमा ऐ. नियम ८४(छ) बमोजिम भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी मिति २०६६।१२।३ मा निर्णय गरी सो निर्णयलाई पुनरावेदन सुन्ने निकाय क्षेत्रीय प्रहरी कार्यालय, विराटनगरबाट मिति २०६८।२।११ मा सदर गर्ने गरी भएको निर्णयलाई अन्यथा मान्न मिल्ने नदेखिने हुँदा पुनरावेदन अदालत, विराटनगरबाट निवेदन मागबमोजिम उत्प्रेषण एवम् परमादेशको आदेश जारी नगरी प्रस्तुत निवेदन खारेज गर्ने गरी भएको मिति २०६९।१।४ को आदेश मिलेकै देखिँदा सो आदेश सदर हुने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७२ साल असार २९ गते रोज ३ शुभम्।

१३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७०-CI-०७८८, निषेधाज्ञा, *राजेन्द्र धमला वि. निरबहादुर दाहाल*

प्रत्येक नागरिकलाई संविधान एवम् कानूनको अधीनमा रही आफ्नो सम्पत्तिको भोग गर्ने, बेचबिखन गर्ने एवम् आफ्नो सम्पत्तिमार्फत अन्य व्यवसायिक लाभ प्राप्त गर्नेलगायतका अधिकार निजमा निहित रहने र सोसम्बन्धी अधिकार संविधानले समेत ग्यारेन्टी गरेको पाइन्छ । संविधान प्रदत्त नागरिकका यस्ता निजी अधिकारहरूलाई संविधान एवम् कानूनको परिधिभन्दा बाहिर गई कोही कसैले त्यस्ता साम्पत्तिक अधिकारमाथि कुनै प्रकारको अङ्कुश लगाउन मिल्दैन र कोही कसैबाट संविधान एवम् कानूनविपरीत निजी सम्पत्तिमा हस्तक्षेप गर्न पनि नमिल्ने।

निवेदकले आफ्नो नाममा निर्विवाद हक भोग रहेको जग्गामा व्यवसायिक लाभ प्राप्त गर्ने उद्देश्यले कानूनबमोजिम निजले निवेदनमा उल्लेख गरेबमोजिम राइस मिल सञ्चालन गर्नसक्ने नै हुँदा सो राइस मिल सञ्चालन गर्नबाट विपक्षीहरूले रोक्न सक्ने अवस्था रहँदैन । जहाँसम्म विपक्षीहरूले लघु जलविद्युत् परियोजना सञ्चालन गर्नका लागि विभिन्न जग्गाहरू खरिद गरी भवन निर्माण गरेको भन्ने जिकिर लिएपनि निवेदकको सहमती विना निजको जग्गामा लघु जलविद्युत् परियोजनाको भवन निर्माणसमेत गर्नसक्ने अवस्था रहँदैन । यदि निवेदककै जग्गासमेतमा पर्ने गरी विपक्षीहरूले लघु जलविद्युत् परियोजना राख्ने हो

भने निवेदकसँग सहमति लिई सो परियोजनाको भवन निर्माणसमेत गर्नसक्ने नै हुँदा निवेदकको निर्विवाद हक भोग स्वामित्वको जग्गासमेतमा पर्ने गरी निवेदकको सहमति नलिई हस्तक्षेप गर्नसक्ने अवस्था नरहने हुँदा निवेदकको निर्विवाद हक भोग रहेको कि.नं. १६०९ को जग्गामा प्रवेश गरी कुनै किसिमको कार्यसमेत नगर्नु गर्न नलगाउनु भन्नेसमेतको विपक्षीहरूका नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०६९।३।२४ मा जारी भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: रामशरण तिमिल्सीना

इति संवत् २०७२ साल असार २९ गते रोज ३ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्द कुमार उपाध्याय,** ०६९-CR-००१४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दीपकबाबु सिलवालसमेत*

कुटपिटमा कुनै घातक किसिमको जोखिमी हतियारको प्रयोग गरिएको भन्ने पनि मिसिल संलग्न कुनै प्रमाण कागजबाट देखिँदैन। निज प्रतिवादी कालु भन्ने रामु खत्रीको अदालतको स्वतन्त्रता पूर्वकको बयानसमेतबाट मृतकले नै पहिला आफूमाथि गरेको प्रहारको प्रतिक्रियास्वरूप आफूले मृतकलाई पिच सडकमा धकेल्दा मृतक सडकमा लडेको भनी स्वीकार गरेको अवस्था देखिँदा निज प्रतिवादीको यस्तो कार्य मनसाय प्रेरितको र पूर्वयोजना मुताबिक सम्पन्न गरेको भन्ने नदेखिँदा निजले गरेको कसुरउपर ज्यानसम्बन्धीको १३(३) आकर्षित हुने अवस्था देखिन नआउने।

प्रतिवादी दीपकबाबु सिलवाललाई सफाई दिएको नमिलेको भन्ने सम्बन्धमा वादी पक्षले पुनरावेदनमा जिकिर लिएको भए पनि वादी पक्षले सो जिकिरको भरपर्दो र तथ्ययुक्त प्रमाणबाट पुष्टि गराउन सकेको मिसिल संलग्न कुनै प्रमाणबाट देखिँदैन भने सहअभियुक्त रामु खत्रीले अदालत एवम् अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा दीपकबाबुले मृतकमाथि चोट छोडेको भन्न नसकेको समेतका आधार कारणबाट वारदातस्थलमा उपस्थित रहेकै मात्र आधारमा निज प्रतिवादी दीपकबाबु सिलवाल प्रस्तुत मुद्दाको वारदातका कसुरदार रहेछन् भन्न मिलेन। प्रत्यक्ष र भरपर्दो प्रमाणको अभावमा कसैलाई पनि फौजदारी अभियोगमा कसुरदार कायम गर्न मिल्दैन। अनुमान र शंकाको भरमा कसै उपर दोष थोपर्न र दोषी ठहर गर्न मिल्दैन। प्रतिवादी दीपकबाबु सिलवालले मृतकलाई हात हाली कुटपिट गरेको तथ्य नै विवादित रही प्रमाणबाट निजउपरको कसुर स्थापित हुन नसकेकोबाट निजलाई कसुरदार कायम नगरी सफाइ दिएको सुरूको सदर गरेको पुनरावेदन अदालत, पोखराको इन्साफलाई अन्यथा भन्न नमिल्ने प्रतिवादी कालु भन्ने रामु खत्रीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १०(दश) वर्ष कैद हुने र प्रतिवादी दीपकबाबु सिलवाललाई अभियोग दाबीबाट सफाइ दिने गरि सुरू लमजुङ जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०६८।११।२२।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल मङ्सिर २३ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०४६०, २०६४/०६५ को मूल्य अभिवृद्धि कर, *टेकबहादुर खत्री वि. राजकुमारी तोदी*

प्रत्यर्थी उद्योगले वास्तविकरूपमा भएको उत्पादनभन्दा घटी उत्पादन भएको देखाई घटी उत्पादन भएजतिको हकमा मूल्य अभिवृद्धि कर तिर्न नपर्ने भनी लिएको जिकिरको खण्डन गर्ने सम्बन्धमा उद्योगको वास्तविक उत्पादन यति नै हो भनी एकिनरूपमा वादी पक्षले आधारसहित पुष्टि गर्न सकेको देखिँदैन । प्रत्यर्थी उद्योगको जस्तै प्रकृति भएको अर्को उद्योगले गरेको उत्पादनकै अनुपातमा प्रत्यर्थी उद्योगले पनि उत्पादन गरेको हुनुपर्छ भनी अनुमानको आधारमा उत्पादन परिमाण कायम गर्न मिल्दैन । वास्तविक उत्पादन कति भएको हो त भन्ने सम्बन्धमा वास्तविक सबुत प्रमाण प्रस्तुत गरेर देखाउन सक्नुपर्छ । अनुमानको आधारमा कर लिने कुरा करसम्बन्धी सिद्धान्तले मिल्दैन । प्रत्यर्थी उद्योगले वास्तविक उत्पादन नदेखाई घटी उत्पादन भएको भन्ने देखाएको कुरालाई अर्को उद्योगको उदाहरण देखाई स्वीकार नगर्ने पुनरावेदकबाट प्रत्यर्थी उद्योगले उत्पादन गरेको माल वस्तु के कति परिमाणको हो र सोको कसलाई बिक्री गरेको हो भन्ने सम्बन्धमा सो स्पष्ट देखिने प्रत्यक्ष प्रमाणले पुष्टि गराउन सकेको देखिँदैन । त्यसको लागि स्पष्ट आधार र प्रमाण चाहिन्छ । अनुमान गरिएको कुराले प्रमाणको स्थान ग्रहण गर्दैन । खपत भएको कच्चा पदार्थबाट हुनुपर्ने परिमाणभन्दा यथार्थमा कम उत्पादन भएको देखाएकालाई विश्वास नगरी सो घटी उत्पादनलाई उत्पादन भएकै मानी अनुमानित परिमाणको बिक्री मूल्य कायम गर्न कानूनत: नमिल्ने ।

प्रत्यर्थी उद्योगले लेखा सिद्धान्तअनुरूप राखेको कच्चा पदार्थ खपत र उत्पादन भएको भनी देखाएको परिमाणलाई पुनरावेदक कार्यालयले अन्यथा भन्न नसकेको र प्रत्यर्थी उद्योगको उत्पादनको सम्बन्धमा निर्धारित नर्म्सअनुसार उत्पादन भएको भन्न र लेख्न नसकी प्रत्यर्थी उद्योगको जस्तै उत्पादन गर्ने अर्को उद्योगले देखाएको उत्पादनको परिमाणलाई आधार मानी प्रतिवादीले घटी उत्पादन भएको भनी देखाएकालाई मान्यता नदिई सो घटि देखाएको जतिलाई पनि उत्पादन भएको मानी करयोग्य आयमा समावेश गर्ने गरिएको विवादित अङ्क रकम रू.१५,४५,८९४।०० (पन्ध्र लाख पैंतालीस हजार आठसय चौरानब्बे) लाई करयोग्य आयमा समावेश नहुने भनी यसै लगाउको यिनै पक्ष विपक्ष भएको आयकर मुद्दामा राजस्व न्यायाधिकरण, विराटनगरले गरेको निर्णय सदर हुने भनी आजै यसै इजलासबाट निर्णय भएकाले सो मुद्दामा गरिएको व्याख्या र विश्लेषणका आधारमा त्यसरी कायम गरिएको रकममा लगाइएको मूल्य अभिवृद्धि कर र जरिवाना लगाउने गरी भएको आन्तरिक राजस्व कार्यालय, विराटनगरको निर्णय, अन्तिम कर निर्धारण आदेश तथा आन्तरिक राजस्व विभागको प्रशासकीय पुनरावलोकनसमेत नमिलेको भनी उल्टी गरेको राजस्व न्यायाधिकरण, विराटनगरको फैसला अन्यथा नदेखिँदा परिवर्तन गर्न नपर्ने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल मङ्सिर २३ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६८-CR-०४६१, २०६४/०६५ को आयकर, *टेकबहादुर खत्री वि. राजकुमारी तोदी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-०५३१, सरकारी कागज किर्ते ठगी, *नेपाल सरकार वि. अशोककुमार यादवसमेत*

प्रतिवादी अशोक कुमारको विवादित जग्गाको नक्कली कागजात तयार गर्नेलगायतको कार्यमा कुनै संलग्नता रहेको भन्ने प्रमाणले पुष्टि हुन नसकेको र जग्गा व्यवसायीले पारिश्रमिकस्वरूप लिएको रकमलाई ठगी गरिलिएको भनी कुनै सबुत प्रमाणबेगर भन्न नमिल्ने हुँदा निजउपरको अभियोग दाबी स्थापित हुन सकेको नदेखिने।

प्रतिवादी परमानन्द महतोले आफ्नो नाउँमै नभएको जग्गालाई किर्ते व्यहोराबाट लालपुर्जासमेत बनाई, मालपोतसमेत तिरी रसिद लिई नभएको कुरालाई भएकोजस्तो भान हुने गरी जाहेरवालालाई नक्कली जग्गा खरिद गराउन लागेको भन्ने कुरा सहअभियुक्तहरू अशोककुमार र हजरतमिया धोबफको बयानबाट समेत खुलेको देखिन्छ। सो कार्यको लागि लेखनदास छोटेलाल महतो धानुकले प्रतिवादी परमानन्दलाई पूर्णरूपमा सहयोग गरेको देखिन आउँछ। मालपोत कार्यालयको स्रेस्ताबाट विवादित जग्गा जग्गाधनि रतनलाल सङ्घईको नाममा यथावत्रूपमा रहेकोसमेतबाट प्रतिवादीहरूको कार्य कानूनविपरीतको भन्ने देखिन आउने।

अर्कैको नाममा रहेको जग्गालाई मेरो हो भनी बिक्री वितरण गर्ने तारतम्यता मिलाउँदै हिँड्ने कार्यले प्रतिवादीको बेइमानीपूर्ण व्यवहारको स्पष्टसँगै प्रमाणित भएको देखिन्छ । प्रतिवादी परमानन्दको नाउँको जग्गा हुन्थ्यो भने मालपोत कार्यालयमा जग्गा पास गर्न गएकामा विवादित जग्गा अर्कैको नाउँमा रहेको थाहा भएपछि भाग्न नपर्नेमा भागेको देखिएबाट निज प्रतिवादीहरूले दाबीको कसुर गरेकै भन्ने देखियो । प्रतिवादीहरू परमानन्द महतो धानुक र छोटेलाल महतोले सुरू बारा जिल्ला अदालतबाट जारी भएको समाह्वानको म्यादै गुजारी आफूउपरको अभियोग दाबीको खण्डन गर्ने अवसरसमेतलाई परित्याग गरी म्यादमा फरार रहेको र म्यादको सम्बन्धमा समेत कतैबाट प्रश्न नउठेको देखिँदा निजहरूलाई सजाय गरेको जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसलालाई त्रुटिपूर्ण रहेको भन्न मिलेन । अदालतले जारी गरेको म्यादमा समेत नआई न्याय प्रशासनको काममा अदालतलाई सहयोग गरी आफू विरूद्धको आरोपको खण्डनसमेत गर्ने कार्यकोसमेत स्वेच्छाले परित्याग गर्ने निज प्रतिवादीहरूको हकमा प्रस्तुत पुनरावेदनको रोहमासमेत केही बोलिरहन नपर्ने।

प्रतिवादीहरू अशोककुमार यादव र हजरत मिया धोबीलाई क्रमशः ठगी र किर्तेतर्फ सजाय गरेको हदसम्मको सुरूको फैसला उल्टी गरी निजहरूलाई सफाई दिएको र प्रतिवादीहरू परमानन्द महतो धानुक र छोटेलाल महतो धानुकलाई सुरूले किर्ते कागजको ७ नं. अनुसार सजाय गरी निजहरूबाट बिगोसमेत जाहेरवालालाई भराइदिने र ऐ.को १२ नं. अनुसार थप निजहरूलाई जनही एक वर्ष कैदसमेत गर्ने ठहर्‍याएको हदसम्मको सुरूको सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६५।३।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल मङ्सिर २३ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-१०६९४, कर्तव्य ज्यान, *सुरज राई वि. नेपाल सरकार*

मृतकको घाँटीमा हातले थिचिसकेपछि पनि मृतक मरे नमरेको सम्बन्धमा सतर्कतापूर्वक विचार गरी नमरेको हो कि जस्तो लागि अन्तमा मृतककै सलले घाँटीमा कसी मारेको अवस्था देखिएकाले अ.बं. १८८ नं. बमोजिम प्रतिवादीलाई सजायमा रियायत दिँदा फौजदारी न्याय सिद्धान्तकै विपरीत हुन जाने।

वारदातको प्रकृतितिर्फ विचारै नगरी प्रतिवादीलाई ठहर भएको सजाय घटाउन मिल्ने स्वविवेकीय अधिकार न्यायकर्तालाई हुन्छ भन्ने अ.बं. १८८ नं. को कानूनी व्यवस्थाको मकसद होइन। अ.बं. १८८ नं. को प्रयोग गर्ने सम्बन्धमा न्यायकर्ता होसियार हुनैपर्छ । भावनामा आधारित भएर नभई घटनाको विश्लेषणबाट सजाय घटाउन मिल्ने नमिल्नेतर्फ न्यायकर्ता निष्कर्षमा पुग्न जरूरी हुन्छ। सजाय घटाउन मिल्ने पर्याप्त आधारविना नै प्रतिवादीलाई कम सजाय तोक्न मिल्दैन । आफूलाई प्रेममा धोका दिनेलाई नमारी नछोड्ने भन्ने निष्कर्षमा पुगी प्रतिवादीले पूरा होस हवासकासाथ मृतकलाई मारेको अवस्था हुँदा प्रतिवादीले अ.बं. १८८ नं. बमोजिमको सुविधा प्राप्त गर्न सक्दैन। प्रतिवादी आफैँ पनि प्रहरीको भूमिकामा रहेको देखिएको र यस्तो जनताको जीउ ज्यानको सुरक्षा गर्ने भूमिकामा रहेको व्यक्तिबाटै कसैको ज्यान लिने काम हुन्छ भने यस्तो कसुरदारलाई सजाय गर्ने कुरामा झन् बढी संवेदनशील हुनुपर्ने।

मृतकलाई मार्दा प्रतिवादीको क्रियाकलापको विश्लेषण गर्दा मृतकको कारणले मानसिकरूपमा प्रतिवादी उत्तेजित भई त्यसैबाट मानसिक संयमता गुमाई तत्कालै केही गर्दा मृतकको ज्यान गुम्न गएको भन्ने पनि प्रस्तुत मुद्दाको वारदातको परिस्थितिबाट देखिँदैन । मृतक आफूसँग जान नमानेको कारण आफूलाई प्रेममा धोका दिएकीले नमारी नछोड्ने निष्कर्षमा पुगेरै पहिला मृतकको घाँटीमा हातले थिचिरहेको र हातले मात्र थिच्दा नमरेको भन्ने लागि फेरी मृतककै सलले घाँटीमा कसी मारेको अवस्थाबाट प्रतिवादीले घटाएको अपराधको गम्भिरतामा गुणात्मकरूपले वृद्धि भएको देखिँदा सो अवस्थालाई मध्यनजर राख्दा मुलुकी ऐन, अ.ब. १८८ नं. बमोजिम कम सजाय गर्ने गरी प्रतिवादीलाई कैद सजायमा रियायत दिने गरी पुनरावेदन अदालतले व्यक्त गरेको रायलाई फौजदारी कानून एवम् यस विषयमा यस अदालतबाट विकसित भइरहेका न्यायिक सिद्धान्तसमेतबाट मनासिब भन्न नमिल्ने हुँदा सो राय समर्थन हुँदैन । प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैदको पूरै सजाय हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल माघ १२ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-१२९४, मानव बेचबिखन, *जगतकुमारी बस्नेत वि. नेपाल सरकार*

कसुरबाट बच्ने उद्देश्यले प्रतिवादी पक्षबाट आर्थिक प्रलोभनलगायतका विभिन्न हतकण्डा प्रयोग गरी जाहेरवालीलाई प्रतिकूल हुने गरी अदालतमा बकपत्र गर्न लगाइएको हुन सक्ने कुरालाई मानव बेचबिखन जस्तो सङ्गठित अपराधको कोटीमा पर्ने अपराधको सन्दर्भमा कुनै नौलो कुरा मान्नु पर्ने हुँदैन । सङ्गठित अपराधको सञ्चालन निकै उच्चस्तरको योजना मुताबिक हुने गर्दछ । यस्तो उच्चस्तरको योजनाद्वारा आपराधिक क्रियाकलाप सञ्चालन गर्नेहरूले अपराधबाट पीडित भएकालाई विभिन्न तरिका अपनाई आफ्नो अनुकूलको अभिव्यक्ति दिने अवस्थासम्म पनि पुर्‍याएका हुनसक्ने।

वैदेशिक रोजगारीमा मानिस पठाउनको लागि त्यस्तो व्यवसाय गर्नेले कानूनबमोजिमको आधिकारिक निकायबाट इजाजतपत्रसमेत प्राप्त गरेको हुनु पर्नेमा प्रतिवादीले आफू वैदेशिक रोजगारको इजाजत प्राप्त व्यवसायी हुँ भन्ने प्रमाणसमेत दिन नसकेकोबाट निज प्रतिवादी वैदेशिक रोजगारको काम गर्ने व्यक्ति हुन् भनेर मान्न पनि मिलेन । निजले जाहेरवालीलाई विदेश पठाउनको लागि पासपोर्ट बनाई दिने प्रलोभन देखाई झुट्ठा कुरा गरी बेचबिखनको योजना बनाउँदै गरेको र सोही अवस्थामा पक्राउ परेको देखिँदा निजको योजनाको पुष्टि भएको देखिएबाट निज प्रतिवादी जगतकुमारी बस्नेतलाई मानव बेच बिखन तथा ओसार पसारतर्फको उद्योग गरेको ठहर्‍याई सजाय गरेको सुरूको सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादीहरू महमद अलि र जगतकुमारी बस्नेतलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) को कसुर भएकामा सो कसुर सम्पन्न हुन नपाई उद्योगसम्मको कार्य भएको अवस्था हुँदा ऐ. ऐनको दफा १५(१)(ज) बमोजिम जनही ५(पाँच) वर्ष कैद र रू. २५०००।- (पच्चिस हजार रूपैयाँ) जरिवाना गर्ने गरेको सुरू कञ्चनपुर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६६।११।५।४ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल माघ १२ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-WO-००७६, उत्प्रेषण / परमादेश, *मथुराराम श्रेष्ठसमेत वि. अखिल नेपाल फुटबल सङ्घ एन्फा हाउस, सातदोबाटो, ललितपुरसमेत*

गैरसरकारी संस्थाबाट बनाइएको विधानअन्तर्गतको हक अधिकारमा आघात पुगेकाले उपचार दिलाई पाउँ भन्ने विवादको समाधान यस अदालतको असाधारण अधिकारक्षेत्रको प्रयोगबाट हुन सक्तैन । हक हनन् भएको भनी उपचार माग्न आएको सम्बन्धित विधानलाई नेपाल कानूनको सङ्ज्ञा दिन नमिल्ने भएको भन्ने कुराको सन्दर्भमा बृहत् व्याख्या भई रिट निवेदन खारेज हुने भनी यस अदालतबाट डा. सोमप्रसाद पुडासैनी विरूद्ध नेपाल परिवार नियोजन सङ्घसमेत भएको उत्प्रेषणसमेत विषयको रिट निवेदनमा कानूनी सिद्धान्त प्रतिपादन भई *ने.का.प.* २०५२, नि.नं. ५०७८, अङ्क ४ मा नजिर प्रकाशित भएको देखिन्छ । अत: उल्लिखित नजिरका साथै अखिल नेपाल फुटबल सङ्घको विधान नेपाल कानूनको अङ्ग नभएकाले त्यस्तो विधानको विषयमा प्रवेश गरी वैधता जाँच गरी उपचार दिन यस अदालतको असाधारण अधिकारक्षेत्र ग्रहण गर्न नमिल्ने भएकाले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल असार १ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-०१५५, उत्प्रेषण / परमादेश, *इन्दु न्यौपानेसमेत वि. लमजुङ जिल्ला, बेसीसहर गा.वि.स. समेत (हाल परिवर्तित लमजुङ न.पा., लमजुङ)*

सार्वजनिक धारा, कुवा, पोखरी, पँधेरो आदि भत्की बिग्री नोक्सान हुन लागेको हो भने त्यस्तो विषयमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९(६) अन्तर्गत व्यवस्था गर्न सकिने नै देखिन्छ । गा.वि.स.लाई

कुलो मिचे भत्काएको मुद्दा ग्रहण गरी निर्णय गर्नसक्ने अधिकार हुने भनी रिट निवेदकहरूले निवेदनमा स्पष्ट कानूनी आधार खुलाउन सकेको अवस्था पनि देखिँदैन । कुलो पानीको संरक्षणमात्रको प्रश्न लिएर प्रस्तुत निवेदन आएको नभई निजी विवादको विषयलाई लिएर आएको देखिन्छ । नितान्त निजी स्वार्थ वा विवादलाई सार्वजनिक स्रोत संरक्षणको रूप दिई निवेदकहरू सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्राधिकारभित्र प्रवेश गर्दैमा त्यस्तो विषयलाई ग्रहण गरी उपचार दिन सकिने अवस्था रहँदैन। प्रमाण बुझी न्याय निरूपण गर्नुपर्ने विवादग्रस्त हक दायित्वको विषयमा असाधारण अधिकारक्षेत्र आकृष्ट हुन पनि नसक्ने हुँदा सार्वजनिक स्रोत संरक्षणको नाउँमा सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत मुद्दा लिई निजी विवादको विषयमा न्याय निरूपण गर्न नसकिने भएकाले रिट निवेदकहरूको मागबमोजिमको आदेश जारी हुन सक्दैन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल माघ २० गते रोज ३ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोपाल पराजुली,** ०६७-CR-०३९०, जीउ मास्ने बेच्ने, *जितबहादुर तामाङसमेत वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीहरूले स्वयम् अदालतमा उपस्थित भई निजहरूको कसुर अपराधमा रहेको भूमिका र संलग्नता सम्बन्धमा गरेको साबिती बयान, मौकामा कागज गर्ने शान्ता बस्नेतले गरेको बकपत्रसमेतका कागज प्रमाणबाट प्रस्तुत वारदातमा निजहरूसमेतको संलग्नता रहे भएको देखिन आएकाले निजहरूको पुनरावेदन जिकिर विश्वासलायक भएको भनी मान्न नमिल्ने।

प्रस्तुत वारदातमा पीडितलाई बेचबिखन गर्ने कार्यको मुख्य योजनाकार गणेश तामाङ रहेको भन्ने र सो कार्यमा यी पुनरावेदक प्रतिवादीहरूले समेत परिपञ्च मिलाउने, सहयोग पुर्‍याउने जस्ता कार्य गरेको पुनरावेदक प्रतिवादीहरूको बयान कागज र घटना विवरण कागज गर्ने माइती नेपालकी कर्मचारी शान्ता बस्नेतको कागज प्रमाणबाट पुष्टि हुन आएकाले पुनरावेदन अदालत, इलामको फैसला सो हदसम्म मिलेको देखिन नआउने हुँदा पुनरावेदक प्रतिवादीहरूलाई जीउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३ को दफा ४(क) को कसुरमा ऐ. ऐनको दफा ८(१) बमोजिम १० वर्ष कैद सजाय हुने ठहर गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६७/२/९ को फैसला केही उल्टी हुन्छ। पुनरावेदक प्रतिवादीहरूले उक्त ऐनको दफा ४(घ) बमोजिमको कसुर अपराध गरेको देखिएकाले सोही ऐनको दफा ८(४) बमोजिम जनही ५ वर्षसम्म कैद हुने।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७२ साल साउन २५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-RC-०००२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. फणिन्द्र भन्ने फौदबहादुर थपलिया*

प्रस्तुत विवादमा प्रतिवादीले रामेश्वरी थपलिया र राजेन्द्रप्रसाद थपलियासमेतले ज्यानमारा

भन्ने गरेको र सोदिन बिहान पनि निजहरूले प्रतिवादीलाई ज्यानमारा भनेको विषयमा विवाद उठी सुरूमा भनाभन र वादविवाद भई पछि सोही रिसको आवेगमा लाठीले कुटपिट गरेको भन्ने देखिन्छ । त्यस कुरालाई प्रतिवादीले अन्यथा भन्न सकेको देखिँदैन । यसरी घटनास्थलमा बरामद भएको लाठी प्रतिवादीले सनाखत गरेको, मौकामा कागज गर्ने मानिसहरूले विश्वसनीयरूपमा घटनाको पुष्टि हुने गरी लेखाइ दिएकोसमेतको अवस्थाबाट दुर्गालक्ष्मी थपलियाको प्रतिवादी फौदबहादुर थपलियाले प्रहार गरेको लाठीको चोटबाट घाइते भई ओम अस्पतालमा उपचार गर्दागर्दैको क्रममा मिति २०६५।१२।२८ गते मृत्यु भएको तथ्य शङ्कारहितरूपमा पुष्टि हुन आएबाट पुनरावेदन अदालत, पाटनले प्रतिवादी फौदबहादुर थपलियालाई सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको फैसलामा अन्यथा नदेखिने हुँदा काभ्रेपलाञ्चोक जिल्ला अदालतले प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई गरेको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।१।२४ को फैसला मिलेकै देखिँदा साधकको रोहमा सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल भदौ ११ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-RC-०११३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुनिल परियार*

वारदात प्रतिवादी गाँजा र रक्सीको नशामा लठ्ठ भएको अवस्थामा रातको ११.०० बजे भएको छ । गाँजा र रक्सीको नशामा लठ्ठ भएका प्रतिवादीले आफूले को कसकसलाई खुकुरी प्रहार गरेको भन्ने कुरा थाहा नपाउनु स्वाभाविक हुनसक्छ । कुनै पनि व्यक्तिको शरीरमा घाउ चोटपटक लाग्नुको अतिरिक्त घाँटी काटिएको अवस्थामा भेटिनु सामान्य अवस्था होइन । त्यो विषम परिस्थिति हो । प्रतिवादीले ती अपरिचित व्यक्तिलाई खुकुरी प्रहार गरेको होइन भनी इन्कारी रहे पनि मिसिल संलग्न प्रमाणहरूले घटना, घटनाको अवस्था, एकआपसमा भएको झगडा, झगडा भएको समय र घटनाको प्रकृतिलाई यथेष्ट चित्रण गर्दछ भने इन्कारी बयान प्रमाण मूल्याङ्कनको रोहमा खण्डित हुन्छ । आफूले गरेको बयान खण्डित भएको अवस्थामा त्यसको परिणाम त्यस्तो बयान गर्ने व्यक्ति कसुरदार हुने कुरामा अन्यथा नहुने हुँदा पुनरावेदन अदालत, पाटनको फैसला तथ्यगतरूपमा अन्यथा देखिन नआउने हुँदा प्रतिवादी सुनिल परियारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय (१) नं. को कसुरमा सोही नम्बरबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।४।२७ मा भएको फैसला सदर गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।३।२० को फैसला मिलेकै देखिँदा साधकको रोहमा सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल भदौ ११ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-RC-०१२३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कमला गोले तामाङ*

कानूनको सुविधा उपयोग गर्दा कानूनद्वारा निर्धारित सीमाभित्र रहनु पर्दछ । महिलालाई ज्यान मारेको कसुर नलाग्न जुल्मीले महिलालाई जबरजस्ती

करणी गर्ने मनसाय लिई उद्योग गरी हातपात, छेकथुन, बाँध, छाँद इत्यादि जोरजुलुम गर्न लागेको हुनुपर्छ । त्यस बखत महिलाले जुल्मीको पञ्जाबाट उम्की भागी आफ्नो धर्म बचाउन कराई हारगुहार वा मद्दत मागेको हुनुपर्छ । हारगुहार वा मद्दत माग्दा पनि सो नपाएको अवस्था परी जुल्मीबाट आफ्नो सतित्व नष्ट हुनेसम्मको डर त्रासमा परी सतित्व बचाउन आफ्नो अक्कल बर्कतले ज्यान मार्ने महिलाले आत्मरक्षाको सुविधा पाई कसुरबाट उन्मुक्ति पाउने अवस्था आउने ।

प्रतिवादीले आफ्नो सतीत्व जोगाउन खोजेको भए हार गुहार गर्दासमेत मृतकको पन्जाबाट उम्कन सक्ने अवस्थाको विद्यमानता हुन्थ्यो । तर प्रतिवादीले हारगुहार केही नगरी पूर्वरिसइबि लिई खुकुरीले शरीरका विभिन्न भागमा पटकपटक प्रहार गरी कर्तव्य गरेको देखिए तापनि मुलुकी ऐन, अ.बं. १८८ नं. को कानूनी व्यवस्थाको सन्दर्भमा वारदात घटेको कारणसमेतलाई मनन् गर्दा प्रतिवादीलाई ५ वर्षमात्र कैद सजाय गर्दा धेरै कम सजाय हुने र पूरै सजाय गर्दा चर्को पर्ने अवस्था हुँदा पुनरावेदन अदालत, पाटनको ५ वर्षमात्र कैद सजाय हुने भनी घटी सजाय गर्ने रायसँग पूर्णत: सहमत हुन सकिएन । अपराधको परिस्थिति, प्रतिवादीको श्रीमान् घरबाहिर भई घरमा सानासाना छोराछोरी रहेका र उनीहरूको पालनपोषण, स्याहार सुसार प्रतिवादीले गर्नुपर्ने न्यायिक प्रक्रियालाई सहयोग गरेको कुरालाई मध्येनजर राखी विचार गर्दा निज प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम १२ वर्ष कैद सजाय गर्न मनासिब देखिने हुँदा प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।१२।२७ मा भएको फैसला मिलेकै देखिँदा साधकको रोहमा सदर हुने ठहर्छ । पुनरावेदन अदालत, पाटनले प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम पाँच वर्ष कैद सजाय हुने भनी व्यक्त रायको हदसम्म मिलेको नदेखिँदा सो हदसम्म बदर भई प्रतिवादीलाई १२ वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल भदौ ११ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०९०८, कर्तव्य ज्यान र चोरी, *माइली भन्ने अकजनी खड्का वि. नेपाल सरकार*

प्रतिवादीले वारदातको दिन घम्साघम्सी र हँसिया खोसाखोसको क्रममा मृतकको शरीरमा यत्रतत्र चोटपटक लाग्ने गरी धारिलो हतियार खुकुरीले प्रहार गरेको अवस्था देखिन्छ । उक्त कुरा मृतकको टाउको, गर्धन, हात, गोडा, कानलगायत शरीरका विभिन्न भागमा काटिएका चोटहरू रहेको भन्ने लास जाँच प्रकृति मुचुल्काबाट समर्थित हुन आएको छ । मृतक र प्रतिवादीबिच पुरानो इबि रहेको भन्ने कुरा सहअभियुक्त रामबहादुर खड्काको बयानसमेतबाट देखिन आएको छ । रिसइबिले मनसायप्रेरित भई योजना बनाई खुकुरीले पटकपटक प्रहार गरी कर्तव्य गरी मारेको वारदातमा आवेशप्रेरित हत्या भनी कम सजाय गर्ने अवस्था नहुने हुँदा दोलखा जिल्ला अदालतले प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई गरेको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदिका प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल भदौ ६ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-१३४१, १३४२, कर्तव्य ज्यान, *रूद्रप्रसाद आचार्य वि. नेपाल सरकार, भरत शाहसमेत वि. नेपाल सरकार*

प्रतिवादी रूद्रप्रसाद आचार्य खिमा शाहको घरमा आउने जाने क्रममा उनीहरूबिच अनैतिक यौन सम्बन्ध रहेको शङ्कामा गाउँलेहरूले मिति २०६६।९।९ मा खिमा शाहको कोठामा थुनी छोडेको र प्रतिवादीहरूको उक्त कुरा मृतकलाई नराम्रो लागी खिमा शाहलाई त्यस्तो नगर्न सम्झाउँदासमेत नसम्झी मृतकले उनीहरूको सो कुरा अन्यत्र भन्नसक्ने शङ्काले पनि कर्तव्य गरेको हुनसक्छ भन्ने तथ्य मौकामा कागज गर्नेले व्यक्त गरेको देखिन्छ । उपर्युक्तबमोजिम प्रतिवादीहरू र मृतक देवी शाहबिचको आपसी सम्बन्ध असामान्य रहेको समयमा भएको देवी शाहको मृत्यु सम्बन्धमा मौकामा कागज गर्नेले मृतकको मृत्यु कर्तव्यबाट भएकामा विश्वास लाग्छ भनेको, लास जाँच मुचुल्कामा मृतकको शारिरिक अवस्था अस्वाभाविक देखिनु र शव परीक्षण प्रतिवेदनमा अप्राकृतिक झुन्ड्याइएको कारण मृतकको मृत्यु भएको भन्ने व्यहोरालाई विशाल शाहको भनाइबाट विश्वासनीयरूपमा पुष्टि भई प्रतिवादीहरूको संलग्नता देखिँदा पुनरावेदन अदालतको फैसला अन्यथा देखिन नआउने हुँदा प्युठान जिल्ला अदालतले प्रतिवादीहरूलाई जन्मकैद हुने ठहर्‍याई गरेको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६८।८।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल भदौ ६ गते रोज १ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६५-CI-०६५७, लिखत दर्ता बदर, *राजीव मानन्धर वि. राधाकृष्ण मानन्धर*

मुलुकी ऐन, दानबकसको महलको १ नं. मा आफ्नो हक पुग्ने सम्पत्ति दान वा बकस गरिदिन हुन्छ भन्ने कानूनी व्यवस्था रहेको छ । यसरी दान बकसको १ नं. ले आफ्नो हक पुग्ने सम्पत्ति दान बकस गर्न पाउने कानूनी व्यवस्थाअनुसार यी पुनरावेदक प्रतिवादीका दाताले आफ्नो अंश हकको केही जग्गा र घर शेषपछिको बकसपत्र गरिदिएको कार्य कानूनबमोजिम नै देखिन आयो । आफ्नो हक पुग्ने सम्पत्ति आफूखुस गर्न पाउने नै हुँदा आफ्नो सम्पत्ति शेषपछिको बकस गरी दिएकामा चित्त नबुझ्ने पक्षले दान बकसको महलको ५ नं. बमोजिम हदम्यादभित्रै उजुरी गर्नु पर्नेमा सो म्यादभित्र उजुर नगरी हदम्याद नाघी उजुरी दर्ता भएको देखिएको छ । शेषपछिको बकसपत्र दिने वादीकी आमा मथुरादेवीको मृत्यु मिति २०५९।६।९ मा भएको भन्ने मिसिलबाट देखिएकाले निजको मृत्युपछि नै उक्त शेषपछिको बकसपत्रको लिखत क्रियाशील हुने भई सोही मितिबाट उक्त बकसपत्र लिखतको सम्पत्तिमा पाउने यी पुनरावेदक प्रतिवादी राजीव मानन्धरको हक पुगी सकेको र भोगचलन भएको मान्नु पर्ने हुनाले हक पुगेको मितिबाट २ वर्षभित्र वादीको प्रस्तुत नालेस नपरी निजले दा.खा. दर्ता गराएको मितिलाई आधार मानी मिति २०६१।१०।५ मा फिराद दिएको देखिँदा दान बकसको महलको ५ नं. बमोजिम पाउनेको हक पुगेको मितिले २ वर्षपछि हदम्याद नाघी फिराद दर्ता भएको देखिन आएकाले वादी दाबीबमोजिम आधा

जग्गा र घरको शेषपछिको बकसपत्र बदर हुने भनी पुनरावेदन अदालतबाट भएको फैसला मिलेको देखिन नआउने हुँदा शेषपछिको बकसपत्र दिने वादीकी आमा मथुरादेवीको मृत्यु मिति २०५९।६।९ मा भएकामा निजको मृत्युपछि नै उक्त शेषपछिको बकसपत्रको लिखत क्रियाशील हुने भई सोही मितिबाट उक्त बकसपत्र लिखतको सम्पत्तिमा पाउने  राजीव मानन्धरको हक पुगिसकेको र भोगचलन भएको मान्नु पर्ने हुनाले हक पुगेको मितिबाट २ वर्षभित्र वादीको प्रस्तुत नालेस नपरी निजले दा.खा. दर्ता गराएको मितिलाई आधार मानी फिराद दिएको देखिँदा दान बकसको महलको ५ नं. बमोजिम पाउनेको हक पुगेको मितिले २ वर्षपछि हदम्याद नाघी फिराद दर्ता भएको देखिन आएकाले वादी दाबीबमोजिम आधा जग्गा र घरको शेषपछिको बकसपत्र बदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६५।५।९ को फैसला नमिलेकाले उल्टी हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल चैत ९ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६६-CI-०९३३, नापी स्रेस्ता बदर गरी हक कायम गरी मेरो नाममा दर्ता गरिपाउँ, *आशबहादुर लिम्बू वि. सुखमाया लिम्बूसमेत*

खारेज गर्नुपर्ने फिरादपत्र खारेज नगरी वादी दाबी नपुग्ने ठहर्‍याई भएको जिल्ला अदालतले गरेको फैसला मिलेको नदेखिँदा सो हदसम्म उल्टी गरी पुनरावेदक वादीको पुनरावेदन जिकिर खारेज हुने ठहर्छ भनी  फैसला भएको देखिएकाले मुद्दाको परिणामविनाको मुद्दा, मुद्दाको लागि हुन नसक्ने हुदा वादी दाबी पुग्न नसक्ने र खारेज भन्ने दुवै फैसलाबाट वादीको हकमा एउटै परिणाम हुन आउने हुँदा प्रस्तुत मुद्दामा दुई अदालतहरूको फैसलामा घोषणात्मकरूपमा भिन्नता देखिए तापनि तात्त्विक असर केही परेको छ भन्न सकिने अवस्था नभएबाट न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा १ बमोजिम मुद्दा दोहर्‍याई पाउँ भनी निवेदन लिई आउनु पर्नेमा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) बमोजिम यस अदालतमा पुनरावेदन दर्ता हुन आएको देखिँदा पुनरावेदन अदालत, इलामको फैसलाउपर पुनरावेदन लाग्न नसक्ने हुँदा प्रस्तुत मुद्दा खारेज हुने ठहर्छ। यी पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७१ साल चैत ९ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६८-CI-०३९०, परमादेश, *आयुर्वेद विभाग, टेकु, काठमाडौं वि. सुरेन्द्र साह*

प्रतिवादी रिट निवेदकको लोक सेवा आयोगको प्रक्रिया पूरा गरी नियुक्त भएका वा बढुवा भएको भन्ने माग दाबी नभई अधिकृत छैठौं तहबाट अधिकृत सातौँ तहमा स्तर वृद्धि भएअनुसारको पदनामका लागि निवेदन परेकामा स्तर वृद्धि भइसकेपछि सो तहअनुसारको  पदनामको लागि उपचार खोज्न पाउने अधिकार रिट निवेदकलाई हुँदैन, छैन भनी भन्न मिल्दैन। यद्यपि स्तर वृद्धि र लोक सेवा आयोगको प्रक्रिया पूरा गरी नियुक्ति भएका कर्मचारीहरूबिच फरक स्थिति नै हुँदैन भनी व्याख्या गर्नसमेत मिल्ने नदेखिने।

प्रतिवादी रिट निवेदकले स्तर वृद्धि भएपछि पनि साबिकको पदले गर्नुपर्ने सेवा नै गर्नुपर्ने देखिए पनि सातौँ तहमा स्तरवृद्धि गरी पत्रसमेत दिएको भन्ने

मिसिलसंलग्न आयुर्वेद विभागले मिति २०६४।४।२८ मा रिट निवेदकलाई दिएको पत्रको प्रतिलिपिबाट देखिएको हुँदा त्यसरी स्तर वृद्धि गरी पत्र दिइसकेपछि स्तर वृद्धि र बढुवा भिन्न भएकाले सातौँ तहका लागि गरिएको स्तर वृद्धिबाट प्राप्त हुने पदनाम दिन मिल्दैन भनी सो तहका लागि कानूनद्वारा तोकिएको पदनाम दिई कानूनबमोजिम पदस्थापन गर्ने दायित्वबाट पुनरावेदकले पन्छिन मिल्नेसमेत हुँदैन । प्रतिवादी रिट निवेदकले कानूनबमोजिम सातौँ तहका लागि तोकिएको पदनामसम्म पाउने नै देखिने ।

आयुर्वेद चिकित्सकको पदनाम कानूनले आयुर्वेद समूहको आठौँ तहको लागि तोकिएको पदनाम भएको भन्ने देखिएको हुँदा सोअनुसारको पदनाम दिई पदस्थापन गर्न मिल्दैन । नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ३ मा आयुर्वेद समूहको सातौँ तहको लागि क्रमसङ्ख्या २५ मा वरिष्ठ आयुर्वेद कविराज भनी पदनाम तोकेको हुँदा प्रतिवादी रिट निवेदकलाई सोअनुसार वरिष्ठ आयुर्वेद कविराजको पदनाम दिई सातौँ तह कायमसम्म गर्न मिल्ने देखिए पनि निजले निवेदनमा जिकिर गरेअनुसार आयुर्वेद चिकित्सक कायम गर्न नमिल्ने हुँदा पुनरावेदन अदालत, पाटनको आदेश सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७१ साल चैत २४ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-WO-०९७९, परमादेश / उत्प्रेषण, *रावा इन्टरनेसनल बिजनेस प्रा. लि. को तर्फबाट अख्तियारप्राप्त केशुनध्वज कार्की वि. कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंसमेत*

कम्पनी ऐनअनुसार संस्थापित कम्पनीले कम्पनीको प्रबन्धपत्र, नियमावली र कम्पनी ऐनलाई मान्नु कम्पनीको दायित्वभित्र पर्दछ । कम्पनी रजिस्ट्रारको कार्यालयले कम्पनीहरूको रजिस्ट्रारको कार्यालयको कार्य गर्ने गरी कम्पनी ऐन, २०६३ को दफा २ को परिभाषामा व्यवस्था गरिएको छ । हरेक कम्पनीले रजिस्ट्रारको कार्यालयमा अनिवार्यरूपमा पेस गर्नुपर्ने कागजात, कार्यालयले माग गरेका कागजात र विवरण समयमा नबुझाएमा कानूनअनुसार जरिवाना निर्धारण गर्न कम्पनी रजिस्ट्रारको कार्यालयलाई कानूनले अख्तियार दिएको नै पाइयो । कम्पनी ऐन, २०६३ को दफा ८१ अनुसार सम्बन्धित कम्पनीले कुनकुन विवरण नबुझाउने कम्पनीलाई के कति जरिवाना गर्ने भन्ने सम्बन्धमा कम्पनी ऐनमा स्पष्ट व्यवस्था गरिएको र निज निवेदक कम्पनीले दाबी लिएजस्तो सबै विवरणको हकमा एकमुष्ट जरिवाना लगाउँदा कुनै कम्पनी एउटा विवरण नबुझाउने र सबै विवरण नबुझाउनेले एउटै र समान रकमको जरिवाना तिर्नु बुझाउनु पर्ने, दफा ८१ को विभिन्न उपदफामा उल्लिखित विवरण तथा प्रावधानको बिचमा समेत अन्तर रहनु नपर्ने र कर्तव्यको कुनै अंश पनि पालना नगर्ने र आंशिकरूपमा पालना गर्ने बिचको विभेद पनि कायम रहन नसक्ने हुन्छ । तसर्थ निवेदक कम्पनीलाई लगाएको कर जरिवाना स्वेच्छाचारी ढङ्गको नभई कम्पनी कानूनले निर्धारण गरेको परिधिभित्र रही कानूनअनुसार जरिवाना विभिन्न शीर्षकमा लगाएको देखिँदा कम्पनी रजिस्ट्रारको कार्यालयको कार्य अन्यथा भन्न नमिल्ने ।

निवेदक कम्पनीले जुन जरिवानाको विषयलाई लिएर प्रस्तुत निवेदन दिएको हो । सो रकम कम्पनी रजिस्ट्रारको कार्यालयमा रसिद नं. २०३९-७०/७१ मिति २०७०।५।४ मा भौचर नं. ३२४१०००१ बाट रू.३५,५००।- बुझाई सकेको देखिँदा आफूले तिर्नु

बुझाउनु पर्ने जरिवाना होइन भनि लिएको जिकिरलाई स्वीकार गरी त्यागेको हुँदा प्रस्तुत निवेदनको औचित्य समाप्त भएको देखिँदा मिसिल संलग्न कागजातहरूबाट निवेदक रावा इन्टरनेसनल बिजनेश प्रा.लि., बालाजुले आफूलाई लागेको जरिवानाको रकम मिति २०७०।५।४ मा बुझाइसकेको देखिँदा प्रस्तुत रिट निवेदनको औचित्य नभएको हुँदा खारेज हुने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WH-००७३, बन्दीप्रत्यक्षीकरण, *श्यामराज पाण्डेको हकमा नविना पन्त वि. महानगरीय प्रहरी प्रभाग, सिंहदरबार, काठमाडौंसमेत*

कानूनबमोजिम रिट निवेदिकाका पतिले म्याद बदर गरी अ.वं. १९४ नं. बमोजिम कैदको हकमा सुविधा प्रदान गरी पुनरावेदन दर्ता गरिपाउँ भनी अधिकारप्राप्त अधिकारीसमक्ष निवेदन दिएको देखिन्छ । म्याद बदर सम्बन्धमा कानूनबमोजिम अख्तियारप्राप्त अधिकारीसमक्ष निवेदन गरेको र सो निवेदनमा रित बेरीत हेरी जाँच गर्न बाँकी नै रहेको अवस्थामा अधिकारप्राप्त निकाय बैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट भएको फैसलाबमोजिम थुनामा भएकाले अहिले नै निवेदकलाई गैर कानूनी थुनामा राखेको भनी भन्न नमिल्ने ।

पुरूषोत्तम खतिवडाको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी श्यामराज पाण्डे भै चलेको वैदेशिक रोजगार ठगी मुद्दा वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।८।२६ मा फैसला हुँदा यी प्रतिवादीलाई १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।- जरिवाना हुने ठहरी फैसला भएको देखियो। सो फैसलाउपर यी प्रतिवादीले पुनरावेदनको म्याद बदर गरी पुनरावेदन दर्ता गरिपाउँ भनी निवेदन यस अदालतमा दिएकामा उक्त पुनरावेदन धरौटीमा रहेको अवस्थामा श्यामराज पाण्डे सोही मुद्दाको फैसला कार्यान्वयनको सिलसिलामा थुनामा रहेको पाइयो । यसरी कानूनबमोजिम यी रिट निवेदिकाका पतिले उक्त मुद्दाको म्याद बदर गरी अ.बं. १९४ नं. को सुविधा प्रदान गरी पुनरावेदन दर्ता गरिपाउँ भनी यस अदालतका रजिस्ट्रारसमक्ष निवेदन दिएको देखिन्छ । म्याद बदर सम्बन्धमा कानूनबमोजिम अख्तियार प्राप्त अधिकारीसमक्ष निवेदन गरेको र सो निवेदनमा रित बेरीत हेरी जाँच गर्न बाँकी नै रहेको अवस्थामा साधिकार निकायबाट भएको फैसलाबमोजिम रिट निवेदकका पति थुनामा भएको देखिएकाले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको रिट जारी हुने अवस्था नदेखिने हुँदा वैदेशिक रोजगार न्यायाधिकरणको फैसलाअनुसार श्यामराज पाण्डेलाई थुनामा राखिएको र पुनरावेदनको म्याद बदर सम्बन्धमा रित बेरीत हेरी निर्णय गर्न बाँकी रहेको अवस्थामा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिली खारेज हुने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल असार ८ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CI-०३३४, रकम भराइपाउँ, *काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३४ मिनभवनस्थित सडक बोर्ड नेपालको अख्तियारप्राप्त कार्यकारी निर्देशक दीपकनाथ चालिसे वि. हुमनाथ कोइराला*

सडक उपभोग दस्तुर सङ्कलन गर्ने क्षेत्रमा लगातार २४ घण्टासम्म सवारी आवागमन बन्द

भएको अवस्थालाई काबु बाहिरको परिस्थिति मानी करारीय दायित्वबाट सो हदसम्म छुट पाउने व्यवस्था देखिन्छ । तथापि प्रस्तुत विवादमा तोकिएको सडक क्षेत्रमा लगातार २४ घण्टा सडक बन्द भएको भन्ने देखिन नआएकाले काबु बाहिरको परिस्थिति हो भन्नलाई उपरोक्त सम्झौताबमोजिम मान्न मिल्ने नदेखिने ।

वादी प्रतिवादीका बिचमा भएको सम्झौता पत्रमा काबु बाहिरको परिस्थितिअन्तर्गत एकतर्फी सवारी साधन चलेको सम्बन्धमा कुनै व्यवस्था भएको देखिन्न । यसरी सम्झौताको दफा ९.१ मा उल्लिखित काबु बाहिरको परिस्थिति एकतर्फी यातायात सञ्चालनलाई मान्न नमिल्ने र केही दिन गाडीहरू राजमार्गबाट सञ्चालन भए पनि ठेकेदारले सडक दस्तुर सङ्कलन गरेको हुँदा एकतर्फी यातायात सञ्चालन भएको भनी सोतर्फ छुट हुन सक्ने कानूनी आधार देखिएन । त्यस्तै रात्रिकालीन कर्फ्युका कारण बेलुका ८ बजेदेखि विहान ५ बजेसम्म दस्तुर उठाउने सडक क्षेत्रमा कर्फ्यु लागे तापनि कर्फ्यु समयपश्चात् गाडीहरू आवागमन हुने नै भएकाले सडक दस्तुर उठाउन कुनै व्यवधान नपरी दस्तुर उठ्ने नै हुँदा कर्फ्युतर्फ भनी रकम छुट पाउन सक्ने अवस्था देखिएन । यसका साथै महेन्द्र राजमार्गको बुटवल-नारायणघाट सडक-खण्ड क्षेत्रमा बन्द, हडताल प्राकृतिक प्रकोपसमेतका कारण सवारी साधन नचलेकोतर्फ जम्मा ५० दिन पूरा बन्द र ७ दिन न्यून मात्रमा गाडी चलेकोलाई ५० प्रतिशत मात्रै चलेको मान्नुपर्ने भई सोबमोजिम कूल रू. ३४,७७,८३३।१३ छुट पाउन सक्ने र सोबाहेक एकतर्फी एवम् रात्रीकालीन कर्फ्यूतर्फ मिति २०६०।५।२३ देखि २०६०।६।९ सम्म जम्मा १८ दिन ट्रक मात्रै एकातर्फी भएको देखिएको र त्रिभुवन राजपथबाट जान सकिने बैकल्पिक मार्गको प्रयोग गरी सोही सडक खण्डबाट जान सकिने भन्ने मिसिल संलग्न प्रमाणबाट देखिँदा यसमा विपक्षी लामा कन्स्ट्रक्सन कम्पनीको छुट पाउने जिकिर पुग्न सक्ने देखिन नआउने हुँदा बन्दको कारणले सवारी चल्न नसकेबाट वादीले स्वीकार गरेको रू. ३४,७७,८३३।१३ रकमको हदसम्म प्रतिवादीले छुट पाउने देखिँदा काठमाडौं जिल्ला अदालतको मिति २०६४।५।१६ को फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६४।५।१६ को फैसला केही उल्टी भई वादी दाबीबमोजिम वादीले प्रतिवादीबाट भराई पाउने बाँकी रकम ४२,८४,०९०/-, बाट छुट भएको रकम रू. रू.३४,७७,८३३।१३ घटाई बाँकी रकम रू. ८,०६,२५६।८७।- वादी सडक बोर्ड नेपालले प्रतिवादी लामा कन्स्ट्रक्सन प्रा.लि.बाट भराई पाउने ।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर**:** गंगा के.सी.

इति संवत् २०७१ साल पुस १४ गते रोज २ शुभम् ।

- यसै लगाउको ०६६-CI-०३३३, रकम दिलाई भराइपाउँ, *काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३४ मिनभवनस्थित सडक बोर्ड नेपालको अख्तियारप्राप्त कार्यकारी निर्देशक दीपकनाथ चालिसे वि. हुमनाथ कोइराला* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६५-CI-०७६९, मिलापत्र बदर दर्ता बदर, *राम श्रेष्ठ राय यादवसमेत वि. भिखारी राय भन्ने राम नरेश राय यादवसमेत*

प्रस्तुत मुद्दामा मिति २०५१।११।२२ मा मिलापत्र भएको दे.नं. १६८८ को अंश मुद्दाको मिसिल हेर्दा विपक्षी प्रतिवादीमध्ये वादी कान्तिदेवी र प्रतिवादी

रामनरेश रायसमेत भै जग्गा लिई दिई अंशियारबिच मिलापत्र भएको देखिन्छ। सो मिलापत्रमा उल्लेख भएका यी विवादित जग्गाको मिलापत्र बदर हुने हो होइन भन्नेतर्फ हेर्दा विवादित जग्गाहरू यी वादी प्रतिवादीका बाबु बाजे सत्यनारायण चौधरी तथा नेमधारी चौधरीसमेत बिच मिति २०२३।६।२४ गते अंश मुद्दामा जग्गा लिइ दिइ मिलापत्र भएको देखिने।

मिलापत्रबाट पाएका जग्गाहरू दर्ता गराउने अवस्थामा हदबन्दी मुद्दा परी सो मुद्दाबाट जग्गाहरू रोक्का रहेको मिसिल संलग्न प्रमाणबाट देखिने। अंश मुद्दामा २०२३ सालमा भएको मिलापत्रबाट जग्गा पाउने जग्गावालाहरूले आआफ्नो भागका जग्गाहरू उक्त हदबन्दीसम्बन्धी मुद्दामा स्पष्टीकरण पेस गर्दा स्पष्टरूपमा देखाउन सकेको नदेखिने।

मिति २०२३।६।२४ को मिलापत्रबाट वादीहरूको हक भएको भनिएको जग्गाहरू नै लिई दिई प्रतिवादीहरूले मिति २०५१।१२।२२ मा मिलापत्र गरेका रहेछन् भन्ने पुष्टि हुन नआई फिराद दाबीको जग्गाको दर्ता नै पुष्टि हुन नसकिरहेको अवस्थामा उक्त मिलापत्रबाट वादीहरूले प्राप्त गरेको जग्गा नै लिई दिई वादीहरूको हकमा असर पारी प्रतिवादीहरूले मिति २०५१।१२।२२ को मिलापत्र गरेका रहेछन् भन्न मिल्न नदेखिने हुँदा वादी दाबीको जग्गाको दर्ता नै पुष्टि गर्न सकेको नदेखिएको अवस्थामा वादी दाबी पुग्ने ठहर्‍याएको सुरू रौतहट जिल्ला अदालतको फैसला उल्टी गरि वादी दाबी नपुग्ने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६५।३।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७१ साल पुस १६ गते रोज ४ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०६६१, लागु औषध गाँजा, *श्यामकिशोर प्रसाद कुशवाहासमेत वि. नेपाल सरकार*

बरामद भएको लागु औषध यी पुनरावेदक प्रतिवादीहरूको साथबाट बरामद भएको नभए तापनि सो बरामद भएको लागु औषध रहेको टाटा मोबाइल जिपलाई प्रतिवादीहरूले अगाडिबाट र पछाडिबाट भारतीय नं. राखिएको मोटरसाइकलबाट सुरक्षा दिई स्कटिङ गर्दै हिँडेको अवस्था देखिन आउँछ। प्रतिवादीहरूको साथबाट लागु औषध गाँजा बरामद नभएकै कारणबाट सो बरामदी लागु औषध ओसारपसारको कसुरमा यी पुनरावेदक प्रतिवादीहरू संलग्न रहेका थिएनन् भनी अनुमान गर्न मिल्ने नदेखिने।

बरामद भएको लागु औषधको परिमाण हेर्दा पनि पुनरावेदकको साथ वा निज सवार मोटरसाइकलमा राख्न सकिने अवस्था पनि देखिँदैन। मौकामा भएको बरामदी मुचुल्कालाई स्वीकार गरि प्रतिवादीहरूले सहीछापसमेत गरेका, सोको पुष्टि हुने गरी प्रतिवेदक तथा बरामदी मुचुल्कामा बस्ने व्यक्तिहरू र वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूको बकपत्र समेतबाट पुष्टि भएको देखिन्छ। यी प्रतिवादीहरू बरामद भएको लागु औषध गाँजा ओसारपासर कार्यमा संलग्नता रहेको पुष्टि भएको देखिएको अवस्थामा सुरू बारा जिल्ला अदालतले प्रतिवादीहरूलाई सजाय गरी लागु औषध ओसारपसार गर्नमा प्रयोग भएका सवारी साधनसमेत

जफत हुने ठहर्‍याएको फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला अन्यथा देखिन नआउने।

प्रस्तुत मुद्दामा पुनरावेदकहरूले ५३५ किलो ग्राम गाँजा ओसारपसार कार्यमा संलग्न रहेको बरामदी मुचुल्काबाट देखिन्छ । ऐनले तोकेको सजाय गर्दा न्यूनतम परिमाण तोकेको भएपनि माथिल्लो परिमाण कति हो तोकेको देखिँदैन । दश के.जी. गाँजादेखि बढी जतिसुकै मात्राका गाँजा बरामद भएको अवस्थामा प्रतिवादीबाट बरामद भएको परिमाणलाई माथिल्लो हद मानि सोही मुताबिक ऐनले तोकेको माथिल्लो हदको सजाय गरिनु न्यायोचित देखिँदैन । प्रतिवादीहरूबाट बरामद भएको परिमाणलाई माथिल्लो हद सरह गरि सुरू बारा जिल्ला अदालतले प्रतिवादीहरूलाई कैदतर्फ तोकेको वर्ष १० (दश) र जरिवानातर्फ जनही एक लाख रूपैयाँ गरेको अङ्कलाई सदर गरेको पुनरावेदक अदालत, हेटौंडाको फैसला सो हदसम्म न्यायोचित देखिन आएन । प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) को कसुरमा सोही ऐनको दफा १४(१)(घ)(५) बमोजिम उपल्लो हद भन्दा अलिक कम जनही ९ (नौ) वर्ष कैद र असी हजार रूपैयाँका दरले जरिवाना हुने।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल साउन १८ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०८७३, जबरजस्ती करणी, *नबि मियाँसमेत वि. नेपाल सरकार*

जबरजस्ती करणी जस्ता संवेदनशील मुद्दाहरूमा निर्दोष व्यक्ति पनि नफसोस् र अपराधी पनि नउम्कियोस् भनी बहुत गम्भीरताकासाथ मुद्दाका पहलुहरूलाई हेरिनु पर्दछ । अन्य प्रमाण भएमा साक्षीलाई Hostile गराउँदैमा प्रतिवादीले सफाइ प्राप्त गर्न सक्दैन । अपितु मिसिलमा भएका अन्य सबुत प्रमाणको मूल्याङ्कनबाट अपराधी देखिएको अवस्थामा फगत पीडितको बकपत्र अन्यथा भयो भन्दैमा प्रतिवादी सजायको घेराबाट उम्कन सक्दैन । प्रस्तुत मुद्दामा पीडित नाबालिका Hostile भई बकपत्र गरे तापनि अनुसन्धानका क्रममा सङ्कलन भएका किटानी जाहेरी दरखास्त र प्रतिवादीहरूले अनुसन्धानको सिलसिलामा गरेको साबिती बयानलाई स्वतन्त्र प्रमाण स्वास्थ्य जाँच प्रतिवेदनबाट र प्रहरी प्रयोगशालाको प्रतिवेदनबाट पीडिताउपर करणी भएको पुष्टि हुनु र तत्काल पीडिताले प्रतिवादीहरूलाई पोल गर्नुबाट प्रतिवादीको अनुसन्धानमा भएको साबिती बयानलाई पुष्टि गरेको अवस्था मानिने।

पीडितले प्रतिवादीहरूबाट आफूलाई पुर्‍याएको पीडा र चोटका सम्बन्धमा तत्काल सहज रूपमा न्याय प्राप्त होस् भनी व्यक्त गर्ने गर्दछन्। समयको अन्तरालसँगै पीडितले आफ्नो भविष्य र समाजले आफूप्रति गर्न सक्ने नकारात्मक व्यवहारप्रति सचेत हुँदै आफन्तहरूसँगको सम्पर्कबाट आफूलाई अन्याय गर्ने प्रतिवादीहरू प्रति उदार हुन पुग्नु स्वाभाविक हुन्छ। पीडितको यस्तो स्वाभाविक भनाइलाई प्रमाणमा ग्रहण गरिएमा प्रतिवादीहरू अपराध गर्नमा उत्प्रेरित हुन जान्छन् । वारदात स्थलबाट बरामद भएको चप्पल मेरो हो भनी प्र. हदिस मियाँले गरेको सनाखत बयान, प्रतिवादीहरूको मौकामा गरेको साबिती बयान, वस्तुस्थिति मुचुल्का, बरामदी मुचुल्का, मौकामा कागज गर्ने देवकिदेवी राम चमारसमेतका व्यक्तिहरूको भनाइ लेखाइबाट पीडितको बकपत्र विश्वास लायक र सत्य साँचो मान्न सकिएन भने प्रतिवादीको इन्कारी बयानसमेत विश्वासलायक र ग्रहणयोग्य देखिन नआउने।

महिलाको अस्मितालाई संवेदनशीलरूपमा लिइने हाम्रो समाजमा आफ्नी छोरीलाई उनाउ व्यक्तिले जबरजस्ती करणी गरेको भनी बाबुले जाहेरी दरखास्त दिएको तथ्यलाई सामान्यरूपमा लिन सकिँदैन। १३ वर्षकी पीडितले आफ्नो इज्जत प्रतिष्ठा र नारी अस्मितामा आँच आउने गरी प्रतिवादी माथि जबरजस्ती करणी गरेको भनी पोल्नु पर्ने कुनै कारण मिसिलबाट देखिँदैन। नाच्ने विषयमा भएको झगडामा मानिस देखाई दिएको, जाहेरवालाको दाजुसँग विवाद हुँदा तँलाई फसाई दिनेछु भनी भनेको भन्ने आधारमा मात्र आफ्नो छोरीको अस्मितालाई जोखिममा मोली आफ्नोसमेत सामाजिक प्रतिष्ठामा आँच आउने गरी जाहेरी दिनुपर्ने अवस्था र कारण मिसिलबाट नदेखिएको अवस्थामा सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिएकाले प्रत्यर्थी झिकाउनु पर्ने नदेखिने।

अतः प्रतिवादीहरू हदिस मियाँ र नबि मियाँले जाहेरवालाको नाबालिका छोरीलाई जबरजस्ती करणी गरेको पुष्टि भएकाले निजहरूलाई कसुरदार ठहर्‍याई भएको सुरू सुनसरी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।३।२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अभियोग माग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल साउन २० गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-०१७४, कर्तव्य ज्यान, *मानबहादुर राई वि. नेपाल सरकार*

प्रतिवादीले जग्गा खरिद गर्न भनी रकम खर्चिएको तर जग्गा भने भोग गर्न नपाएको रिसइबी नै प्रस्तुत वारदातको मुख्य कारण भएको देखिन आयो । प्रतिवादीले उक्त जग्गा भोग गर्न नपाउनुको कारक मृतक नै भएको भनी मृतकलाई मार्ने नियत राखी आफ्नो घरमा रहेको भरूवा बन्दुकमा बारूद भरी लिई मृतकको घरमा गई मृतकको गालामा सटाएर फायरिङ्ग गरेको मिसिलसंलग्न प्रमाणबाट पुष्टि हुन आउँदा प्रतिवादी मानबहादुर राईले मृतक ईन्द्रबहादुर राईलाई बन्दुक फायर गरी मारेको प्रमाणित भएकाले प्रतिवादी मानबहादुर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम कसुरमा सोही नम्बरबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको धनकुटा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०६९।२।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल मङ्सिर ४ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-०६३४, कर्तव्य ज्यान, *कान्छा भन्ने कमलप्रसाद तामाङ वि. नेपाल सरकार*

कर्तव्य ज्यान मुद्दाको प्रत्यक्ष प्रमाणको स्थान ग्रहण गर्ने घटनास्थल तथा लास जाँच मुचुल्का शव परीक्षण प्रतिवेदनसमेतबाट प्रतिवादी कमलबहादुर तामाङको अस्वाभाविक कुटपिटका कारण मृतकको टाउकोसमेतका संवेदनशील अङ्गमा गम्भीर चोट लागि मृतक पुष्पा तामाङको दिमागमा रक्तस्राव हुन गई मृत्यु हुन गएको पुष्टि भइरहेको पाइँदा पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको

१३(१) नं. अनुसार सर्वश्वसहित जन्मकैद हुने ठहर गरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेको नै देखिन आउने।

उल्लेखित आधार र कारणसमेतबाट प्रतिवादी कमलबहादुर तामाङलाई सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई पुनरावेदन अदालत, इलामबाट मिति २०६८।३।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल मङ्सिर ९ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-१२३१, जबरजस्ती करणी, *प्रकाश पुलामी मगर वि. नेपाल सरकार*

वयस्क मानिसले मनसायपूर्वक पीडितालाई एकान्त ठाउँमा पुऱ्याई योनीमा लिङ्ग घुसाउने प्रयास गरेको र वरिपरि वीर्य स्खलन गराएको कार्यलाई मनसायपूर्वकको आपराधिक कार्यले पूर्णता पाएको मान्नु पर्दछ। अबोध बालिकामाथिको यौन हिंसालाई हाम्रो प्रचलित कानूनले जघन्य अपराधको रूपमा लिई कठोर सजायको व्यवस्था गरेको छ। पीडिताउपर भएको यौन उत्पीडनले पूर्णता पाएको तर निजको उमेर कम भई योनीभित्र लिङ्ग प्रवेश हुन नसकेको अवस्थालाई अन्जानमा भएको भनी कसुरबाट सुविधा दिन पनि नमिल्ने र यस्ता कसुरमा अदालत लचिलो बन्दा अपराधले झन् प्रश्रयसमेत पाउने हुँदा उमेर कम भई अन्जानमा वारदात हुन पुगेको भन्ने प्रतिवादीको पुनरावेदन जिकिर उचित रहेको देखिन नआउने।

प्रस्तुत मुद्दामा प्रतिवादीले करणी गर्ने मनसायले ४ वर्षकी पीडितालाई चकलेट किनिदिने प्रलोभन दिई बसभित्र लगि पीडिताको कट्टुसमेत खोली योनीमा उत्तेजित लिङ्ग यताउता चलाउँदा पीडिताको योनी वरिपरि यत्रतत्र वीर्य स्खलन भई प्रतिवादीको मनसायपूर्वकको आपराधिक कार्यले पूर्णता पाई जबरजस्ती करणीको कसुर स्थापित भएको पाइन्छ। अतः प्रस्तुत मुद्दाको तथ्य र माथि उल्लिखित मुद्दामा यस अदालतबाट प्रतिपादित भएको सिद्धान्तसँग आपसमा मेल खान आएको हुँदा उक्त प्रतिपादित सिद्धान्तसमेतका आधारमा पुनरावेदक प्रतिवादी प्रकाश पुलामी मगरलाई अभियोग दाबीबमोजिम कसुरदार ठहऱ्याई सजाय गर्ने गरेको पुनरावेदन अदालतको फैसलामा त्रुटि रहेको देखिन नआउने हुँदा पुनरावेदक प्रतिवादी प्रकाश पुलामी मगरलाई मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. को कसुरमा ऐ. ३(१) नं. र १० नं. बमोजिम १० वर्ष कैद र रू १०,०००।- क्षतिपूर्ति समेत प्रतिवादीबाट पीडितालाई भराइदिने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०६७।८।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल मङ्सिर ९ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-०३६२, बकसपत्र बदर, *सरस्वती गुरूङ वि. आनन्दमाया गुरूङ*

बकसपत्रको लिखतद्वारा हक हस्तान्तरण गरेको कार्यबाट दाबीको उक्त जग्गा अंशबन्डाको १९ न. को कानूनी प्रावधानअनुसार घर व्यवहार चलाउनलाई हक हस्तान्तरण गरेको भनी मान्न मिल्ने अवस्था देखिँदैन। यसरी सगोलको सम्पत्ति

एकासगोलको अंशियारलाई लिखतमा साक्षी नराखी वा मन्जुरी नलिई गरी दिएको लिखतबाट वादीको हक जतिको लिखत बदर हुने देखिँदा वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू धनकुटा जिल्ला अदालतको मिति २०६५।१०।२३ को फैसला उल्टी गरी मिति २०६२।११।१५ मा पारित बकसपत्र लिखतमा उल्लिखित लिखतको २ भागको १ भागसम्मको लिखत र दर्तासमेत बदर गरी वादीका नाममा दर्ता हुने ठहर्‍याएको पुनरावेदन अदालत, धनकुटाको मिति २०६६।१२।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल कात्तिक १५ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-WO-०१६१, उत्प्रेषण / परमादेश, *रणबहादुर कार्की वि. जिल्ला शिक्षा कार्यालय, दैलेखसमेत*

दरबन्दी मिलान सहितको सरूवा निर्णय गर्दा कानूनले तोकेको प्रक्रिया कार्यविधि विपक्षीहरूबाट अवलम्बन गरेको नै देखिन आयो। विपक्षी जिल्ला शिक्षा समितिसमेतबाट भएको दरबन्दी मिलानसहितको सरूवाले निवेदकलाई पेसा रोजगारी गर्न बन्देज गरेको नभई विशेष अवस्था परी सम्भव भएसम्मको नजिकको अर्को विद्यालयमा पठाएको देखिन आउँछ । अधिकारप्राप्त निकायबाट भएको यस्तो कार्यबाट निवेदकको पेशा रोजगार गर्न पाउने मौलिक हकमा असर पर्न गएछ भन्न नमिल्ने।

निवेदक कार्यरत विद्यालयमा विद्यार्थीको सङ्ख्या घट्न गई दरबन्दी कटौती हुन गई निवेदक साबिकमा कार्यरत विद्यालय रहेकै गा.वि.स.को नजिकको प्राथमिक विद्यालयमा कानूनबमोजिम जिल्ला शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयले निवेदकलाई सरूवा गरेको निर्णयलाई गैरकानूनी र त्रुटिपूर्ण मानि निवेदकको मौलिक हकमा असर परेको भन्न मिल्ने देखिन नआउने हुँदा विपक्षी जिल्ला शिक्षा समिति दैलेखको मिति २०६८।८।१४ को दरबन्दी मिलानसहितको सरूवा निर्णयका आधारमा जिल्ला शिक्षा कार्यालय, दैलेखले निवेदक प्रा.वि. शिक्षक राणबहादुर कार्कीलाई साबिकमा कार्यरत सीता जनसहयोगी उच्च माध्यमिक विद्यालय अवलपराजुलबाट भवानी प्राथमिक विद्यालय, पिपलचौतारा अवलपराजुलमा सरूवा गर्ने गरेको मिति २०६८/८/१६ को निर्णय गैरकानूनी नदेखिँदा उक्त निर्णयहरू बदर गरिपाउँ भन्ने निवेदकको निवेदन खारेज हुने ठहर्छ । निवेदन नै खारेज हुने ठहरेकाले यस अदालतबाट मिति २०६९।५।११ मा जारी भएको अन्तरिम आदेशसमेत स्वतः निष्क्रिय हुने।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल कात्तिक १० गते रोज ३ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-WO-०४७३, उत्प्रेषण, *सुनिल सिंखडा वि. सशस्त्र प्रहरी बल, प्रधान कार्यालय, हलचोक, काठमाडौंसमेत*

निवेदकले स.प्र.ना.नि. का हैसियतले डिउटीमा खटिएको समयमा गैरकानूनीरूपमा सर्वसाधारणहरूसँग पैसा उठाएको कार्यका सम्बन्धमा

स्पष्टीकरण सोधिएको र पुनः किन कारवाही नगर्ने भनि अर्को पटक स्पष्टीकरण सोधिएको अवस्था देखिन्छ। यस विषयमा निजले स्पष्टीकरणको जवाफमा एक पटकको लागि सुध्रने मौका पाउँ भन्नेसमेत व्यहोराको स्वीकारोक्तीसहितको जवाफ लेखि पेस गरेको देखिन्छ । निवेदकले पदीय मर्यादाविपरीत सशस्त्र प्रहरी ऐन र नियमावली उल्लङ्घन गरी गरेको उक्त कार्यका सम्बन्धमा अधिकारयुक्त अधिकारीबाट स्पष्टीकरण माग भै सुनुवाइको उचित मौका प्रदान गरी कानूनको उचित प्रक्रिया पूरा गरि विभागीय सजायको आदेशको निर्णय भएको र उक्त निर्णय पुनरावेदकीय तहबाट सदरसमेत भइसकेको अवस्था देखिन्छ। कानूनको प्रतिकूल पैसा उठाउने कार्यलाई एकपटकलाई भनी माफी दिने हो भने त्यस्तो कार्यको पुनरावृत्ति हुन सक्दैन भन्न मिल्दैन भने अर्कोतर्फ कानूनको उल्लङ्घन भएकामा एक पटकलाई माफी दिनसक्ने कानूनी व्यवस्थाको अभाव रहेको देखिएकाले रिट निवेदनको औचित्य देखिन नआउने।

प्रस्तुत रिट निवेदनमा निवेदकले रिट क्षेत्राधिकारमा प्रवेश गर्दाको अवस्थामा नै अत्यन्त ढिलो गरी प्रवेश गरेको अवस्था मिसिल संलग्न प्रमाणबाट देखिन्छ । मिति २०६१।८।२१ मा नोकरीबाट हटाउने गरी निर्णय भइसकेपछि लामो समयमा मिति २०६६।६।१३ मा मात्र जानकारी हुन आयो भनी मिति २०६६।८।१८ मा मात्र रिट क्षेत्रको माध्यमबाट अत्यन्त ढिलो गरी यस अदालतमा प्रवेश गरेको देखिन्छ। अधिकार खोजी गर्नेले आफ्नो कर्तव्य र दायित्व पनि पूरा गरेको हुनुपर्ने।

निवेदकलाई नोकरीबाट हटाउने गरि सशस्त्र प्रहरी महानिरीक्षकबाट मिति २०६३।७।१५ मा गरेको निर्णय तथा सोही निर्णयलाई सदर गर्ने गरि गृहमन्त्रीका तर्फबाट भएको पुनरावेदन तहको निर्णय संविधान र कानूनसङ्गत नैं रहेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७२ साल जेठ ३२ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-०८८१, ०९७६, १०१२, ०६९-RC-००५१, कर्तव्य ज्यान, *पशुपति भुज वि. नेपाल सरकार, राजेश गुप्तिसमेत वि. नेपाल सरकार, सुनिता गुप्तासमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. श्याम खड्गी*

प्रतिवादीहरू राजेश गुप्ता, राजु गुप्ता, र श्याम खड्गीले गरेको कुटपिटसमेतको परिणाम स्वरूप नारायण आचार्यको मृत्यु भएको तथ्य स्थापित भएकामा यो यसकै कुटपिटबाट मरेको खुल्न सकेको नदेखिएकाले ज्यानसम्बन्धी महलको १३ नं. को देहाय दफा ३ को कसुर गरेको ठहर्याई सोही दफाबमोजिम जनही जन्मकैदको सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, बुटवलको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीहरू सुनीता गुप्ता र पशुपति भुजलले मृतकउपर प्रहार गरेको तथ्यको पुष्ट्याईँ शङ्कारहित रूपबाट भएको नपाइएकाले निजहरूलाई समेत अभियोग दाबीबमोजिमको कसुर गरेको ठहर्याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।०३।२१ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीहरू सुनीता गुप्ता र पशुपति भुजले सफाइ पाउने।

मृतक र रेस्टुरेन्टमा काम गर्ने महिलालाई आपत्तिजनक अवस्थामा देखि सुनिता गुप्ताले रेष्टुरेन्टमा अश्लिल व्यवहार बाहिर नगर भनेर भनेको कारणबाट विवादको सुरूवात भई सोही क्रममा मृतकमाथि भएको

कुटपिटको परिणामस्वरूप निजको मृत्यु भएबाट वारदातको प्रकृति र अवस्थालाई विचार गर्दा मार्ने पूर्वरिसइबी मनसाय नरहेको, मृतकले नै प्रहार गर्दा सुनितालाई लागेको चोटपटकको कारण उत्तेजनामा आई यी प्रतिवादीहरूले हात मुक्कासमेतबाट गरेको कुटपिटको कारणबाट मृतकको मृत्यु हुन गएको देखिँदा हदैसम्म सजाय गर्न चर्को पर्ने र न्यायोचितसमेत नभएकाले निजहरूलाई ८-८ वर्ष कैदको सजाय गर्ने गरी पुनरावेदन अदालत, बुटवलबाट प्रस्तुत अ.बं. १८८ न.को राय मनासिबै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असार १४ रोज २ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CI-०५०७, लगत कट्टा, *हरिबहादुर रानाभाट वि. भरत खत्री*

पूर्जा बनेको दसकौंसम्म पनि मोही रहेको तथ्य स्वीकार गरी सोलाई बदर गराउन सकेको पाइँदैन। यसरी २०२५।३।३१ मा जग्गा खरिद गर्दाकै अवस्थामा वादीको आमा मोही भै जग्गा खरिद गर्ने प्रतिवादीका बाबुले आफ्नो जीवनकालसम्म मोही स्वीकार गरी आएका र प्रतिवादीका बाबुको मृत्यु भएपछि आफ्ना नाउँमा दाखिल खारेज गराई लिएकामा अब आएर निज टेक मोही हैनन् कुमारी हैन निजको मोहीयानी हक निष्क्रिय भएको भन्न मिल्ने नदेखिने।

भूमिसम्बन्धी ऐन, २०२१ दफा २६क ले मोहीयानी हक खरिद गर्न वा दानदातव्यको रूपमा वा अरू कुनै किसिमले हक छोडी छोडाई लिन पाइने छैन भन्ने कानूनी व्यवस्था रहेबाट मोहीको मन्जुरी बेगर जग्गा खरिद बिक्री हुँदा मोहीसमेत बिक्री हुन नसक्ने हुँदा जग्गाधनी पूर्जा तथा स्रेस्तामा मोही जनिएकोलाई मोही हक स्वत: समाप्त भएको अर्थ गर्न मिल्दैन। जग्गा खरिद भए पनि मोहीहक कायमै रहन्छ। मोहीले आफ्नो दायित्व निर्वाह नगरेको अवस्थामा कानूनबमोजिमको प्रक्रिया अपनाई मोही निष्कासन नगरेसम्म मोहीहक समाप्त नहुने हुँदा यी पुनरावेदक प्रतिवादीका बाबुले जग्गा खरिद गरेकै आधारमा मोही समाप्त हुन्छ भनी मान्न नमिल्ने।

यस मुद्दामा प्रतिवादी पुनरावेदकका बाबुले आफ्नो जीवनकालमा र तत्पश्चात् पनि यी पुनरावेदकले लामो समयसम्म दाबीको जग्गामा मोही स्वीकार गरी बसेको अवस्थामा एका परिवारको सदस्य मोही हुन नसक्ने भनी दाबी लिँदैमा निज टेक कुमारीको जग्गा नापी हुँदाकै अवस्थामा फिल्डबुक एवम् जग्गा धनी प्रमाण पुर्जामा नाउँ जनिइ मोहीको हैसियत प्राप्त गरिसकेको तथ्य स्थापित भैरहेकामा त्यस्तो मोहीको हकवालाले निजको मृत्युपश्चात् मोही नामसारी गराई लिन नपाउने भन्ने नमिल्ने।

एक पटक स्थापित मोहीलाई जग्गाधनीले कानूनबमोजिम मोही निष्काशन नगरेसम्म रहिरहने र मोहीयानी नविकरण गर्नु नपरी हकवालाले जहिलेसुकै नामसारी गरी लिन पाउने हुँदा दाबीको जग्गाको मोहियानीबाट निज टेक कुमारीलाई कानूनबमोजिमको प्रक्रियाबाट निष्कासन गरेको नदेखिँदा निजको हक कायमै रहिरहेको अवस्था भै निजको हकवाला यी प्रत्यर्थी वादीले जुनसुकै बेला पनि नामसारी गर्दा लिन पाउने नै देखियो । एकासगोलको परिवार भन्दैमा साबिक जग्गाधनीकै समयमा मोही भएको जग्गा बिक्री भै खरिद गर्ने व्यक्तिको मृत्युपश्चात् हकवालाले नामसारी गराई लिँदासम्म मोही स्वीकार गरि मोही कायमै रहेकामा झन्डै ४० वर्षको अवधि व्यतित भैसकेपछि त्यस्तो मोहीको निरन्तरतालाई बेवास्ता गरि मोही नामसारी हुन सक्दैन भनि गरेको भूमिसुधार

अधिकारको निर्णय विवेकपूर्ण र कानूनसम्मत् नहुने मात्र हैन मोहीलाई आधा हक स्वामित्व हुने गरि विधायिकाबाट कानून पारित भै जग्गा द्वैध स्वामित्व अन्त गरी मोहीलाई स्वामित्वधारीका रूपमा परिणत गरिसकेको परिप्रेक्ष्यमा त्यस्तो निर्णय स्वेच्छाधारी हुन जाने । तसर्थ दाबीको जग्गामा ४० वर्षभन्दा बढी समयदेखि र जग्गाको स्वामित्व एक व्यक्तिबाट अर्को व्यक्तिमा र एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै जाँदासम्म निरन्तर रहेको मोही हक समाप्त हुने गरी हकवालाले मोहीहक नामसारी गराइ लिन नपाउने गरी भएको भूमिसुधार अधिकारीको मिति २०६८।६।२८ को निर्णयमा न्यायिक मन र न्यायिक विवेकको विद्यमानता नभै भूमिसम्बन्धी कानूनी व्यवस्थाको समेतविपरीत हुने ।

"कानूनबमोजिम मोही निष्काशन नभएसम्म मोही हक सुरक्षित रहने, सर्वे नापीको समयदेखि जग्गा जोति आएको र जग्गाधनी प्रमाणपूर्जामा मोही उल्लेख भै मोही हक प्राप्त भै जग्गा जोत आवाद गर्दै आएको मोहीको देहान्त पछि उसको हकवालाले पुन: मोहीयानी हक कायम गराउन नपर्ने जुनबेला पनि मोही नामसारी गराए पुग्ने, चालीस वर्ष अगाडिदेखि विधिवत्‌रूपमा हक प्राप्त मोही कायम भइरहेको र जग्गाधनी दर्तापुर्जामा मोही जनिएका जग्गा साबिक जग्गा धनीबाट हालको जग्गाधनीको नाममा हक हस्तान्तरण भई आएकामा जग्गा धनी प्रमाण पुर्जामा मोहीको नाम अवैध रूपमा जनिएको छ भन्न नमिल्ने" भनी यस अदालतबाट दुलारीदेवी यादव विरूद्ध अब्दुल हमिद मिया धुनियासमेत भएको मोही लगत मुद्दा (ने.का.प. २०६९, अङ्क ३, नि.नं. ८७९०) मा प्रतिपादित सिद्धान्तसमेतको विपरीत भएको परिप्रेक्ष्यमा पुनरावेदन अदालत, पाटनबाट भूमिसुधार कार्यालयको उक्त निर्णय बदर गरी प्रत्यर्थी वादीका नाउँमा मोही नामसारी हुने ठहर गरी भएको फैसलालाई अन्यथा मान्न पर्ने नदेखिँदा मिति २०७०।८।७ मा विपक्षी झिकाउने गरी भएको यस अदालतको आदेश र पुनरावेदन जिकिरसित सहमत हुन सकिएन । भूमिसुधार कार्यालयको मिति २०६८।६।२९ को फैसला बदर गरी प्रत्यर्थी वादीको नाममा मोही नामसारी हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।४।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत २०७१ साल चैत १३ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०६९-CI-०५०७, मोही नामसारी, *हरिबहादुर रानाभाट वि. भरत खत्री* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-WO-०७५४, उत्प्रेषण / परमादेश, *माइली खत्रिनी वि. भौतिक योजना तथा निर्माण मन्त्रालयसमेत*

निवेदन दाबीको जग्गामा २०२५ सालमा अनुमति लिई निवेदकले घरबास बनाई बसोबास गर्दै आएको भए पनि सो २५ गजसम्मको क्षतिपूर्ति पाइसकेको देखिन्छ । यी निवेदकले सो २५ गजको क्षतिपूर्ति पाएको भए पनि उक्त कित्ता नं १६९ को सडक देखि २५ मिटर जग्गा मिति २०६६-१०-६ को निर्णयले विपक्षी नेपाल सरकार सडक विभागको नाममा दर्ता कायम भै सोही २५ मिटरभित्र सडक निर्माण तथा विस्तारको कार्य भैरहेको देखिन्छ । यसरी निवेदकले क्षतिपूर्ति पाएको २५ गज जग्गा र नेपाल सरकार सडक विभागको नाममा दर्ता कायम भएको २५ मिटरबिच अन्तर भै निवेदकले क्षतिपूर्ति पाएभन्दा

बढी जग्गा विपक्षीका नाममा दर्ता भै निवेदकले सो बढी जग्गा र सोमा बनेको घरबापत क्षतिपूर्ति पाएको भने नदेखिने।

जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ ले नेपाल सरकारले सार्वजनिक कार्यको लागि अवश्यक ठहर्‍याएमा मुआब्जा दिने गरि जुनसुकै ठाउँको जति सुकै जग्गा पनि प्राप्त गर्नसक्ने र त्यसरी प्राप्त गर्दा सो ऐनको दफा ५,६,७,८,९,१० समेतका प्रक्रिया पूरा गरि मुआब्जा र नोक्सानीबापतको क्षतिपूर्तिसमेत दिई प्राप्त गर्नुपर्ने कानूनी व्यवस्था रहेको र सार्वजनिक सडक ऐन, २०३१ को दफा ४ मा सार्वजनिक सडकको निर्माण विस्तार वा सुधार गर्न वा सडक सीमाको कुनै जग्गा प्राप्त गर्नु परेमा नेपाल सरकारले जग्गा प्राप्तिसम्बन्धी कानूनबमोजिम प्राप्त गर्नेछ भन्ने कानूनी व्यवस्था भएकाले यी निवेदकको सो २५ मिटरसम्मको जग्गा हाल कायम काठमाडौ-भक्तपुरसडकको मापदण्डभित्र परेको देखिँदा विपक्षी नेपाल सरकारले प्राप्त गर्न नपाउने भन्न मिलेन। सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी मिति २०३४।३।२० को सूचना प्रकाशित हुँदा सोही ऐनको दफा ४ बमोजिम नेपाल सरकारले प्राप्त गरेको नदेखिँदा सो २५ गजभन्दा बढी जग्गासमेत प्राप्त गरी नेपाल सरकारका नाममा दा.खा. नामसारी गरेको र यी निवेदकको माथि उल्लिखित बढी जग्गाको मुआब्जा नदिई घरको हकमा मात्र क्षतिपूर्ति निर्धारण गरेको कार्य कानूनबमोजिम भएको भन्न मिलेन। तसर्थ मिति २०११।११।२१ मा नै सडकको मापदण्ड तोकिएको र विवादित जग्गा सडक सीमाको २५ मिटरभित्रको हो भन्ने यकिन गर्न नापनक्सा गरी हेर्नुपर्ने हुन्छ । २५ गजभित्रको कानूनले तोकेको मापदण्डभित्र परेको अवस्थामा क्षतिपूर्ति नदिइने व्यवस्था भएको र २५ गजभन्दा बढी २५ मिटरको भिन्नता देखिने प्रयोजनमा नै अघि सडकमा छोडेको जग्गा २५ मिटर हो वा २५ गज भन्नेतर्फ विश्लेषण हुन सकेको देखिएन। विपक्षीको लिखित जवाफ र भै आएको नक्सा हेर्दा क्षतिपूर्ति पाएको घरबाहेकको अरू जग्गा २ मिटर १४ सेन्टीमिटरसम्म बढी छ भन्नेसम्म खुल्न आए पनि त्यसरी २५ मिटर वा २५ गज छुट्याउन पुन: नापनक्सा नै गरी बढी हुने जम्मा क्षेत्रफल नै यकिन गर्नपर्ने देखिँदा त्यसतर्फ यकिन गरी त्यस्तो उनाउ जग्गाको समेत क्षतिपूर्ति दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७१ साल फागुन १९ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-WO-०४४६, उत्प्रेषण / परमादेश, *यज्ञप्रसाद गुरूङसमेत वि. नीता गुरूङसमेत*

मिसिल संलग्न बन्डाको मुचुल्का हेर्दा नरम गरम मिलाई साक्षी राखी बन्डा मुचुल्का खडा भएकोमा यी निवेदकका बारेसले रोहबरमा रहि सहीछाप गर्न इन्कार गरेको भन्ने मुचुल्काबाट देखिन्छ। अंश बन्डा घटी बढी भएकामा बन्डा छुट्याएकामा बुझी लिई चित्त नबुझेतर्फ उजुर गर्ने शर्तमा सहीछाप गर्नुपर्नेमा सो गरेको पनि देखिँदैन भने चित्त नबुझेतर्फ छुट्टै नालिस गर्नु पर्नेमा त्यसो गरेको पनि देखिँदैन । अदालतको अन्तिम फैसलाले पाउने ठहरी अन्तिम भएको फैसला बन्डा छुट्याई कार्यान्वयन भएकामा बन्डा चित्त नबुझे घटीबढीतर्फ मुलुकी ऐन, अंशबन्डाको ३२ अनुसार नालिस गरी चित्त नबुझे जतिमा उजुर गरी आफ्नो कायम गराउन सक्ने कानूनी व्यवस्था र उपचारको

वैकल्पिक मार्ग हुँदाहुँदै रिट क्षेत्रबाट प्रवेश गरी निवेदन मागबमोजिम अंश घटी बढी भएको हो हैन भनी प्रमाण बुझी निर्णय गर्न मिल्ने देखिँदैन। एकपटक मुद्दा फैसला भै सो फैसलामा चित्त बुझाई फैसलाअनुसार भएको कार्यान्वयनको विषयलाई लिएर फैसला कार्यान्वयनमा बाधा सिर्जना हुने गरी रिट क्षेत्रबाट हेर्न मिल्ने पनि भएन । कास्की जिल्ला अदालतले डोर खटाई पक्ष विपक्षलाई रोहबरमा राखि साक्षीसमेत राखि नरमगरम मिलाई छुट्याई दिएको बन्डा मुचुल्का रितपूर्वकको देखिएकाले बन्डा सदर गरेको जिल्ला न्यायाधीशको आदेशलाई सदर गरेको पुनरावेदन अदालत, पोखराको आदेश अन्यथा भन्न मिल्ने देखिएन। फैसलाअनुसारको बन्डा छुट्याउने कार्य सम्पन्न भैरहेको अवस्थामा अब सोही विषयलाई लिएर रिट पर्न आएको देखिँदा निवेदन मागअनुसार रिट क्षेत्रबाट प्रवेश गरी आदेश जारी गर्न मिलेन। प्रस्तुत निवेदन खारेज भै मिति २०६९।६।२९ मा यस अदालतबाट भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुने।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: रूपा महर्जन

इति संवत् २०७१ साल फागुन १७ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CI-११५४, अंश दपोट, *दशनलाल चौधरी वि. राधादेवी चौधरीसमेत*

मुद्दा चल्दाका बखत आफ्ना नाउँमा नरहेको जग्गा प्रतिवादी छेरूलालाले तायदातीमा देखाउन सक्ने पनि भएन । यस्तो अवस्थामा दायदातीमा नदेखाएको भन्ने आधारमा यी प्रत्यर्थीको नाउँमा दर्ता कायम नभएको सो कि.नं. ६६३ को जग्गाको पनि आधा लिखत बदर गरी यी पुनरावेदक वादीका नाउँमा दर्ता कायम हुनेगरी फैसला गरेको मिलेको देखिएन। तसर्थ सुरूले कि.नं. ५२७ को पुरै जग्गा दपोट ठहर्‍याई र कि.नं. ६६३ को जग्गा आधासम्म लिखत बदर गरी यी पुनरावेदक वादीको नाउँमा दर्ता कायम हुने ठहर्‍याएकामा पुनरावेदन अदालत, विराटनगरले सो कि.नं. ६६३ को जग्गाको हकमा सम्म सुरूको फैसला उल्टी गरी वादी दाबी नपुग्ने ठहर्‍याएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७१ साल फागुन २० गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६६-WO-१३२४, उत्प्रेषण, *रीतादेवी वि. रामहरि साह गोढ*

विपक्षीले कि.नं १११ को जग्गामा फुसको घर बनाउनुभएको बसोबास गरी आउनुभएको छ। हाल सो फुसको घरमा छानोमा टायल हाल्नु फुसको घरको छानोमा टायल हालेको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिन आएको छ । सो कुरालाई यी रिट निवेदकले अन्यथा भन्न सकेको अवस्था छैन। यसरी रिट निवेदकको घर रहेको स्थानमा कानूनबमोजिम म्याद तामेल भएको अवस्थामा फैसला कार्यान्वयनको कार्यलाई प्रभावित पार्ने उद्देश्यले यी रिट निवेदक रिट क्षेत्रमा प्रवेश गरेको देखिन आयो। त्रुटियुक्त म्याद तामेलीका आधारमा प्रतिउत्तरपत्र फिराउने मौकाबाट समेत वञ्चित गरी फैसला गरेकाले उक्त फैसला बदर गरी पुनः म्याद जारी गरी मेरोसमेत प्रतिउत्तरपत्र लिई पुनः फैसला गर्न आदेश जारी गरिपाउँ भनी निवेदकका कानून व्यवसायीले लिनुभएको बहस जिकिरसँग सहमत हुन नसकिने हुँदा त्रुटियुक्त म्याद तामेलीका आधारमा

प्रतिउत्तरपत्र फिराउने मौकाबाट समेत वञ्चित गरी फैसला गरेकाले उक्त फैसला बदर गरी पुनः म्याद जारी गरी मेरोसमेत प्रतिउत्तरपत्र लिई पुनः फैसला गर्न आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असार २२ गते रोज ३ शुभम्।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-WO-०७०१, उत्प्रेषण / परमादेश, *काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० थापागाउँ, नयाँबानेश्वर कार्यालय रहेको उपभोक्ता हित संरक्षण मञ्च नेपालको तर्फबाट अधिकारप्राप्त भै आफ्नो हकमासमेत अधिवक्ता विष्णुप्रसाद तिमिल्सिनासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

खाद्य अधिकार मानिसको बाँच्न पाउने अधिकारको पहिलो सर्त हो त्यसैले यो मानिसको नैसर्गिक अधिकार पनि हो। खाद्य अधिकारभित्र खाद्य पदार्थ पर्याप्त हुनु मात्र हैन त्यसको गुणस्तरीय हुन पनि त्यत्तिकै आवश्यक हुन्छ। त्यसैले जीवनको अधिकार त्यतिबेला प्रत्याभूत भएको हुन्छ जतिबेला स्वस्थ जीवनको लागि चाहिने पोषणयुक्त खाद्य पदार्थ प्राप्त हुन्छ। मानिसको स्वतन्त्रताको अधिकारअन्तर्गत कुनै उद्योग, व्यापार गर्ने अधिकार पनि भएकाले कुनै पनि उद्योग वन सेवा प्रदायकलाई त्यस्तो खाद्य पदार्थ वा सेवा मात्र उत्पादन र प्रदान गर्ने अधिकार हुन्छ जसले मानिसको सार्वजनिक स्वास्थ्यमा प्रतिकूल असर नपुगोस् । उद्योग वा व्यापार गर्ने अधिकारअन्तर्गत उद्योग तथा व्यापार प्रवर्द्धन गर्न त्यसको प्रचारप्रसार गरी जनसाधारणसम्म पुर्‍याउने विज्ञापन गराउन पाउने अधिकार पनि स्वतः समाहित हुने हुँदा त्यसरी गरिने विज्ञापनमार्फत गरिएको प्रचारप्रसार पनि त्यस्ता सेवा वा वस्तुबाट पाइने उपयोगिता र प्रभावमा मात्र सीमित हुन आवश्यक हुन्छ। कुनै पनि उत्पादनकर्ता उद्योग वा कम्पनीले आफ्नो उत्पादनको जस्तो पायो त्यस्तो र जसरी पायो त्यसरी नै विज्ञापन तयार गर्ने र सञ्चार माध्यमले पनि त्यसै गरी प्रचार प्रसार गर्न पाउने भन्न मिल्दैन । त्यसरी गरिएको विज्ञापनबाट आम उपभोक्ताको स्वास्थ्य सम्पत्ति र बानीमा कस्तो तत्कालीन वा दीर्घकालीन असर पुग्नसक्छ भन्ने कुरालाई पनि हेरिनु आवश्यक हुन्छ । निवेदनमा उल्लेख गरिएको तथा निवेदनसाथ पेस हुन आएको पत्रपत्रिका तथा भिडियो रेकर्डमा उल्लेख भएजस्ता विज्ञापनबाट बालबालिकामा अस्वस्थकर खाने कुराको कुलत पर्न गई दीर्घकालिनरूपमा उसको शारीरिक तथा मानसिक विकासमा पनि अवरोध पुग्ने देखिन्छ। त्यसै गरी युवायुवतीले प्रयोग तथा सेवन गर्ने यौनोत्तेजक औषधि तथा औषधिजन्य उपकरणको प्रयोगले उनीहरूको स्वास्थयमा दीर्घकालीन असर परी स्वास्थ तथा सम्पत्ति दुवैको क्षति हुनसक्ने हुन्छ । त्यसैगरी पेय पदार्थ तथा शक्तिवर्द्धक भनी विज्ञापन गरिएका झोल पदार्थमा प्रयोग हुने रसायनहरूले पनि मानिसको दीर्घ स्वास्थ्य र दीर्घ जीवनको लागि सहयोग पुर्‍याउन नसक्ने मात्रै होइन घरायसी उत्पादनबाटै पाइने खाद्य तथा पेय पदार्थलाई विस्थापित गरी स्वास्थ्य र सम्पत्ति दुवैको हानि पुर्‍याई जीवन र सम्पत्तिसम्बन्धी अधिकार साथै आधारभूत स्वास्थ्यसम्बन्धी बालबालिकाको अधिकारमा समेत उल्लङ्घन हुनजाने देखिन्छ। तसर्थ यस्ता प्रकारका तथ्यहीन र भ्रम सिर्जना गर्ने विज्ञापनमार्फत प्रचारप्रसार गरी सर्वसाधारण जनताको स्वास्थ्य तथा नैतिकताकै प्रतिकूल हुने यस्ता विज्ञापनहरूमा नियन्त्रण नियमन

र निषेध गर्नुपर्ने कर्तव्य विपक्षीहरूको देखिन आउने।

विद्यमान अवस्थामा विज्ञापनको नियमन गर्ने छुट्टै कानूनको निर्माण भै नसकेको र विज्ञापनलाई व्यवस्थापन गर्ने सम्बन्धमा छुट्टै कानूनको आवश्यकता देखिएकाले विधेयक तयार भै हाल मन्त्रालयमा विचाराधीन रहेको भन्ने सूचना तथा सञ्चार मन्त्रालयको लिखित जवाफबाट समेत देखिन आएकाले त्यस्तो विधेयक संसद्बाट पारित भै कानून नबनेसम्म खाद्य पदार्थ, औषधि, तथा अन्य उपभोग्य सामग्रीको भ्रमपूर्ण विज्ञापन, प्रचारप्रसार गर्ने क्रियालाई नियमन तथा निषेध तथा नियन्त्रण गर्न उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा १०, खाद्य ऐन, २०२३ को दफा ४, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ को दफा १०, औषधि ऐन, २०५३ को दफा १९ ले विपक्षीहरूलाई मार्ग प्रसस्त गरिरहेको अवस्था हुँदा सो गर्नुपर्ने दायित्वबाट विपक्षी निकायहरू पन्छिन मिल्ने नदेखिने हुँदा भ्रमपूर्ण विज्ञापनलाई व्यवस्थापन गर्ने सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड र उदाहरणसहितलाई समावेश गरी निवेदकले उठाएका आम उपभोक्ताको स्वास्थ्य, सम्पत्ति, सार्वजनिक नैतिक र सदाचारमा प्रतिकूल हुने खाद्य पदार्थ, औषधि तथा औषधिजन्य उपकरण तथा अन्य उपभोग्य वस्तुको पत्रपत्रिका, रेडियो, टेलिभिजनलगायतका सञ्चार माध्यम तथा अन्य विद्युतीय उपकरण एवम् पर्चा पम्प्लेट, होर्डिङ बोर्ड साथै उपभोग्य सामग्रीको प्याकेटिङमा उल्लेख अङ्कित गरिने विज्ञापनमा अनुगमन, नियमन र नियन्त्रण तथा निषेध गर्ने कार्य गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल जेठ २७ गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-WO-०७११, परमादेश, *अधिवक्ता कमलप्रसाद गुरागाईंसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सन्धिहरूको नेपाल पक्ष भै सन्धिको कार्यान्वयनमा आफ्नो प्रतिबद्धता व्यक्त गरेको देखिन्छ। नेपाल सन्धि ऐन, २०४७ को दफा ९ ले सन्धिको व्यवस्था सन्धिको कार्यान्वयनको लागि नेपाल कानूनसरह लागू हुनेछ भन्ने व्यवस्था गरेको र सन्धिको पक्ष भै सन्धिको कार्यान्वयनको पक्षमा प्रतिबद्धता जनाएकाले त्यस्ता सन्धिहरूको पालना र कार्यान्वयन गर्नु नेपालको पनि अन्तर्राष्ट्रिय दायित्व हुन आउने।

नेपालको अन्तरिम संविधानको धारा ३३ ले राज्यको विभिन्न दायित्वहरू निर्धारण गर्दै धारा ३३ (ड) ले राज्य पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने गरी राज्यको दायित्व निर्धारण गरिएको र नेपाल सन्धि ऐन, २०४७ को दफा ९ ले सन्धिको व्यवस्था सन्धिको कार्यान्वयनको लागि नेपाल कानूनसरह लागू हुनेछ भन्ने कानूनी व्यवस्थाको रहेको सन्दर्भमा समेत नेपाल पक्ष रहेको माथि उल्लिखित सन्धि, महासन्धिहरूको पालना र कार्यान्वयन गर्नु नेपालको संवैधानिक तथा कानूनी दायित्व हुन आएको छ। बालअधिकार तथा महिलाको अधिकारका सम्बन्धमा बनेका उल्लिखित सन्धिहरूको नेपाल पक्ष भएको कारण सन्धिका व्यवस्थाहरूसमेत नेपालको हकमा अनुल्लङ्घनीय रहेको मान्नुपर्छ। ती सन्धिहरूले निर्धारण गरेका महिला तथा बालबालिकाका अधिकारलाई नेपालको संविधान तथा अन्य नेपाल कानूनमा समेत समावेश गरी त्यस्ता अधिकारमध्ये यौनजन्य अपराधबाट पीडित व्यक्तिले

क्षतिपूर्ति पाउने अधिकारलाई संवैधानिक प्रत्याभूति प्रदान गरेको सन्दर्भमा ती अधिकारको हनन् हुन नसक्ने भएकाले त्यस्ता अधिकारको संरक्षण गर्नुपर्ने दायित्वबाट पनि राज्य पन्छिन सक्ने नदेखिने।

महिला तथा बालबालिकामाथि हुने बलात्कार वा यौनहिंसा महिला तथा बालबालिकामाथि हुने शोषणको चरम अवस्था हो । यस्तो शोषणबाट सुरक्षाको प्रत्याभूति गर्नु पर्ने दायित्व राज्यको हो । त्यसैले शोषणबाट पीडितलाई संरक्षण सहितको उपचार गर्नु पर्ने दायित्व पनि राज्यले नै बहन गर्नु पर्ने हुन्छ । यौनजन्य हिंसाबाट पीडित बालबालिका तथा महिलाको स्वास्थोपचार, क्षतिपूर्ति पुनर्स्थापना, परिपुरण, कानूनी सहायता, शिक्षालगायतका तत्कालीन र दीर्घकालीन संरक्षणात्मक उपायहरूको अवलम्बन गरी राज्यले आफ्नो दायित्व निर्वाह गर्नुपर्ने।

क्षतिपूर्ति निर्धारण गर्दा पीडितको शारीरिक, मानसिक, सामाजिक पीडाको क्षतिलाई विचार गरी निर्धारण गर्नुपर्ने हुँदा प्रस्तुत सन्दर्भमा क्षतिपूर्ति भन्नाले पीडितलाई प्रदान गरिने आर्थिक मापनको कुनै निश्चित रकम मात्र हो भनी अर्थ गर्न मिल्दैन । यस अन्तर्गत शारीरिक, मनोवैज्ञानिक, सामाजिक, आर्थिक, पारिवारिक, चारित्रिक, पेसागतलगायत मानिसको मानवीय जीवनको विभिन्न पक्षमा पुग्न गएको क्षति र त्यसले त्यस्तो पीडितको वर्तमान मात्र हैन उसको सुदुर भविष्यमा पुग्नसक्ने क्षतिको परिपूरण हुने भौतिक वा अभौतिक सम्पत्तिसमेत क्षतिपूर्तिअन्तर्गत पर्दछ। त्यसैले बाल अधिकारसम्बन्धी महासन्धि, महिला विरूद्धको भेदभाव अन्त गर्नेसम्बन्धी महासन्धिले यौनजन्य हिंसाको अपराधबाट पीडितका लागि औषधोपचार, मनोविमर्श, शिक्षाको निरन्तरता, न्यायमा पहुँच, सामाजिक पुनर्स्थापना लगायतका पीडितलाई समाजमा सक्षमतापूर्वक जीवनयापन गर्न सक्ने गरी सक्षम बनाउनु पर्ने गरी राज्यको दायित्व निर्धारण गरिएको पाइन्छ। यौनजन्य अपराधबाट पीडित महिला तथा बालबालिकाको लागि क्षतिपूर्ति निर्धारण गर्ने कुरामा उल्लिखित कानूनी व्यवस्थाले अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा उल्लिखित कुराहरूको सम्बोधन गर्न सकेको देखिँदैन । नेपाल विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पक्ष भएको सन्दर्भमा त्यस्ता सन्धिले निर्दिष्ट गरे अनुसार नै पीडितलाई क्षतिपूर्ति प्रदान गर्नुपर्ने कुरालाई इन्कार गर्न नमिल्ने।

यौनजन्य अपराधबाट पीडितले क्षतिपूर्ति पाउने कुरामा पीडितको अधिकारलाई मौलिक अधिकारकै रूपमा एकातर्फ प्रत्याभूत गरि नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२ (३) मा बालबालिकाको हकअन्तर्गत सुरक्षित गरी कुनै पनि शारीरिक, मानसिक तथा कुनै पनि किसिमको शोषण तथा हिंसाजन्य कार्य दण्डनीय हुनेछ भनी र धारा २० ले महिला सम्बन्धी हकमा शारीरिक, मानसिक तथा कुनै पनि किसिमको हिंसाजन्य कार्य नगरिने र त्यस्तो कार्य दण्डनीय हुने व्यस्था गरिसकेपछि त्यस्तो दण्डनीय कसुरबापतको क्षतिपूर्ति प्रदान गर्ने कुरालाई कसुरदार र कसुरदारको सम्पत्तिमा सीमित गर्दा राज्यले उपलब्ध गराएको महिलाको हक, सामाजिक सुरक्षाको हक बालबालिकाको हक तथा सामाजिक न्यायको हक, एवम् महिला तथा बालबालिकाको संरक्षण, सशक्तिकरण वा विकासको लागि विशेष व्यवस्था गर्न सकिने गरी प्रदान गरिएको मौलिक हकसमेत प्रभावित हुन जाने देखिन्छ । यौनजन्य अपराधबाट पिडीतले क्षतिपूर्ति पाउने महिला तथा बालबालिकाको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेकाले त्यस्तो क्षतिपूर्ति प्रदान गरिनु पर्ने कुरा पीडित र पीडकबिचको

सम्बन्ध र हैसियतमा मात्र सिमित नराखी पीडित, पीडक तथा राज्यबिचको सम्बन्ध र हैसियतबाट निर्धारण र प्रत्याभूत गर्नु पर्ने विषय भएकाले राज्यले जस्तोसुकै उपाय अवलम्बन गरेर भए पनि पीडितलाई उचित क्षतिपूर्ति प्रदान गर्नुपर्ने दायित्वबाट उन्मुक्ति पाउन नसक्ने।

बालबालिका बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लिल चित्रण निषेध सम्बन्धमा व्यवस्था भएको बाल अधिकारको स्वेच्छिक अनुबन्ध, २००० को धारा ८ ले बालबालिका सम्बन्धी मुद्दाको फैसला गर्दा र क्षतिपूर्ति दिलाउने आदेश कार्यान्वयन गर्दा शीघ्र गर्नुपर्ने र धारा ९ (४) ले क्षतिपूर्ति पाउन पर्याप्त पहुँच हुने कार्यविधिको सुनिश्चित गर्दा विना ढिलासुस्ती क्षतिपूर्ति राज्यले उपलब्ध गराउनु पर्ने गरी निर्देश गरेको देखिन्छ भने बाल अधिकारसम्बन्धी महासन्धि ,१९८९ को धारा (२), प्रत्येक पक्ष राष्ट्रले कुनै किसिमको भेदभावविना महासन्धिमा उल्लिखित अधिकार सुनिश्चित गर्नुपर्ने, धारा ३ ले बालबालिकाको हितको लागि आवश्यक संरक्षण र स्याहारको व्यवस्था गर्नुपर्ने, सन्धिबाट स्वीकार गरिएको अधिकार कार्यान्वयनका लागि उचित कानूनी, प्रशासनिक र अन्य उपाय अवलम्बन गर्नुपर्ने, धारा १९ ले सबै किसिमको शारीरिक मानसिक हिंसा क्षति वा दुर्व्यवहार वा शोषण वा यौन दुर्व्यहारबाट बालबालिकालाई संरक्षण गर्न पक्ष राष्ट्रले कानूनी प्रशासनिक, सामाजिक, शैक्षिक उपाय अपनाउनु पर्ने, शारीरिक तथा मनोवैज्ञानिक पुनर्लाभ र सामाजिक पुनर्स्थापना गरी बालबालिकाको स्वास्थ्य आत्मसम्मान र प्रतिष्ठा प्रवर्द्धन गर्नु पर्ने, धारा ३९ ले कुनै पनि शोषण वा दुर्व्यवहारबाट पीडित बालबालिकाको शारीरिक तथा मनोवैज्ञानिक पुनःलाभ र सामाजिक पुनर्स्थापना प्रवर्द्धन गर्न समुचित उपाय अपनाउनु पर्ने व्यवस्था गरी राज्यको कर्तव्य र दायित्व निर्धारण गरेको परिप्रेक्ष्यमा नेपाल पनि त्यस्तो दायित्वबाट मुक्त हुन नसक्ने भएकाले अन्तर्राष्ट्रिय सन्धि सम्झौता एवम् क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धमा भएको अन्तर्राष्ट्रिय अभ्यास एवम् मापदण्डको आधारमा वर्तमान कानूनमा भएको अभावलाई पहुँचयोग्य बनाई छिटोछरितो र सर्वसुलभ न्याय प्रदान गरी पीडितलाई न्यायको अनुभूति दिलाउने नेपालको पनि दायित्व देखिन आउने।

कसुरदारको सम्पत्ति भएमा र पीडितले दिएको निवेदनको आधारमा मात्र क्षतिपूर्ति पाउने गरी भएको वर्तमान मुलुकी ऐन, जबरजस्ती करणीको महलमा भएको यौनजन्य अपराधबाट पीडित व्यक्तिले क्षतिपूर्ति पाउनेसम्बन्धी कानूनी व्यवस्था उपर्युक्त सन्धि सम्झौता र अन्तर्राष्ट्रिय प्रचलनसमेतको परिप्रेक्ष्यमा सर्वसुलभ र प्रभावकारी देखिन आउँदैन । अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा नेपाल पक्ष भैरहेको र वर्तमान संविधानले महिला तथा बालबालिकाको अधिकारलाई मौलिक हककै रूपमा स्वीकार गरेको सन्दर्भमा समयानुकूल कानूनी व्यवस्थामा परिमार्जन गरी राज्यको स्रोत साधन र क्षमताले भ्याउनेसम्म यौनजन्य अपराध तथा हिंसाबाट पीडित व्यक्तिलाई राज्यको तर्फबाटै क्षतिपूर्ति उपलब्ध गराउने गरी व्यवस्था गर्न उपयुक्त मात्रै हैन अपरिहार्य देखिन आउने।

महिला तथा बालबालिकालाई यौनजन्य अपराध र हिंसाबाट हुन जाने तत्कालीन र दीर्घकालीन असरलाई विचार गरी पीडितको उपचार शैक्षिक तथा बौद्धिक विकास, शिक्षाको निरन्तरता, न्यायमा पहुँच, निःशुल्क कानूनी सहायता, सामाजिक तथा पेसागत मर्यादासमेत कायम हुने गरी नेपाल पक्ष

भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा अन्तर्राष्ट्रिय अभ्यास र मापदण्डसमेतको अध्ययन गरी महिला तथा बालबालिकाको विकास र अधिकारको संरक्षणसँग सम्बन्धित सरोकारवालाहरूसित परामर्श गरी क्षतिपूर्ति दिलाउने सम्बन्धमा स्पष्ट कार्यविधिसहितको कानून निर्माण गर्न उपयुक्त विधेयक संसद्मा पेस गर्नु भनी विपक्षीमध्ये नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, व्यवस्थापिका संसद् सचिवालय, नेपाल सरकार कानून न्याय संविधान सभा तथा संसदीय मामिला मन्त्रालय र नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका नाममा सम्म परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७१ साल फागुन २० गते रोज ४ शुभम्।

१०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६६-WO-१२३९, उत्प्रेषण / परमादेश, *केदार सिंह थापासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

समानताको खोजी गर्नेले समान अवस्था र परिस्थितिको पनि पुष्ट्याईँ गर्नुपर्दछ । अवस्था र परिस्थिति नै असमान छ भने सबै पक्षमा समानता खोज्न मिल्दैन । स्थानीय स्रोत र साधन तथा प्रशासकीय बजेटको परिधिभित्र रहेर भत्ता तथा सुविधा पाउने गरी नियुक्ति पाएका कर्मचारीलाई निजामतीसरह स्थानीय भत्ता प्रदान नगरि असमान व्यवहार गरियो भनी समान किसिमको सुविधाको माग गर्न मिल्ने नदेखिने।

नेपाल सरकारले निवेदकहरूको हकमा प्रतिकूल असर पर्ने गरी हाल कुनैं व्यवहार गरेको नदेखिएको र स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २५० तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ दफा २५७ तथा नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०५७।१०।१७ को निर्णयको आधारमा पारिश्रमिक तथा अन्य सुविधा निर्धारण गर्दा समान स्तरका कर्मचारीहरूका बिच असमान तलब भत्ता कायम गर्नु कानून तथा न्यायका मान्य सिद्धान्तसमेतको प्रतिकुल हुनजाने देखिन्छ । तसर्थ स्थानीय निकायका कर्मचारीहरूका बिचमा मात्र समानता रहने गरी तलब भत्ता निर्धारण गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असार २२ गते रोज ३ शुभम्।

११

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CI-०२५७, उत्प्रेषण / परमादेश, *उदयबहादुर सिंह ठकुरी वि. जयबहादुर खड्कासमेत*

प्रस्तुत विवादको सन्दर्भमा मिति २०७०।९।४ को निर्णय विपक्षी जिल्ला प्रशासन कार्यालय, कैलालीका सहायक प्रमुख जिल्ला अधिकारीले गरेको देखिँदा सो निर्णयलाई कानूनसम्मत मान्न मिल्ने देखिएन । कार्यालयमा कार्यालय प्रमुख अनुपस्थित रहेको अवस्थामा निजले गर्ने कामको जिम्मेवारी स्वतः निमित्त भै कामकाज गर्ने व्यक्तिउपर रहन्छ मैले निमित्त प्रमुख जिल्ला अधिकारीको हैसियतले उक्त निर्णय गरेको हुँदा उक्त निर्णय विधिसम्मत प्रक्रियाबाट भएको हो भन्नेसमेतको पुनरावेदकको पुनरावेदन जिकिर रहेकामा कुनै ऐनले निर्णय गर्ने अधिकार तोकिदिएको पदाधिकारी अनुपस्थित हुँदा निमित्त भई कामकाज

गर्ने पदाधिकारीले निर्णय गर्ने अधिकार पनि स्वतः पाएको भन्न मिल्दैन । कुनै पनि विषयमा सम्बन्धित ऐनले निर्णय गर्ने अधिकारी तोकिएकोमा निर्णय गर्ने अधिकारको प्रयोग ऐनमै व्यवस्था भएको अवस्थामा बाहेक अन्य अधिकारीले प्रयोग गर्न पाउने अवस्था नरहने ।

मालिका यातायात व्यवसायी संघको विशेष साधारण सभा विधिगतरूपमा नबोलाइएको, बैठकमा गणपूरक सङ्ख्या नपुगेको र कानूनसङ्गत प्रक्रिया पुर्‍याई निर्णय भएको नदेखिएको अवस्थामा आफूमा हुँदै नभएको अधिकारको प्रयोग गरी विपक्षी जिल्ला प्रशासन कार्यालय, कैलालीका सहायक प्रमुख जिल्ला अधिकारी उदयबहादुर सिंह ठकुरीले मिति २०७०।९।४ मा गरेको निर्णय कानूनप्रतिकूल देखिएको र उक्त निर्णयबाट रिट निवेदकहरूको नागरिक अधिकार ऐन, २०१२ को दफा ६ द्वारा प्रदत्त व्यवसाय सञ्चालन गर्नेसमेतका नागरिक हक अधिकारमा आघात परेको अवस्था देखिन आउने हुँदा मिसिल संलग्न आधार, प्रमाण र कानूनी व्यवस्थाको विवेचना गरी पुनरावेदन अदालत, दिपायलबाट विपक्षी जिल्ला प्रशासन कार्यालय, कैलालीका सहायक प्रमुख जिल्ला अधिकारी उदयबहादुर सिंह ठकुरीले मिति २०७०।९।४ मा मालिका यातायात व्यवसायी सङ्घलाई सुदुरपश्चिम यातायात व्यवसायी सङ्घमा गाभ्ने र संस्था दर्ता तथा विधानसमेत खारेज गर्ने भनी गरेको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहराएको मिति २०७१।३।२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७२ साल भदौ ३ गते रोज ५ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-०५६०, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. डगम सिंह लिम्बूसमेत*

ज्यान मार्ने उद्योग मुद्दामा पीडितको भनाई सर्वाधिक महत्त्वको हुन्छ । पीडित हेमन्त श्रेष्ठले अदालतमा आई बकपत्र गर्न सकेको पाइँदैन । घाखतले गर्दा निज हेमन्त श्रेष्ठ बकपत्र गर्न असमर्थ भएको भन्ने सम्बन्धमा निजकी पत्नीले २०६५।२।२८ मा निवेदन दिएकी देखिए पनि त्यसको सत्यता जाँच्ने काम सुरू अदालतबाट हुन सकेको छैन । सुरू अदालतबाट निजको शारीरिक परीक्षण नै नभै निजलाई यस्तो भएको निज केही बोल्न नसक्ने भनी भन्न नमिल्ने ।

वादीले मुलुकी ऐन, अ.बं. ११५ नं मा प्रमाण बुझ्न तोकिएको तारिखमा हाजिर नभएका साक्षीलाई वातिल गर्नुपर्छ । तर नेपाल सरकार वादी हुने वा फौजदारी मुद्दामा नबुझी नहुने साक्षीका सम्बन्धमा समाह्वान जारी गरी बुझ्न हुन्छ भनी उल्लेख भए अनुसारको उपचारको प्रयास पनि गरेको देखिँदैन । सोही अ.बं. १४२ नं. मा नबुझी नहुने अड्डामा आउन नसक्ने बुढा बुढी र होस भएको अशक्त बिरामीलाई साक्षी बुझ्नपर्ने भएमा उसैका घरमा गई उसले भनेबमोजिमको बकपत्र लेखाई ल्याउन हाकिम आफैँ गै वा आफूभन्दा मुनिको सबभन्दा ठूलो दर्जाको कर्मचारीलाई खटाई पठाउन हुन्छ भन्ने कुरा पनि उल्लेख नभएको होइन । साक्षीले बोलेरै बकपत्र गर्नुपर्छ भन्ने होइन । निजले लेखेर वा इसाराद्वारा पनि बकपत्र गर्नसक्ने हुँदा पीडित हेमन्त श्रेष्ठ बोलेर बकपत्र गर्न असमर्थ हुँदैमा

निजलाई अदालतमा सशरीर उपस्थित गराई यथार्थ बुझ्ने प्रयास नगरेको कार्यलाई उचित मान्न सकिँदैन। यसरी जसलाई चोट परेको हो ऊ व्यक्ति नै अनुपस्थित रहेको अवस्थामा पुनरावेदन अदालतले वारदात कायम गरी त्यसलाई कुटपिटमा परिणत गरेको नै कताकता नमिले जस्तो देखिने।

वारदात स्थापित भयो भन्दैमा प्रतिवादीले पीडितको ज्यान मार्ने नियत राखी सो वारदात घटाएको र त्यसको परिणामबाट पीडितको ज्यान मर्नेसम्मको अवस्था उत्पन्न भएको भन्ने अर्थ आउँदैन । यसको लागि पीडितलाई अदालतले हेर्न पाउनुपर्छ । अदालतले नै हेर्न र विचार गर्न नसकेको कुरामा अदालतले बोल्न नमिल्ने।

प्रस्तुत मुद्दामा प्रतिवादीहरूले पीडितको ज्यान लिने मनसाय लिएको भए त्यसलाई पूर्णता दिन निजहरूलाई के कुन कारणले रोकेको थियो सो कुरालाई वादीले खुलाउन सकेको देखिँदैन । अपितु जे जति कुरा मिसिलमा देखिन्छ त्यसबाट पीडितलाई कुटपिट गरेपछि प्रतिवादीहरूले स्वेच्छाले छाडी हिँडेको पुष्टि हुन्छ । प्रतिवादीहरूले पीडितको ज्यान लिनका लागि आफ्नो तर्फबाट गर्नुपर्ने सबै काम नगरी बिचैमा पीडितलाई छाडी हिंडेको कार्य उल्लिखित परिभाषाको आधारमा ज्यान मार्ने उद्योगको वारदातभित्र पर्ने नदेखिने हुँदा प्रस्तुत वारदातलाई कुटपिटमा परिणत गरी पीडितले सकार गर्न आए कुटपिट मुद्दा चलाउनका लागि सुरू अदालतमा मिसिल पठाउने गरी पुनरावेदन अदालत, पाटनले मिति२०६६।८।२२ मा गरेको ठहर फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी
कम्प्युटर: चन्द्रा तिमिल्सिना
इति संवत् २०७२ साल साउन १८ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-०५१०, अंश दर्ता, *शुभनारायण सिंह वि. हरिनारायण सिंह थारू*

प्रतिवादी हरिनारायण सिंहले सुरू महोत्तरी जिल्ला अदालतमा मिति २०६३।११।२ मा पेस गरेको तायदाती फाँटवारीको प्रकरण नं. १ मा मेरो श्रीमतीले दाइजोमा प्राप्त गरेको ०-४-६ मध्ये मेरो नाउँमा हाल दर्ता रहेको कि.नं. ९३० को ०-१-१२ मोल रू. १५,०००। जाने जग्गा साबिकमा मेरो श्रीमती गंगावती थरूनीले रामदयाल खाँ थारूबाट विवाहको डोलाबापत हदमुनिको रू. ९५। को घरसारको मिति २०२०।११।१२।२ को राजीनामाले प्राप्त गर्नु भएको मेरो श्रीमतीको दाइजो पेवाको श्रीसम्पत्ति रहेको भूलवश मेरो नाउँमा सर्वे भै हाल मेरै नाउँमा दर्ता रहे पनि त्यसमा कसैको अंश नलाग्ने हुँदा र सो जग्गामा म हरिनारायणले कृषि विकास बैंकबाट सापटी ऋण लिई घर समेत बनाएको छु भनी उल्लेख गरिदिएको देखिन्छ । त्यसपछि तपसिल भन्ने खण्ड राखी अन्य कि.नं. का जग्गा तथा स्ववासी घरसमेत उल्लेख गरेको पाइन्छ । यस स्थितिमा तायदातीमा विवादित जग्गा उल्लेख भएन भन्न मिलेन । तपसिलभन्दा मुनि उल्लेख भएका जग्गाहरू तायदाती फाँटवारीभित्र पर्ने तर त्यसभन्दा माथि उल्लेख भएका जग्गाको विवरण पेटबोली मात्र हुने र तायदाती फाँटवारीभित्र नपर्ने भनी वर्गीकरण गर्न मिल्ने कानून, व्यवहार तथा प्रचलन वा अरू कुनै तार्किक आधार कारण रहेको पाइँदैन । त्यसमा पनि सुरू अदालतको फैसलामा प्रतिवादी हरिनारायण सिंहले मिति २०६३।११।२ मा पेस गरेको फाँटवारीमा आफ्नो श्रीमतीको डोली उठाउँदा मिति २०२०।११।१२ मा हदमुनिको राजीनामाबाट खरिद

गरेको ०-४-६ मध्येको हरिपुर ७(ख) को कि.नं. १९३ को ०-४-१ मा घर निर्माण गर्दा मैले कृषि विकास बैंकबाट घर सापटीस्वरूप ऋण लिई घर बनाएको हुँदा बन्डा हुनु नपर्ने भन्ने जिकिर लिएको र तायदातीको तपसिलको पहिलो खण्डमा बन्द व्यापारसमेतका लागि कृषि विकास बैंकबाट लिएको रू.८०९६६।- बन्डा गरिपाउँ भन्ने पृथक जिकिर राखेको पाइन्छ । मिति २०२०।११।१२ को हदमुनिको राजीनामासमेतको प्रतिलिपि हेर्दा सोबाट जग्गा कारणी गंगावती थरूनीका नाउँमा दर्ता भएको वा दाखिल खारेज तिरोभरोसमेत केही भएको देखिँदैन। दाइजो पेवा स्त्री अंश धनको ४ नं. बाट जन्मने र ऐ. ५ नं. बमोजिम बाँचुन्जेल आफूखुसी गर्न पाउने र कसैलाई नइच्छाइकनै मृत्यु भएमा मात्र अंशियारको हकमा जाने स्त्री हकको निजी धन हो । तर त्यस्तो धन स्त्रीका नाममा नै नआइकन अड्डा अदालतमा दर्ता हुन नपर्ने कागजमा उल्लेख भएकै आधारमा निजको नाममा नै नगएको जग्गा निजको दाइजो पेवा हो भन्न मिल्ने देखिन आउँदैन भनी दाइजो पेवासम्बन्धी प्रतिवादीको जिकिरलाई अस्वीकार गर्दै उपरोक्त आधारमा प्रतिवादी हरिनारायण सिंहले मिति २०६३।११।२ मा दिएको तायदाती विवरणमा दर्ता स्रेस्ता र हकभोग भिडे मिलेसम्मको सम्पत्ति ३ भाग लगाई १/१ भाग वादी रामनारायण र शुभनारायणले अंश पाउने ठहर्छ भन्ने उल्लेख भै फैसलाको ठहर खण्ड तयार भएको पाइने।

प्रतिवादी हरिनारायणबाट तत्सम्बन्धमा मिति २०२०।११।१२ को घरायसी राजीनामा सम्म पेस हुनु, सो लिखतको जग्गाधनी प्रतिवादीको ससुराली खलकको व्यक्ति नभै रामदयाल खाँ थारू हुनु तर लिखतबमोजिम सो जग्गा गंगावतीको नाममा दर्ता भएको नदेखिनु र अर्कोतर्फ प्रतिवादी हरिनारायणको नाममा दर्ता हुँदा पनि निजकी श्रीमती गंगावतीले आफ्नो हकको जग्गा भएकाले दाइजो पेवाकै रूपमा राख्नुपर्ने भनी दर्ता नामसारी गर्न पाउने गरी प्रतिवादीलाई स्वीकृति प्रदान गरेको वा हक छाडेको लिखत आदिको अभाव हुनु र उल्लिखित जग्गा मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. भित्र पर्ने बन्डा नलाग्ने प्रकृतिको जग्गा रहेको पनि नपाइनु आदि कारणबाट प्रतिवादीको उक्त जिकिरसँग सुरू अदालत असहमत भएकोलाई मनासिब र न्यायोचित नै भन्नु पर्ने ।

पुनरावेदक वादीले जिकिर लिएको कि.नं. १९३ हाल कि.नं. ९३० को जग्गा पनि बन्डा लाग्ने गरी सुरू अदालतबाट फैसला भएकामा उक्त जग्गालाई सुरू अदालतले बन्डा लगाएको नदेखिँदा तत्सम्बन्धमा केही बोलिरहनु परेन भन्ने हदसम्मको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।२।२ को फैसला त्रुटिपूर्ण हुँदा उल्टी भै कि.नं. १९३ हाल कि.नं. ९३० को जग्गासमेत बन्डा लाग्ने।

इजलास अधिकृत: बसन्तजङ्ग थापा

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल असार ३० गते रोज ४ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-१०१९, १२२०, लागु औषध हेरोइन, *शुक्रबहादुर गुरूङ वि. नेपाल सरकार, हरिबहादुर कार्की वि. नेपाल सरकार*

प्रतिवादीहरू अदालतमा उक्त कसुर गरेकामा इन्कार रहे पनि अधिकारप्राप्त अधिकारीसमक्ष साबित रहेको पाइन्छ। बरामद हेरोइन प्रतिवादीहरूको साथबाट

बरामद भएको कुरा बरामदी मुचुल्काका प्र.ना.नि. असरफ अली अन्सारी तथा प्र.स.नि. यादव बस्नेतको अदालतमा भएको बकपत्रबाट तथा बरामदी मुचुल्कामा प्रतिवादीहरू स्वयम्ले लिने दिने कार्य गर्दागर्दैको अवस्थामा पक्राउ परेको तथ्य स्वीकार गरी दस्तखत गरी दिएको एवम् प्रतिवेदकसमेतको बकपत्रबाट समर्थित भैरहेको छ । प्रतिवादीहरूलाई कुटपिट गरी यातनासमेत दिई अधिकारप्राप्त अधिकारीसमक्ष साबित गराएको भनी प्रतिवादीहरूले लिएको जिकिर मिसिलबाट समर्थित हुन सकेको नदेखिने।

प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूले लागु औषध रहेको प्लास्टिकको प्याकेट दिएको अवस्थामा पक्राउ परेको भन्ने बरामदी मुचुल्का, सो मुचुल्कालाई स्वीकार गरी यी प्रतिवादीहरूले गरिदिएको दस्तखत, प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको बयान, बरामदी मुचुल्काका व्यक्तिहरू तथा प्रतिवेदकको बकपत्रसमेतबाट पुष्टि भइरहेको देखिएको हुँदा सो कानूनी परिभाषा अनुसार बरामदी वस्तु लागु औषध हो भनी विश्वासमा पारी कारोबार भएको होइन भन्ने अर्थ गर्न नसकिने हुँदा प्रतिवादीहरू हरिबहादुर कार्की र शुक्रबहादुर गुरूङलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को उपदफा १ को खण्ड (छ) को देहाय ३ बमोजिमको सजायलाई आधार मानी ऐ दफा १७क बमोजिम जनही कैद वर्ष सात महिना छ तथा जरिवाना रू. २५००००।– (दुईलाख पचास हजार) समेत हुने ठहर गरी भएको सुरूको फैसलालाई सदर गरी भएको पुनरावेन अदालत, पाटनको मिति २०६९।८।१२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन । यस अदालतबाट मिति २०७०।७।२८ मा निस्सा दिने आदेशमा उल्लिखित नजिर प्रस्तुत वारदातसित मेल खाने प्रकृतिको नभएकाले आकर्षित हुने नदेखिँदा सो आदेशसँग सहमत हुन नसकिने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७२ साल पुस १ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-००४४, कर्तव्य ज्यान / ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. वनवाली साह तेलीसमेत*

प्रतिवादीहरू फूर्तिलाल साह तेली र मोहनप्रसाद साहको उक्त वारदातमा संलग्नता रहेको भनी किटानी जाहेरी परे पनि प्रतिवादी फूर्तिलाल साहले वारदातको मिति र समयमा आफू कार्यरत रहेको बर्दिया जिल्ला अदालतमा रूजु हाजिर रहेको हुँदा वारदातमा कुनै संलग्नता नभएको भनी अदालतमा आई गरेको बयानमा Alibi को जिकिर लिएको र सो जिकिरलाई उक्त वारदातको मिति र समयमा निज बर्दिया जिल्ला अदालतमा रूजु हाजिर रहेको भन्ने अदालतको हाजिरी रेकर्डको प्रतिलिपिबाट पुष्टि गरिरहेको देखिने । साथै अर्का प्रतिवादी मोहनप्रसाद साहले उक्त वारदात मिति र समयमा आफू कार्यरत् कालीकोटस्थित बुकी मालिका प्रा.वि. डाँडा पोखरा भर्ता २ मा हाजिर रहेको हुँदा वारदातमा कुनै संलग्नता नभएको भनी अदालतमा आई गरेको बयानमा Alibi को जिकिर लिएको र सो जिकिरलाई उक्त वारदातको मिति र समयमा निज कालीकोटस्थित बुकी मालिका प्रा.वि.मा रूजु हाजिर रहेको भन्ने उक्त विद्यालयको हाजिरी रेकर्डको प्रतिलिपिबाट पुष्टि गरिरहेको देखिन्छ । यसरी यी प्रतिवादीहरूको उक्त वारदातमा संलग्नता भएको वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकी वारदात मिति र समयमा अन्यत्र रहेको भनी निज

प्रतिवादीहरूले लिएको Alibi जिकिरलाई निजहरू कार्यरत कार्यालयको हाजिरी रेकर्डको प्रतिलिपिबाट पुष्टि गरिरहेको देखिँदा केवल किटानी जाहेरीलाई मात्र आधारमानी निजहरूलाई कसुरदार ठहर गर्न नमिली निज प्रतिवादीहरू फूर्तिलाल साह र मोहनप्रसाद साहले अभियोग माग दाबीबाट सफाइ पाउने।

प्रस्तुत मुद्दामा वस्तुनिष्ठ प्रमाणबाट यो यसैको चोटबाट मृतकको मृत्यु भएको भन्ने पुष्टि हुन सकेको छैन । जाहेरवाला तथा मौकामा बुझिएका व्यक्तिहरू तथा चश्मदिद एवम् पीडित दशरथ साहले अदालतमा आई बकपत्र गर्दा यिनै प्रतिवादीहरूले प्रहार गरेको चोटबाटै मृतक मिश्रीलालको मृत्यु भएको भनी खुलाउन सकेको पाइँदैन। मृतकको शरीरमा १२ भन्दा बढी साना ठूला चोटहरू रहेको भन्ने लास जाँच प्रकृति मुचुल्काबाट देखिएको अवस्थामा यी प्रतिवादीहरू दरबारी साह र कपली साह तेलीको चोटबाटै मृतकको मृत्यु भएको भन्ने कुरा तथ्यपरक ढङ्गबाट प्रमाणित भएको पाइएन। तसर्थ कसको चोटबाट मृतकको मृत्यु भएको हो भनी खुल्न सकेको नदेखिएको अवस्थामा यी प्रतिवादीहरू दरबारी साह र कपली साह तेलीलाई ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ३ अनुसार सजाय हुने ठहर गरी भएको सुरू फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत, राजविराजको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

जाहेरीलाई समर्थन गरी गरेको किटानी बकपत्र, उक्त वारदातका चश्मदिद मुक्तिलाल एवम् पीडित दशरथले अदालतसमक्ष आई गरेको किटानी बकपत्र तथा तत्काल पक्राउमा परेका बिहारी साह तेलीले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा मेरो भाइ दरबारी साह तेली र मृतक मिश्रीलालबिच चलेको कुटपिट मुद्दाको रिसइबीका कारण दरबारी साह तेलीले आफ्नो ज्वाइँ नाता पर्ने चिनीलाल साह, कपली साह तेलीसमेतको सहयोग लिई योजना बनाई निज दरबारी साह तेली, श्यामप्रसाद साह तेली, सरयुग साह तेली, चिनीलाल साह तेली एवम् कपली साह तेलीसमेत भई उक्त घटना घटाएका हुन् भनी पोल गरी लेखाई दिएबाट यी प्रतिवादी दरबारी साहसमेत उक्त वारदातमा संलग्न भई मृतक मिश्रीलालको हत्या गरेको भन्ने देखिएकाले प्रतिवादी दरबारी साहले सजायबाट सफाइ पाउने नदेखिने।

प्रतिवादीहरू बिहारी साह तेली, वनवाली साह, श्यामप्रसाद साह, कपलेश्वर भन्ने कपली साह, लक्ष्मण साह भन्ने धनिलाल साह तेली, देवीलाल साह, चिनीलाल सचिन भन्ने कामेश्वर साह तेलीको हकमा साधको रोहबाट हेर्दा किटानी जाहेरी, मौकामा बुझिएका व्यक्तिहरूको किटानी बकपत्र, पीडित एवम् चश्मदिद दशरथ साहको किटानी बकपत्रसमेतका प्रमाणबाट उक्त वारदातमा यी प्रतिवादीहरू कसुरदार रहेको भन्ने देखिएको र सो प्रमाणलाई खण्डन गर्ने युक्तियुक्त आधार नदेखिँदा यी प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ३ नं. अनुसार जन्मकैदको सजाय हुने।

प्रतिवादी वनवाली साह तेली, विहारी साह, श्यामप्रसाद साह, चिनीलाल सचिन भन्ने कामेश्वर साह, कपिलेश्वर साह भन्ने कपली साह, धनीलाल साह र देवीलाल साहसमेतका प्रतिवादीलाई मिति २०६५।१२।११ मा र दरबारी साहलाई मिति २०६७।१०।२४ मा यो यसैको चोट कर्तव्यबाट मृतकको मृत्यु भएको हो भन्ने खुल्न नसकेको आधारमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ३ बमोजिम जन्मकैदको सजाय हुने गरी र प्रतिवादीमध्येका मोहन साह तेली, फूर्तिलाल साह

तेली, सरयुग साह कापर, राम अवतार साहलाई आरोपित कसुरबाट सफाई दिई र प्रतिवादी चिनीलाल साह भन्ने सचिन साहलाई मात्र ज्यान मार्ने उद्योगमा समेत कैद वर्ष ८ गर्ने गरी भएको सप्तरी जिल्ला अदालतको मिति २०६५।१२।११ र मिति २०६७।१०।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर गरी प्रतिवादीमध्येका दरबारी साह तेलीको उमेर अति बृद्ध देखिई निजको उमेर ७५ वर्षसमेत रहेको, अपराध हुँदाको अवस्था परिस्थिति उमेरसमेतलाई विचार गर्दा निजलाई कैद वर्ष ५ मात्र गर्न उपयुक्त हुने राय व्यक्त गरी भएको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।१२।२२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । साथै साधकसमेत सदर हुने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७२ साल पुस १ गते रोज ४ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७२-WH-००२७, बन्दीप्रत्यक्षीकरण, *अञ्जन देवकोटा वि. केन्द्रीय अनुसन्धान ब्युरो, महाराजगञ्ज काठमाडौं*

निवेदकले गरेको अपराधका सम्बन्धमा कानूनबमोजिम अनुसन्धान तहकिकात भइरहेको, पक्राउ भएपश्चचात् थुनुवापुर्जी दिइएको, मुद्दा हेर्ने अधिकारीबाट बन्दीलाई हिरासतमा राखी थप अनुसन्धान कार्य गर्न अधिकारप्राप्त अधिकारीबाट पटकपटक अनुमतिसमेत लिएको मिसिलबाट देखिँदा निजलाई थुनुवापुर्जी दिई अख्तियारवालाको अनुमति लिई म्याद थप गरी अनुसन्धान प्रयोजनार्थ थुनामा राखेको देखिन आउने ।

अदालतको आदेशपूर्वको निवेदकको थुनाको अवस्था जे जस्तो भए पनि हाल निवेदकलाई साधिकार निकाय र अधिकारीको आदेशबाट प्रहरी हिरासतमा राखिएको देखिएकाले निवेदक बन्दीको थुना गैरकानूनी रहे भएको देखिन नआउँदा निवेदक रञ्जन देवकोटालाई चोरी मुद्दाको अनुसन्धानको सिलसिलामा थुनुवापुर्जी दिई अधिकार प्राप्त अधिकारीको अनुमति लिई प्रहरी हिरासतमा राखिएको पाइँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु नपर्ने ।

इजलास अधिकृतः लोकनाथ पराजुली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल कात्तिक १ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-WH-००३१, बन्दीप्रत्यक्षीकरण, *विनोद तामाङको हकमा लक्ष्मी तामाङ वि. महानगरीय प्रहरी परिसर, भक्तपुरसमेत*

निवेदक पक्राउमा पर्नुपूर्व नै बडादशैं २०७२ को कारण मिति २०७२।६।२६ देखि अदालत बन्द रहेकाले निवेदकलाई मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउन सकेको पाइएन । अदालत बडादशैंको कारण लामो समय बन्द रहेको अवस्थामा निवेदक पक्राउ परे र कानूनबमोजिम हिरासतमा राख्ने म्याद थप गर्न नसकेको अवस्थामा राखिएको हिरासतलाई गैरकानूनी हिरासत मान्न सकिएन ।

अतः निवेदक बिनोद तामाङलाई ठगी मुद्दामा पक्राउ गरी पक्राउ पुर्जी तथा थुनुवापुर्जीसमेत दिई प्रहरी हिरासतमा राखिएको र निवेदक बडादशैंको विदाको अवधिका बिचमा पक्राउ भई अदालतसमक्ष

उपस्थित गराउन नसकिएको पाइँदा निवेदकलाई प्रहरी हिरासतमा राखिएको कार्यलाई गैरकानूनी भन्न सकिएन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : लोकनाथ पराजुली

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७२ साल कात्तिक ४ गते रोज ४ शुभम्।

## रित / बेरीत आदेश

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-RE-००१३, अवैध रक्तचन्दन ओसारपसार, *रुद्रनारायण तिमिल्सिना वि. नेपाल सरकार*

निवेदक प्रतिवादीलाई पुर्पक्षको लागि थुनामा राख्ने भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।६।१८ मा भएको आदेशबमोजिम निवेदक पुर्पक्षको लागि थुनामा नबसि फरार रहेको देखिँदा निजले मुलुकी ऐन, अ.बं. १९४ (२) नं. बमोजिम धरौट तारिखमा रहि पुनरावेदन गर्ने सुविधा पाउन नसक्ने भनी पुनरावेदन अदालत, पाटनको मिति २०७२।३।२४ को आदेश मिलेकै देखिँदा परिवर्तन गरिरहन परेन। यसमा अरूहरूको हकमा विद्वान् कानून व्यवसायीको बहसबमोजिमको आदेश भएकै देखिए पनि तल्लो अदालतको आदेश यस अदालतको लागि बन्धनकारी नहुने हुँदा कानूनबमोजिम गर्नुपर्ने।

इति संवत् २०७२ साल माघ १३ गते रोज ४ शुभम्।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"

- सर्वोच्च अदालत, मेलमिलाप समिति

## अदालत गतिविधि

### नेपाल मध्यस्थता परिषद् (नेप्का) को २४ औं वार्षिक साधारण सभा कार्यक्रममा सम्माननीय प्रधानन्यायाधीशज्यूको सहभागिता

नेपाल मध्यस्थता परिषद् (नेप्का) को २४ औं वार्षिक साधारण सभाको प्रमुख आतिथ्यता सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेठज्यूबाट मिति २०७२ माघ ९ गते गर्नुभएको थियो। कार्यक्रमको उद्घाटन गर्दै सम्माननीय प्रधानन्यायाधीशज्यूले विवाद समाधानको वैकल्पिक उपायमध्येको सशक्त उपायको रूपमा रहेको मध्यस्थताको महत्त्वको सम्बन्धमा प्रकाश पार्दै हरेक विवाद आफैँमा खतरनाक नभएको तर त्यस्तो विवादलाई कानूनी ढङ्गबाट सम्बोधन गर्न नसकेमा मात्र सो विवादले खतरनाक रूप लिने भन्दै मध्यस्थताको माध्यमबाट व्यवसायिक प्रकृतिका ठुला ठुला विवाद पनि सल्टाउने सकिने कुरामा जोड दिनुभयो। मन्तव्यकै क्रममा सम्माननीय प्रधानन्यायाधीशज्यूबाट कारोबारको सिलसिलामा उत्पन्न हुन सक्ने व्यापारिक तथा वाणिज्य प्रकृतिका विवादहरूको दिगो समाधानको लागि मध्यस्थतालाई भरपर्दो विकल्पको रूपमा लिइएको र विवाद समाधानका रोहमा मध्यस्थकर्ता र विवादका पक्षका बिच पनि समन्वय कायम हुनुपर्ने, करारका पक्षको स्वायत्तताका कुरालाई मध्यस्थकर्ताले सर्वोपरिता र यसको सार्वभौमिकतामा जोड दिनुपर्ने जस्ता महत्त्वपूर्ण पक्षमा विचार गर्नुपर्ने कुरामा समेत प्रकाश पार्नुभएको थियो।




नेपाल मध्यस्थता परिषद् (नेप्का) को २४ औं वार्षिक साधारण सभा कार्यक्रमको प्रमुख आतिथ्यता ग्रहण गर्नुहुँदै सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ

## सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७१/०७२ सम्माननीय राष्ट्रपतिसमक्ष प्रस्तुत

नेपालको संविधानको धारा १३८ बमोजिम सर्वोच्च अदालतले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने संवैधानिक व्यवस्थाअनुरूप सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीसमक्ष सर्वोच्च अदालतका सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठले सर्वोच्च अदालतको आर्थिक वर्ष २०७१/०७२ को वार्षिक प्रतिवेदन मिति २०७२।१०।२२ मा प्रस्तुत गर्नुभयो । प्रस्तुत प्रतिवेदनमा आर्थिक वर्ष २०७१/०७२ मा सर्वोच्च अदालत, न्याय परिषद, न्याय सेवा आयोग, पुनरावेदन अदालत, जिल्ला अदालत, विशेष अदालत, राजश्व न्यायाधिकरणहरू, श्रम अदालत र वैदेशिक रोजगार न्यायाधिकरणबाट भएका न्याय सम्पादन तथा अन्य व्यवस्थापकिय कार्यसम्बन्धी मुख्य मुख्य विवरण र न्यायपालिकाका समसामयिक चुनौती र सुझावहरू उल्लेख गरिएको छ। प्रतिवेदनको सार सङ्क्षेप यसप्रकार छ :

### १. मुद्दा फछ्र्यौटतर्फ

### १.१ सर्वोच्च अदालत

- गत आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका १८७८९ (अठार हजार सात सय उनानब्बे) थान र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका ९४८६ (नौ हजार चार सय छयासी) थान गरी **जम्मा मुद्दाको लगत २८२७५ (अट्ठाइस हजार दुई सय पचहत्तर)** रहेकामा **सोमध्ये ६४४८ (छ हजार चार सय अठचालीस) थान** अर्थात् २२.८० प्रतिशत मुद्दा **फछ्र्यौट**



सर्वोच्च अदालतको आ.व.२०७१/०७२ को वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीसमक्ष पेस गर्नुहुँदै सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ

**भई २१८२७ (एक्काईस हजार आठसय सत्ताईस) थान मुद्दा बाँकी रहन गएका छन् ।** अघिल्लो आर्थिक वर्षमा २४७३५ (चौबीस हजार सात सय पैंतीस) लगत भै सोको २४.०४ प्रतिशत अर्थात् ५९४६ (पाँच हजार नौ सय छ्यालिस) मुद्दा फछ्र्यौट भएकामा **यस आर्थिक वर्षमा अघिल्लो वर्षको तुलनामा १.२४ प्रतिशतले घटी तर मुद्दा सङ्ख्याको आधारमा ५०२ (पाँच सय दुई) थानले बढी फछ्र्यौट भएको छ ।** प्रति न्यायाधीश मुद्दा फछ्र्यौटको अनुपात अघिल्लो आ.व. मा ४५७.३८ रहेकामा यस आ.व. मा ५३७.३३ छ।

### १.२ पुनरावेदन अदालत

- गत आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका १२७८२ (बाह्र हजार सात सय बयासी) थान र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका ४३००७ (त्रिचालीस हजार सात) थान गरी **मुद्दाको जम्मा लगत ५५७८९ (पचपन्न हजार सात सय उनान्नबे) थान रहेकामा ४०३२३ (चालीस हजार तीन सय तेइस) थान मुद्दा** अर्थात् ७२.२८ प्रतिशत फछ्र्यौट भई **१५४६६ (पन्ध्र हजार चार सय छैसट्ठी) थान मुद्दा बाँकी रहन गएका छन् ।** अघिल्लो आर्थिक वर्षमा ४१८५२ लगत भै सोको ६९.४६ प्रतिशत अर्थात् २९०७० (उनन्तीस हजार सत्तरी) मुद्दा फछ्र्यौट भएकामा **यस आर्थिक वर्षमा अघिल्लो वर्षको तुलनामा २.८२ प्रतिशतले बढी अर्थात् ११२५३ (एघार हजार दुई सय त्रिपन्न) थान मुद्दा बढी फछ्र्यौट भएको छ ।** प्रति न्यायाधीश मुद्दा फछ्र्यौट अनुपात अघिल्लो आ.व. मा २३६.३४ रहेकामा यस आ.व. मा ३९१.४८ छ।



सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीसमक्ष सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनका बारेमा जानकारी गराउँदै सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ

### १.३ जिल्ला अदालत

- गत आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका ४२५८१ (बयालीस हजार पाँच सय एकासी) थान र **यस आर्थिक वर्षमा नयाँ दर्ता भएका ७२२१० (बहत्तर हजार दुई सय दश) थान गरी मुद्दाको जम्मा लगत ११४७९१ (एक लाख चौध हजार सात सय एकानब्बे) थान रहेकामा ७५५४० (पचहत्तर हजार पाँच सय चालीस) थान मुद्दा** अर्थात् ६५.८१ प्रतिशत फछ्र्यौट भई **३९२५१ (उनन्चालीस हजार दुई सय एकाउन्न) थान मुद्दा बाँकी रहन गएका छन् ।** अघिल्लो आर्थिक वर्षमा ११०६२९ (एक लाख दश हजार छ सय उनन्तीस) लगत भै सोको ६१.५१ प्रतिशत अर्थात् ६८०४८ मुद्दा फछ्र्यौट भएकामा **यस आर्थिक वर्षमा अघिल्लो वर्षको तुलनामा ४.३१ प्रतिशतले बढी अर्थात् ७४९२ (सात हजार चार सय बयानब्बे) थान मुद्दा बढी फछ्र्यौट भएको छ ।** प्रति न्यायाधीश मुद्दा फछ्र्यौट अनुपात अघिल्लो आ.व. मा ३७८.०४ रहेकामा यस आ.व. मा ४२२.०१ छ ।

### १.४ अन्य अदालत तथा न्यायाधिकरणहरू

- गत आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका १९९६ (एक हजार नौ सय छयानब्बे) थान र **यस आर्थिक वर्षमा नयाँ दर्ता भएका ९९३ (नौ सय त्रियानब्बे) थान गरी मुद्दाको जम्मा लगत २९८९ (दुई हजार नौ सय उनान्नब्बे) थान रहेकामा १६३७ (एक हजार छ सय सैंतीस) थान मुद्दा** अर्थात् ५४.७७ प्रतिशत फछ्र्यौट भई १३५२ (एक हजार तीन सय बाउन्न) थान मुद्दा बाँकी रहन गएका छन् । अघिल्लो आर्थिक वर्षमा २८१० (दुई हजार आठ सय दश) लगत भै सोको २८.९७ प्रतिशत अर्थात् ८१४ (आठ सय चौध) मुद्दा फछ्र्यौट भएकामा **यस आर्थिक वर्षमा अघिल्लो वर्षको तुलनामा २५.८ प्रतिशतले बढी अर्थात् ८२३ (आठ सय तेइस) थान मुद्दा बढी फछ्र्यौट भएको छ ।**

### १.५ समग्र फछ्र्यौट अवस्था

- समग्रमा सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरिआएका ७४१५२ (चौहत्तर हजार एक सय बाउन्न) थान, यस आर्थिक वर्षमा नयाँ दर्ता भएका १२४७०३ (एक लाख चौबीस हजार सात सय तीन) थान गरी **जम्मा मुद्दाको लगत १९८८५५ (एक लाख अन्ठानब्बे हजार आठ सय पचपन्न) थान रहेकामा सोमध्ये १२२३११ (एक लाख बाइस हजार तीन सय एघार) थान अर्थात् ६१.५१ प्रतिशत मुद्दा फछ्र्यौट भई ७६५४४ (छयहत्तर हजार पाँच सय चौवालीस) थान मुद्दा बाँकी रहन गएका छन् ।** अघिल्लो आर्थिक वर्षमा १७७२१६ (एक लाख सतहत्तर हजार दुई सय सोह्र) लगत भै सोको ५८.१६ प्रतिशत अर्थात् १०३०६४ (एक लाख तीन हजार चौसट्ठी) मुद्दा फछ्र्यौट भएकामा **यस आर्थिक वर्षमा अघिल्लो वर्षको तुलनामा ३.३५ प्रतिशतले बढी अर्थात् १९२४७ (उन्नाइस हजार दुई सय सत्चालिस) थान मुद्दा बढी फछ्र्यौट भएको छ ।**
- यसैगरी सबै अदालत तथा न्यायाधिकरणहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरिआएका ७६१४८ (छयहत्तर

हजार एक सय अठ्चालिस) थान र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका १२५६९६ (एक लाख पच्चीस हजार छ सय छयानब्बे) थान गरी **जम्मा मुद्दाको लगत २०१८४४ (दुई लाख एक हजार आठ सय चौवालीस) थान रहेकामा सोमध्ये १२३९४८ (एक लाख तेइस हजार नौ सय अठ्चालीस) अर्थात् ६१.४१ प्रतिशत मुद्दा फछ्र्यौट भई ७७८९६ (सतहत्तर हजार आठ सय छयानब्बे) थान मुद्दा बाँकी रहन गएका छन् ।** अघिल्लो आर्थिक वर्षमा १८००२६ (एक लाख असी हजार छब्बीस) लगत भै सोको ५७.७० प्रतिशत अर्थात् १०३८७८ (एक लाख तीन हजार आठ सय अठहत्तर) मुद्दा फछ्र्यौट भएकामा **यस आर्थिक वर्षमा अघिल्लो वर्षको तुलनामा ३.७१ प्रतिशतले बढी अर्थात् २००७० (बीस हजार सत्तरी) थान मुद्दा बढी फछ्र्यौट भएको छ ।**

- देशभरका **५८ अदालतमा २ वर्ष नाघेका मुद्दा छैनन् । २२ अदालतमा १ वर्ष नाघेका मुद्दा बाँकी छैनन् ।** अदालत तथा न्यायाधिकरणहरूमा फछ्र्यौट हुन बाँकी रहेका **७७८९६ (सतहत्तर हजार आठ सय छयानब्बे) थान मुद्दाहरूमध्ये दुई वर्षभन्दा पुराना मुद्दाहरूको सङ्ख्या १०,०१५ (दश हजार पन्ध्र) थान रहेको छ ।** सोमध्ये **सर्वोच्च अदालतमा मात्र ८८००** मुद्दा २ वर्षभन्दा पुराना रहेका छन् । **पुनरावेदन अदालतमा ३०३, जिल्ला अदालतमा ५७८** र अन्य अदालत तथा न्यायाधिकरणमा ३३६ थान मुद्दा दुई वर्ष नाघेका बाँकी छन् । समग्रमा गत आर्थिक वर्षभन्दा **यस आर्थिक वर्षमा २ वर्ष नाघेका मुद्दा सङ्ख्या ४३४ थानले घटेका छन् ।**
- अदालतमा आउने विवादहरूको सङ्ख्या प्रत्येक वर्ष बढ्दै गैरहेको छ । आजभन्दा दश वर्ष अगाडि **२०६२ सालमा देशभरका अदालतमा मुद्दाको लगत १,०३,५७७ भएकोमा हाल सो सङ्ख्या दोब्बर भई २,०१,८४४ पुग्न गएको छ ।** यस्तै **फछ्र्यौट सङ्ख्या ४४,८८९ रहेकामा हाल सो सङ्ख्यामा तीन गुणा वृद्धि भई १,२३,९४८ पुगेको छ । पाँच वर्ष अघि प्रति न्यायाधीश औसत फछ्र्यौट ३१२ रहेकामा हाल सो सङ्ख्यामा उल्लेख्य वृद्धि भई ४८३ पुगेको छ ।**

**२. फैसला कार्यान्वयनतर्फ**

- यस आर्थिक वर्षमा फैसला कार्यान्वयनका लागि परेका **निवेदनको सङ्ख्या १६३२० (सोह्र हजार तीन सय बीस) रहेकामा १००७३ (दश हजार त्रिहत्तर) थान निवेदनहरू फछ्र्यौट भई ६२४७ बाँकी छन् ।** यो फछ्र्यौट कूल निवेदन सङ्ख्याको ६१.७२ प्रतिशत हो । अघिल्लो आर्थिक वर्षमा १३९३० लगत भै सोको ६२.३६ प्रतिशत अर्थात् ८६८७ निवेदन फछ्र्यौट भएकामा **यस आर्थिक वर्षमा अघिल्लो वर्षको तुलनामा ०.६४ प्रतिशतले घटी** तर निवेदन सङ्ख्याको आधारमा १३८६ थान बढी फछ्र्यौट भएको छ ।
- यस आर्थिक वर्षमा **जरिवाना असुलीतर्फ रू.१५,३९,७२,४६,९२८।०७ (पन्ध्र अर्ब उनान्चालिस करोड बहत्तर लाख छयालिस हजार नौ सय अठ्ठाइस रूपैयाँ सात पैसा) लगत रहेकामा सोमध्ये रू.३,५३,४६,०८,५९४।४७ (तीन अर्ब त्रिपन्न करोड छयालिस लाख**

**आठ हजार पाँच सय चौरानब्बे रूपैयाँ सत्चालिस पैसा)** अर्थात् २२.९६ प्रतिशत असुल भएको छ। अघिल्लो आर्थिक वर्षमा रू.१०,३०,७३,२८,५१५।६८ (दश अर्ब तीस करोड त्रिहत्तर लाख अट्ठाईस हजार पाँच सय पन्ध्र रूपैयाँ अठ्सठ्ठी पैसा) लगत रहेकामा सोमध्ये रू.२,०३,५४,५९,७३०।२१ (दुई अर्ब तीन करोड चवन्न लाख उन्साठी हजार सात सय तीस रूपैयाँ एक्काईस पैसा) अर्थात् १९.७५ प्रतिशत असुल भएको छ **जुन गत आर्थिक वर्षको तुलनामा ३.२१ प्रतिशतले बढी हो।**

- यसैगरी यस आर्थिक वर्षमा **कैदतर्फ १,४७,५९९।९।१६ (एक लाख सत्चालीस हजार पाँच सय उनान्सय वर्ष नौ महिना सोह्र दिन) लगत रहेकामा सोमध्ये ३९,५८१।१०।६ (उन्चालिस हजार पाँच सय एकासी वर्ष दश महिना छ दिन) अर्थात् १९.७१ प्रतिशत कैद असुल हुन सकेको छ। गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा ७.०३ प्रतिशत बढी कैद असुल भएको छ।** अघिल्लो आर्थिक वर्षमा १,२७,४५७।६।१६ (एक लाख सत्ताईस हजार चार सय सन्ताउन्न वर्ष छ महिना सोह्र दिन) लगत रहेकामा सोमध्ये २५,११८।१।७ (पच्चीस हजार एक सय अठार वर्ष एक महिना सात दिन) अर्थात् १९.७१ प्रतिशत कैद असुल भएको थियो।
- फैसला कार्यान्वयनको **विशेष अभियान** लागू गरेपश्चात सो अभियानबाट **कैद ४,६११ वर्ष ३ महिना ३ दिन र जरिवाना रू.१,०३,६६,१५,९९५।७६ (एक अर्ब तीन करोड छैसठ्ठी लाख पन्ध्र हजार नौ सय पन्चानब्बे रूपैयाँ छहत्तर पैसा) असुल गरिएको छ।** सोमध्ये रू.४,१९,८८,८५३।९१ (चार करोड उन्नाइस लाख अठासी हजार आठ सय त्रिपन्न रूपैयाँ एकानब्बे पैंसा) नगद असुली भएको छ। कैद जरीवाना र नगद असुली गरिएको व्यक्ति सङ्ख्या ८,९९० छ।

**३. निरीक्षण एवम् अनुगमनतर्फ**

- यस आर्थिक वर्षमा सर्वोच्च अदालतबाट १० वटा पुनरावेदन अदालतहरूको निरीक्षण गरिएको छ। पुनरावेदन अदालतहरूबाट ७१ जिल्ला अदालत र जिल्लास्थित अर्धन्यायिक निकायहरूको निरीक्षणको कार्य सम्पन्न भएको छ।

**४. व्यवस्थापकीय कार्यतर्फ**

- पुनरावेदन अदालत र जिल्ला अदालतहरूमा हुने व्यवस्थापकीय कार्यहरूमा न्यायिक संवाद कार्यक्रम (Judicial Outreach) – २१६, Meet the Judge कार्यक्रम – ६५६, योजनाको आन्तरिक समीक्षा – २९६, योजना कार्यान्वयनको सम्बन्धमा सरोकारवालासँग अन्तरक्रिया – २४१, तामेलदार र स्थानीय निकायका सचिवहरूबीच अन्तरक्रिया – १३७, न्याय क्षेत्र समन्वय समितिको बैठक – २८७, बार र सरकारी वकिलसँग अन्तरक्रिया – ३४३ र सञ्चारकर्मीसँग अन्तरक्रिया – २७६ पटक भएको छ।

**५. नजिर तथा फैसलाहरूको प्रकाशनतर्फ**

- नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिनको नियमितरूपमा प्रकाशन गर्नुका

अतिरिक्त सर्वोच्च अदालतका महत्त्वपूर्ण फैसलाहरू वेभसाइटमा समेत राख्ने गरिएको छ । २०१५ सालदेखि हालसम्म नेपाल कानून पत्रिकामा प्रकाशित सबै निर्णयहरू विभिन्न आधारमा खोज्न मिल्ने गरी सर्वोच्च अदालतको वेबसाइटमा राखिएका छन् ।

## ६. भूकम्पबाट भएको क्षतिको विवरण

- २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प एवम् तत्पश्चातका परकम्पबाट सर्वोच्च अदालतलगायत विभिन्न दश अदालत तथा न्यायिक निकायका भौतिक संरचनामा गम्भीर क्षति पुगेको छ । थप अन्य २५ अदालतका भवनहरूमा समेत आंशिक क्षति पुगेको छ । भूकम्पबाट क्षतिग्रस्त भवनको मर्मत तथा नयाँ भवन निर्माणका लागि योजना बनाई सम्बन्धित निकायमा पेस गरिसकिएको छ ।

## ७. सर्वोच्च अदालत तथा मातहतका अदालतका लागि विनियोजन भएको बजेट र खर्चको विवरण

- यस आर्थिक वर्षमा रू.३,०३,८३,७५,५६१।७८ (तीन अर्ब तीन करोड त्रियासी लाख पचहत्तर हजार पाँच सय एकसट्ठी रूपैयाँ अठहत्तर पैसा) विनियोजन भएकोमा रू. २,६८,९१,३३,२६६।१५ (दुई अर्ब अठ्सट्ठी करोड एकान्नब्बे लाख तेत्तीस हजार दुई सय छैसट्ठी रूपैयाँ पन्ध्र पैसा) निकासा भई खर्च भएको छ ।

## ८. न्यायपालिकाका विद्यमान समस्या, चुनौती र सुझावहरू

### ८.१ नयाँ संवैधानिक व्यवस्थाको कार्यान्वयन

नेपालको संविधानले न्यायपालिकाको संरचनामा आधारभूतरूपमा परिवर्तन नगरे तापनि उच्च अदालतको स्थापनालगायतका केही संरचनागत हेरफेर र यसको क्षेत्राधिकार तथा व्यवस्थापनलगायतका विषयमा महत्तवपूर्ण परिवर्तन गरेको छ । संविधानको व्यवस्थाअनुरूप सर्वोच्च अदालतमा संवैधानिक इजलास गठन भैसकेको छ । संविधानले पुनरावेदन अदालतको सट्टा उच्च अदालत गठन गरी ती अदालतहरूलाई हाल पुनरावेदन अदालतलाई भएभन्दा बढी अधिकार प्रदान गरेको देखिन्छ । प्रत्येक प्रदेशमा एक उच्च अदालत रहने व्यवस्था अनुरूप हाल कायम रहेका १६ पुनरावेदन अदालतको कार्यबोझ ७ वटा उच्च अदालतमा समायोजन गर्नुपर्ने स्थिति छ । जिल्ला अदालतको हकमा समेत संविधानले स्थानीय निकाय तथा अर्धन्यायिक निकायले गरेको निर्णयउपर पुनरावेदन सुन्ने र एक वर्षभन्दा बढी कैदको सजाय हुने कसुरसम्बन्धी मुद्दा अदालतबाट हेर्नुपर्ने जस्ता अधिकारक्षेत्रमा विस्तार गरेको हुँदा जिल्ला अदालतको कार्यबोझमा उल्लेख्य वृद्धि हुने अवस्था देखिएको छ ।

सर्वोच्च अदालतमा एकातर्फ लामो समयदेखि न्यायाधीशको पदपूर्ति हुन नसकी बक्यौता मुद्दामा तिव्रतर वृद्धि हुँदै गएको छ भने अर्कातर्फ पाँच जना न्यायाधीशहरू संवैधानिक इजलासमा समेत तोकिनुपर्ने संवैधानिक व्यवस्थाले सर्वोच्च अदालतको न्याय सम्पादन कार्य अझै प्रभावित हुने देखिन्छ । यसैगरी सङ्घीय कानूनद्वारा उच्च अदालतको गठन गर्नुपर्ने संवैधानिक व्यवस्था अनुकूल सोसम्बन्धी कानूनको निर्माण नभएका कारण उच्च अदालत गठन हुन सकेको छैन । यसबाट न्यायाधीश नियुक्तिलगायत न्याय सम्पादन एवम् सोको व्यवस्थापनसम्बन्धी काम कारवाहीहरू प्रभावित भइरहेको अवस्था छ । न्यायपालिकाको संरचना एवम् क्षेत्राधिकारमा गरिएको यो परिवर्तनले अदालतहरूको कार्यबोझमा प्रभाव पर्न जाने हुनाले कार्यबोझको अनुपातमा नयाँ ढङ्गले जनशक्ति एवम् भौतिक व्यवस्थापन गर्नुपर्ने टड्कारो आवश्यकता छ ।

नयाँ संविधान अनुकूल आवश्यक कानून निर्माण गर्ने, न्याय परिषद्को गठनलाई पूर्णता दिने, नयाँ संवैधानिक व्यवस्था अनुकूल आवश्यक भौतिक व्यवस्थापन, जनशक्ति आपूर्ति एवम् स्रोत साधनको उपलब्धता जस्ता संविधानको कार्यान्वयनका विषयहरू अदालतको एक्लो प्रयासबाट मात्र सार्थकतवरले सम्बोधन हुन सम्भव नहुने भएकाले सम्बन्धित सबै सरोकारवालाहरूबाट समयानुकूल सहयोग र सहकार्यको अपेक्षा गरिएको छ।

### ८.२ भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण

२०७२ साल वैशाख १२ र २९ गतेको महाभूकम्प एवम् त्यसपछि निरन्तररूपमा आएको परकम्पबाट देशभरका ३५ भन्दा बढी अदालतहरूका भौतिक संरचनामा क्षति पुगेको छ। न्यायपालिकाको पहिलो पञ्चवर्षिय रणनीतिक योजनाको कार्यान्वयनबाट सुरू गरिएको भौतिक पूर्वाधारको सुधारको प्रक्रियाले पूर्णता नपाउँदै आइपरेको यस विपत्तिबाट विभिन्न अदालत भवन एवम् इजलासका संरचनाहरूमा गम्भीर क्षति पुगेको छ। सर्वोच्च अदालतलगायतका देशका विभिन्न १० अदालतका भवनहरूमा यथास्थितिमा काम गर्न नसकिने गरी क्षति पुगेको कारण नयाँ भवन निर्माण गर्नुपर्ने अवस्था छ भने थप २५ वटा अदालत एवम् न्यायिक निकायका भवनहरू मर्मतसम्भार पछि मात्र प्रयोग गर्न सकिने अवस्थामा रहेका छन्। क्षतिग्रस्त अदालतको कामकारवाही तत्काल सञ्चालनका लागि सर्वोच्च अदालतमा प्रशासकीय भवन, नेपाल बार एसोसिएसनको भवन एवम् अदालत परिसरमा रहेका केही अन्य घरटहराहरू र पाल प्रयोग गरिएका छन्। सर्वोच्च अदालतले खुला आकाशमुनिसमेत इजलास सञ्चालन गर्नुपर्ने अवस्था सिर्जना भएको थियो। सर्वोच्च अदालतको नयाँ भवन निर्माणको प्रक्रियाको थालनी गरिएको भए तापनि सो भवन निर्माण हुन लामो समय लाग्न सक्ने हुनाले सर्वोच्च अदालत मूल भवन (पुरानो) को प्रबलीकरण (Retrofit) गर्ने कार्यसमेत सुरू गरिएको छ।

भूकम्पबाट प्रभावित मातहत अदालतहरूको अवस्था पनि त्यत्तिकै नाजुक छ। जोखिमपूर्ण भवनहरू एवम् पाल र अस्थायी टहराहरूबाट न्याय सम्पादन गर्नु परिरहेको छ। यी सबै अदालत एवम् भवनका संरचनाहरू तत्काल निर्माण गर्न नसकिएमा न्याय सम्पादन कार्य प्रभावित हुने स्थिति छ। यसका लागि सर्वोच्च अदालतले क्षतिग्रस्त एवम् नयाँ भवन निर्माणसम्बन्धी योजनासमेत तयार गरी सम्बन्धित निकायमा बुझाइसकेको छ। सर्वोच्च अदालतलगायत राष्ट्रिय न्यायिक प्रतिष्ठान र फैसला कार्यान्वयन निर्देशनालयलगायतका न्यायिक निकाय तथा अन्य केही अदालतहरूको भवन तत्काल निर्माण गर्नुपर्ने अवस्था छ। देशकै गौरवको रूपमा रहने सर्वोच्च अदालतको नयाँ भवन निर्माणको कार्यलाई सरकारले उच्च प्राथमिकतामा राख्न जरूरी छ। यसैगरी देशभरका सबै क्षतिग्रस्त एवम् पुराना अदालतहरूको निर्माण एवम् मर्मत सम्भारका कार्यलाई प्राथमिकतासाथ बजेट एवम् अन्य स्रोतसाधन उपलब्ध गराउन राष्ट्रिय योजना आयोग, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, अर्थ मन्त्रालयलगायतका सम्बन्धित सबै निकायबाट आवश्यक सहयोग, समन्वय र सक्रियाताको अपेक्षा गरिएको छ।

### ८.३ न्यायमा पहुँचको अवस्था बढाउनुपर्ने आवश्यकता

न्याय प्रणालीप्रति आस्था र विश्वास जागृत गराई राख्नका लागि आर्थिक, सामाजिक, साँस्कृतिकरूपले पछाडि परेकालगायत सबै वर्ग र

समुदायका व्यक्तिहरूको न्याय प्राप्तिको अधिकारलाई सुनिश्चित गराउनु अत्यावश्यक छ । न्याय प्राप्तिको सुनिश्चितता आफू अन्यायमा परी न्यायको याचना गर्दै अदालत प्रवेश गरेका व्यक्तिको हकमा मात्र सीमित नगरी आफ्नो अधिकारको प्रचलनको लागि अदालत जानुपर्ने कारणको विद्यमानता रहेको अवस्थामा पनि आर्थिक, सामाजिक र साँस्कृतिक आदि परिवेशका कारण अदालतमा आउन नसकेका व्यक्तिहरूको हकमा समेत हुनुपर्दछ । न्यायको सुनिश्चितताको अधिकारलाई परम्परागतरूपमा अदालतमा दर्ता भैसकेका मुद्दाको हकमा सम्म अदालतको जिम्मेवारी ठान्ने गरिएको भए तापनि न्याय सम्पादनको मुख्य जिम्मेवारी लिएको अदालतले आफ्नो अधिकारको प्रचलनको लागि अदालतसम्म आउन नसक्ने लक्षित वर्गको क्षमता अभिवृद्धि गर्नुपर्नेतर्फ समेत आवश्यकता महसुस गरिएको छ । यसका लागि अदातलले असमर्थ पक्षका लागि वैतनिक वकिलको सेवालाई प्रभावकारी बनाउने, अदालतको सूचना तथा सहायता कक्षलाई थप उपयोगी बनाउने, सेवा प्रवाह गर्ने जिम्मेवारीमा रहेका कर्मचारीको व्यवहारलाई सेवाग्राही मैत्री बनाउने, कार्यविधि कानूनमा सरलीकरण गरी न्यायिक प्रक्रियालाई सरल, सहज र झन्झटमुक्त बनाउने, निशुल्क कानूनी सेवा (pro-bono) प्रणाली विकास गर्ने, न्यायिक प्रक्रियामा लाग्ने दस्तुर तथा कोर्ट फी आदि पुनरावलोकन गर्नेलगायतको न्यायिक सुधारको अभियानलाई थप प्रभावकारी बनाउन आवश्यक छ । यस्तै अदालतको कार्यप्रक्रियाका बारेमा यथार्थ जानकारी गराउन र आफ्ना अधिकारको उपभोगको लागि न्यायोचित दाबी लिनसक्ने क्षमता नभएका व्यक्तिको हकमा समेत न्यायको सुनिश्चितताको प्रत्याभूति दिन समुदायमा सम्म पुग्नुपर्ने आवश्यकतासमेत महसुस गरिएको छ । यसबाट अदालत र समुदायको सम्बन्ध थप सुदृढ हुने अपेक्षा गरिएको छ । यस आवश्यकतालाई सम्बोधन गर्न हालै सर्वोच्च अदालत नियमावलीबमोजिम न्यायमा पहुँच आयोगको गठन भै यसको कार्ययोजनासमेत पारित भएको छ । आयोगले आफ्नो कार्य प्रभावकारी ढङ्गले सम्पादन गर्नसक्ने गरी नीतिगत र कानूनी सुधारका साथै आवश्यक साधन स्रोत उपलब्ध गराई सबैका लागि न्यायमा पहुँचको अधिकार सुनिश्चित गराउनुपर्ने राज्यको आधारभूत दायित्व राज्यका सम्बन्धित निकायबाट निर्वाह हुने छ भन्ने विश्वास लिइएको छ ।

### ८.४ विकृति विसङ्गतिको नियन्त्रणका लागि निगरानी संयन्त्रको आवश्यकता

अदालतका काम कारवाहीहरूमा भइरहेका वा हुनसक्ने विकृति, विसङ्गति, वा अनियमितताको नियन्त्रणका लागि विद्यमान कानूनी व्यवस्थाबमोजिम तहगत पुनरावेदन एवम् मातहत अदालतको न्यायिक एवम् प्रसासनिक निरीक्षण र लेखा परीक्षण जस्ता प्रक्रियाहरू नियमित वा आकास्मिकरूपमा भइरहेका छन् । यसबाहेक न्यायिक वा प्रशासनिक काम कारवाहीका सम्बन्धमा परेका उजुरी वा गुनासोहरूको यथोचित सम्बोधन भै सेवा प्रवाहमा सुधार हुँदै आएको भए तापनि न्यायपालिकाको कतिपय काम कारवाहीमा अनियमितता एवम् विसङ्गतिहरू रहेको भनी सार्वजनिक टिकाटिप्पणीहरू भइरहेको सन्दर्भमा सेवाप्रवाहको अवस्थामा नै थप निगरानी हुनुपर्ने आवश्यकता महसुस भएको छ । न्यायिक काम कारवाही विशिष्ट प्रकृतिको हुने र न्यायाधीशले न्याय सम्पादनको कार्य गर्दा स्वतन्त्र र निर्भिक भै गर्नसक्ने वातावरणको सुनिश्चितता हुनुपर्ने आवश्यकता एकातर्फ छ भने न्यायिक स्वतन्त्रताको आवरणमा प्रचलित कानून वा आचारसंहिताविपरीतका कुनै पनि काम कारवाही हुन नसक्ने अवस्थाको सुनिश्चितता पनि त्यत्तिकै जरूरी

हुन्छ। स्वतन्त्र र निष्पक्ष न्यायको प्रत्याभूतिका लागि कुनै पनि अनियमितता वा विकृति विसङ्गतिजन्य कार्य स्वीकार्य हुनसक्दैन। यससम्बन्धमा हालसम्म गरिएको प्रयासहरू सम्पूर्णरूपमा प्रभावकारी हुन नसकेको हो कि भन्ने अनुभूति भएकाले न्यायपालिकाको अनियमितता एवम् विकृति विसङ्गतिजन्य कार्य नियन्त्रणका लागि न्यायिक स्वतन्त्रताको मान्यता प्रतिकूल नहुनेगरी छुट्टै संयन्त्रको आवश्यकता औंल्याइएको हो। यससम्बन्धी कानूनी व्यवस्थाको अभावमा त्यस्तो संयन्त्रको काम कारवाही प्रभावकारी हुन नसक्ने भएकाले यस्तो संयन्त्र कानूनद्वारा नै स्थापीत गरी आवश्यक स्रोत साधन उपलब्ध गराउन एवम् त्यस्तो संयन्त्रलाई आवश्यक सहयोग पुर्‍याउनसमेत सबै क्षेत्रको सहयोगको अपेक्षा गरिएको छ।

### ८.५ न्यायपालिकाको स्वतन्त्रता, स्वायत्तता र न्यायिक मूल्य मान्यताको जगेर्ना

मुलुक संविधान निर्माणको चरणमा प्रवेश गरेको अवस्थादेखि नै मौलिक हकको संरक्षणको प्रत्याभूति र विधिको शासनप्रति सम्मानको भाव सिर्जना गराउन संविधान सभाले बनाउने संविधानमा स्वतन्त्र न्यायपालिकाका मूल्य मान्यताहरूमा कुनै पनि सम्झौता गरिनु हुँदैन भनी न्यायपालिकाले आफ्नो दृष्टिकोण निरन्तर राख्दै आएको हो। वर्तमान संविधानले नेपालको न्यायसम्बन्धी अधिकार अदालत तथा न्यायिक निकायबाट मात्र प्रयोग गरिने, एकवर्षभन्दा बढी कैदको सजाय हुने फौजदारी कसुरसम्बन्धी मुद्दा अदालत वा न्यायिक निकायबाहेक अन्य निकायको अधिकारक्षेत्रमा नपर्ने एवम् त्यस्ता मुद्दाहरू तत्काल सम्बन्धित जिल्ला अदालतमा सर्ने जस्ता कतिपय व्यवस्थाहरूमार्फत न्यायपालिकाको यो सरोकारलाई यथोचित सम्बोधन गर्ने प्रयास गरेको भए तापनि न्यायपालिकाको आवश्यकताअनुसार स्रोत साधनको अभाव हुन नदिन राष्ट्रिय बजेटको निश्चित (कम्तिमा १ प्रतिशत) हिस्सा न्यायपालिकालाई विनियोजन हुने संवैधानिक सुनिश्चितता यो संविधानले पनि गर्न सकेको पाइएन। न्यायपालिकाको स्वायत्तताको लागि न्यायपालिकालाई प्राप्त बजेट एकमुष्टरूपमा प्राप्त भै आफ्नो आवश्यकताअनुसार आफैँले विभिन्न शीर्षकमा वर्गीकरण गर्ने र एक शीर्षकको बजेट अर्को शीर्षकमा रकमान्तर गर्ने अधिकारसमेत न्यायपालिकामा नै निहित हुनु अपरिहार्य छ।

संविधानका व्यवस्थाहरूलाई चलायमान र व्यवहारोपयोगी बनाउन थप कानूनको निर्माण वा व्याख्या गर्नुपर्ने एवम् आवश्यकताअनुसार संशोधन गर्दै जानुपर्ने हुन्छ । यो प्रक्रियामा न्यायपालिकाको स्वतन्त्रता एवम् न्यायिक मूल्य मान्यताहरूमा कहिँ कतैबाट आँच आउन नदिने अवस्थाको सुनिश्चितता हुन आवश्यक हुन्छ । न्यायपालिकाको स्वतन्त्रता केवल संविधानमा उल्लेख गर्दैमा स्वतः कायम भैहाल्ने होइन । यसका लागि न्यायिक संरचनाका अतिरिक्त आफ्नो कार्यविधि आफैँ निर्धारण गर्न सक्ने अधिकार न्यायपालिकामा निहित हुनुपर्दछ। सोबाहेक आवश्यक आर्थिक, प्रशासनिक, भौतिक एवम् अन्य व्यवस्थापकीय पक्ष न्यायपालिका आफैँले निर्धारण गर्नसक्ने वातावरण सुनिश्चित हुनुपर्दछ । संवैधानिक व्यवस्थाको कार्यान्वयनका सन्दर्भमा राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपालिकाको स्वतन्त्रता एवम् न्यायिक मूल्य मान्यताको संरक्षणको विषयलाई मूलप्रवाहीकरण गर्ने सन्दर्भमा राज्यका सबै निकायहरू स्पष्ट दृष्टिकोणसाथ अगाडि बढ्नुपर्ने आवश्यकता अनुभूत गरिएको छ।

**८.६ रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन**

मुलुकमा योजनाबद्ध विकास प्रक्रियाको पाँच दशकभन्दा लामो समय व्यतीत हुँदा पनि राष्ट्रिय योजनाले न्याय प्रणालीको सुदृढीकरण एवम् विकासको विषयहरूलाई यथोचित ढङ्गले सम्बोधन गर्न नसकिरहेको कारण न्याय प्रणालीलाई प्रभावकारी बनाउने एवम् न्याय प्रणालीप्रतिको जनआस्था अभिवृद्धि गर्ने उद्देश्यसाथ आर्थिक वर्ष २०६१/०६२ देखि न्यायपालिकाले आफ्नो छुट्टै रणनीतिक योजना कार्यान्वयन गर्दै आइरहेको छ। चालु वर्ष तेस्रो पञ्चवर्षिय रणनीतिक योजनाको प्रथम कार्यान्वयन वर्ष हो । योजना प्रक्रिया थालनी गरेपछि प्रत्येक अदालतहरूले मुद्दा फछ्र्यौट तथा फैसला कार्यान्वयनलगायतका काम कारवाहीमा निश्चित लक्ष्य निर्धारण गरी कार्य सम्पादन गरिरहेका छन् । आवश्यक सङ्ख्यामा न्यायाधीश नियुक्ति हुन नसकेको विशेष परिस्थितिका कारण सर्वोच्च अदालतमा योजना अनुरूप कार्य हुन नसके तापनि बाँकी सबै अदालतहरूले योजनाले निर्धारित लक्ष्य हासिल गर्ने गरी कार्यसम्पादन गरिरहेका छन् । योजनाको सुरूवातको वर्षमा अदालतहरूमा मुद्दाको कूल लगत १०७,१४६ भएकामा सोको ५०.१३ प्रतिशत फछ्र्यौट भएको थियो भने चालु आर्थिक वर्षमा कूल लगत (२,०१,८४४) को ६१.४१ प्रतिशत मुद्दा फछ्र्यौट गर्न न्यायपालिका सफल भएको छ । मुद्दा फछ्र्यौटमा यो महत्त्वपूर्ण उपलब्धि हो । त्यस्तै आजभन्दा १० वर्ष अगाडी देशभरका अदालतहरूमा प्रतिवर्ष ४९,५७२ मुद्दा दर्ता हुने गरेकामा अहिले यो सङ्ख्या बढेर १,२४,७०३ पुगेको छ । यो न्यायपालिकाप्रतिको विश्वासको द्योतक पनि हो।

देशका लगभग सबै अदालतहरूको मुद्दा फछ्र्यौटको उपलब्धि उत्साहजनक छ । योजना प्रक्रिया सुरू गर्नुपूर्व कूल मुद्दा सङ्ख्या १,१०,१०२ भएकामा सोको झन्डै ८.६४ प्रतिशत (९५१७ मुद्दा) २ वर्ष नाघेका अवस्थामा थिए भने हाल देशभरमा २ वर्ष नाघेको मुद्दाको सङ्ख्या ९९६० छ भने (सर्वोच्च अदालतमा मात्र ८८०० मात्र छ) जुन कूल मुद्दाको ४.९३ प्रतिशतमात्र हो । देशभरका ५८ अदालतमा दुई वर्ष नाघेका मुद्दा शून्य छन् भने २२ अदालतमा १ वर्ष नाघेका मुद्दा बाँकी छैनन् । खासगरी जिल्ला र पुनरावेदन अदालतहरूले मुद्दा फछ्र्यौटमा गरेको यो उपलब्धि गर्व गर्न लायकको छ । मुद्दा फछ्र्यौटको औषत अवधि संसारका जुनसुकै विकासित देशको हाराहारीको छ र यसबाट अदालतमा मुद्दा समयमा फैसला हुँदैन भन्ने आमधारणा खण्डित हुन पुगेको छ । योजना कार्यान्वयनबाट प्राप्त यो नतिजाको सेवाग्राहीहरूले स्पष्ट देख्न सकिने गरी अनुभूति गरेका छन् । तथापि योजनाले प्रक्षेपण गरेअनुरूपको बजेट र स्रोत साधन उपलब्ध नहुनु, जनशक्तिको अपर्याप्तता तथा कानून र कार्यविधिमा समयानुकूल संशोधन हुन नसकेका कारण योजनाले निर्धारण गरेका सबै क्रियाकलापहरूको कार्यान्वयन र लक्ष्यअनुसारको उपलब्धि हासिल हुन सकिरहेको अवस्था छैन ।

खासगरी योजना कार्यान्वयनका क्रममा योजनाले प्रक्षेपण गरेको बजेटको एक तिहाइ मात्र न्यायपालिकाले प्राप्त गरेको अवस्था छ । चालु आर्थिक वर्षमा पनि योजनाले ४,६०,७९,८६०००।– बजेटको प्रक्षेपण गरेकामा सोको ३०.८३ प्रतिशत (रू १,४२,०६,८५,०००) मात्र प्राप्त भयो । यसबाट योजनाका निर्धारित कार्यक्रमहरू थप प्रभावकारी ढङ्गबाट सञ्चालन हुन सकेन । न्यायपालिकालाई दिने बजेटमा कुनै वस्तुनिष्ट आधार वा मापदण्डविना नै हचुवाका आधारमा सीमा (सिलिङ) निर्धारण हुने गर्दछ । प्राप्त बजेट पनि न्यायपालिकाको आवश्यकताअनुसारको शीर्षकमा विनियोजित नभएको

र न्यायपालिकाले आफ्नो आवश्यकताअनुसार उपयुक्त शीर्षकमा खर्च गर्ने गरी रकमान्तर गर्ने स्वायत्तता पनि नहुँदा अदालतको कार्य प्रकृतिको आफ्नो छुट्टै विशिष्टता हुँदा हुँदै पनि अन्य सरकारी निकायको कार्यक्रमको ढाँचामा नै खर्च गर्नुपर्ने बाध्यता छ। खर्च शीर्षक न्यायपालिकाको लागि उपयुक्त र व्यवहारिक नभएका कारण प्राप्त बजेट पनि आवश्यक क्षेत्रमा खर्च गर्न कठिनाई छ। कुन वर्षमा कति बजेट प्राप्त हुने वा कति खर्च गर्न सकिने भन्ने पूर्वनिश्चितता नहुँदा समग्र योजना प्रक्रियाले अपेक्षित गति लिन नसकेको अनुभूति भएको छ। न्यायपालिकाको सुदृढीकरण र विकासका लागि राष्ट्रिय योजना प्रक्रियामा न्यायपालिकाको रणनीतिक योजनाले पहिचान गरेका विषयहरूलाई प्राथमिकताका साथ समाहित गरी न्यायपालिकाको योजना प्रक्रियालाई थप सुदृढ र संस्थागत गराउन आवश्यक छ। योजना प्रक्रियालाई अनुशासित ढङ्गले कार्यान्वयन गराउनका लागि नेपाल सरकारका तर्फबाट वचनबद्धता र कार्यमूलक सहयोगको अपेक्षा गरिएको छ।

**८.७ सुरक्षा प्रबन्ध र आवास सुविधा**

न्यायाधीशहरूको आधारभूत सुरक्षाको प्रत्याभूति स्वतन्त्र न्याय सम्पादनका दृष्टिकोणले महत्त्वपूर्ण छ। न्यायाधीशका सेवाका सर्त र सुविधासम्बन्धी कानूनले यो मान्यतालाई आत्मसात गरेको पनि छ तर केवल कानूनमा उल्लेख गर्दैमा न्यायाधीशहरूको आवास एवम् सुरक्षा व्यवस्था स्वतः भै हाल्ने होइन। अधिकांश न्यायाधीशहरूले ऐनले दिएको सुविधा उपभोग गर्न पाएका छैनन्। न्यायाधीशलाई सम्भव भएसम्म सरकारी आवास नै उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था भए तापनि प्रधानन्यायाधीश र पुनरावेदन तथा जिल्ला अदालतका केही न्यायाधीशहरूबाहेक अन्यलाई आवास सुविधा उपलब्ध गराउन सकिएको छैन। उपलब्ध आवास गृहहरू सङ्गठन र पदीय जिम्मेवारी अनुरूपको सूविधाजनक छैनन्। सर्वोच्च अदालतका न्यायाधीशहरूका लागि एकीकृत वा उपयुक्त आवासको व्यवस्थापन गर्ने सन्दर्भमा नेपाल सरकारले विगत केही वर्ष अगाडि नै प्रतिबद्धता जनाई यससम्बन्धी प्रक्रिया थालनी गरिएको भए तापनि यो कार्य किञ्चित अगाडि बढेको छैन। यस कार्यको व्यवस्थापनमा अदालतको कुनै जिम्मेवारी छैन। जिम्मेवारी लिएको नेपाल सरकार अनपेक्षितरूपमा उदासिन छ। दिनानुदिन सुरक्षा संवेदनशीलता बढ्दै गएको वर्तमान अवस्थामा आवास योजनाका सम्बन्धमा रहेको यो उदासिनता स्वतन्त्र र सक्षम न्यायपालिकाको लागि लामो समयसम्म स्वीकार्य हुन सक्दैन। पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूका लागि आवास सुविधाबापत उपलब्ध गराइएको रकम सूविधाजनक आवासगृह प्राप्त गर्नलाई पर्याप्त नभएकाले न्यायाधीशको सेवा सर्तसम्बन्धी कानूनमा समयानकूल संशोधन हुनुपर्ने आवश्यकता छ। तराई क्षेत्रलगायत मुलुकका विभिन्न भागमा भएका बन्द हड्ताल एवम् आन्दोलनका गतिविधिबाट न्याय सम्पादन कार्य प्रत्यक्षरूपमा प्रभावित भइरहेको छ। यसबाट अदालतमा कार्यरत् न्यायाधीश, कर्मचारी एवम् अदालत प्रयोगकर्ताहरूको सुरक्षा स्थिति संवेदनशील हुन पुगेको हुँदा यी पक्षहरूलाई समेत सम्बोधन हुने गरी दिगो सुरक्षा व्यवस्थाका लागि तत्काल विशेष कार्ययोजना बनाई कार्यान्वयन गरिनु पर्दछ। यसका लागि आवास तथा सहरी विकास मन्त्रालय, अर्थ मन्त्रालय, रक्षा मन्त्रालय, सुरक्षा निकायलगायत सम्बन्धित सबैले जिम्मेवारी बोध गरी तत्परताका साथ समन्वयात्मक ढङ्गले काम कारवाही अगाडी बढाउने अपेक्षा गरिएको छ।

**८.८ कानूनी एवम् कार्यविधिगत सुधारको आवश्यकता**

न्यायिक प्रक्रियालाई छिटो, छरितो र प्रभावकारी बनाउन विद्यमान कानून तथा कार्यविधिगत व्यवस्थाहरूमा पुनरावलोकन गर्नुपर्ने आवश्यकता रहेको तथ्य विगतदेखि नै औंल्याउदै आइएको छ । नेपालको वर्तमान संविधानले मुलुकलाई सङ्घीय संरचनामा लगिसकेको सन्दर्भमा न्यायपालिकाको स्वरूप एकीकृत नै रहे तापनि स्वतन्त्र, सक्षम र प्रभावकारी न्याय प्रणालीको लागि समयानुकूल नयाँ कानूनको निर्माण वा संशोधनको आवश्यकता छ । न्यायपालिकाले परम्परागत, जटिल र अव्यावहारिक कानून एवम् कार्यविधिको आधारमा न्याय सम्पादन गर्नुपरेका कारण जनताले अपेक्षा गरेअनुरूप न्याय सम्पादनमा प्रभावकारिता ल्याउन सकिएको छैन । अदालत आफैँले कानून निर्माण वा संशोधन गरेर जनताको अपेक्षा सम्बोधन गर्न सक्दैन । यसको नियन्त्रण अदालत बाहिर भए तापनि यसबाट उत्पन्न परिस्थितिको अपजस अदालतले लिनुपरेको छ । मुलुकको समग्र कानूनी प्रणालीलाई आधुनिकीकरण गर्नेगरी मस्यौदा गरिएका देवानी सहिंता, दण्ड संहितालगायतका विभिन्न संहिताहरू पर्खेर बसेको बर्षौं भइसकेको छ । यी विधेयकहरू पारित हुन सकेमा न्याय प्रणालीलाई आधुनिकीकरणतर्फ लैजान सजिलो हुने भएकाले अविलम्ब पारित गर्न नेपाल सरकार तथा व्यवस्थापिकाको सक्रियता एवम् प्रतिबद्धताको अपेक्षा गरिएको छ ।

**८.९ कार्यबोझको अनुपातमा जनशक्ति आपूर्ति**

अदालतमा आउने विवादहरूको सङ्ख्या प्रत्येक वर्ष बढ्दै गैरहेको अवस्था छ । आजभन्दा दश वर्ष अगाडि २०६२ सालमा देशभरका अदालतमा मुद्दाको लगत १,०३,५७७ फछ्र्यौट ४४,८८९ र बाँकी ५८,६८८ भएकामा हाल मुद्दा सङ्ख्या सोको झन्डै दोब्बर २,०१,८४४ लगत १,२३,९४८ फछ्र्यौट भई ७७,८९६ बाँकी छन् तर बढेको कार्यबोझको अनुपातमा न्यायाधीश वा कर्मचारीको दरबन्दी बढेको छैन । २०६२ सालदेखि हालसम्म दरबन्दी यथावत छ भने भएको दरबन्दीमा पनि समयमा पदपूर्ति भएको छैन । हालैमात्र यसप्रकार बढेको कार्यबोझको अनुपातमा न्यायाधीश तथा अन्य कर्मचारीको दरबन्दीका सम्बन्धमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) भई नयाँ दरबन्दी सिर्जनाको प्रस्ताव गरी प्रक्रिया अगाडि बढाइएको छ । हालसम्म उक्त प्रस्तावित दरबन्दी स्वीकृत भै आएको अवस्था छैन । विगत दुई वर्षअगाडि मात्र देशभरका अदालतमा न्यायाधीशको दरबन्दी पुनरावलोकन भै थप दरबन्दी सिर्जना भएको र उक्त दरबन्दीमा न्यायाधीशको नियुक्तिसमेत भैसकेको स्थितिमा न्यायाधीशका लागि आवश्यक सहयोगी अधिकृत तथा अन्य कर्मचारीहरूको दरबन्दी सिर्जना भै पदपूर्ति नहुँदा केही अदालतहरूमा दैनिक कार्यसम्पादन नै हुन नसक्नेसम्मको जटिल अवस्था छ । यही दरबन्दी संरचनामा अहिलेको कार्यबोझ कुनै पनि हालतमा धान्न सकिने अवस्था छैन । यो अवस्थाको सम्बोधनको लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनले प्रस्ताव गरेको दरबन्दी स्वीकृत गर्नुको कुनै विकल्प छैन । उक्त प्रतिवेदनले प्राथमिकताको आधारमा चरणबद्धरूपमा दरबन्दी स्वीकृत गर्न सकिने गरी प्रस्ताव गरेको छ । प्रतिवेदनमा उल्लेख भएबमोजिम अत्यावश्यक पदको दरबन्दी तत्कालै स्वीकृत गर्न एवम् अन्य पदको दरबन्दीसमेत क्रमशः स्वीकृत गर्न नेपाल सरकारका सामान्य प्रशासन मन्त्रालय एवम् अर्थ मन्त्रालयसमक्ष विशेष आग्रह गरिएको छ । जनशक्तिको अभावमा अदालतहरूको कार्यसञ्चालन हुनै नसक्ने

अवस्थाको सिर्जना नहुने वातावरणको सुनिश्चितता गर्न कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सक्रिय पहलको अपेक्षा गरिएको छ।

**८.१० न्याय सेवाप्रतिको आकर्षण वृद्धि गर्ने**

कानून विषयमा प्रमाणपत्र तहको अध्ययन अध्यापन बन्द गरिएको कारण विगत लामो समयदेखि कानूनको आधारभूत शिक्षाविना नै अदालतको लागि आवश्यक सहायकस्तरको जनशक्ति आपूर्ति हुँदै आएको छ । यसबाट एकातर्फ आधारभूत कानूनी ज्ञानविनाको जनशक्तिबाटै विशेष दखल हुनुपर्ने न्यायिक कार्यविधिका कामहरू गराउनु परिरहेको छ भने अर्कोतर्फ त्यस्तो जनशक्तिको न्याय सेवामा वृत्ति विकासको अवसरसमेत नहुने भएबाट सहायकस्तरका जनशक्तिलाई लामो समयसम्म सेवामा टिकाई राख्न कठिनाइ भइरहेको छ । यसबाट न्यायसम्पादनको कार्यविधिको तहमा गरिनुपर्ने कामकारवाहीमा गुणस्तरीयता र प्रभावकारिता ल्याउन गम्भीर कठिनाइ भइरहेको छ।

यसैगरी न्याय सेवाको राजपत्राङकित अधिकृतस्तरको पदसमेत आकर्षक बन्न सकेको छैन । न्याय सेवाको मुख्य आकर्षण मानिएको न्यायाधीश पदको नियुक्तिका सम्बन्धमा गरिएको संवैधानिक व्यवस्था एवम् सो सम्बन्धमा विगतमा गरिएको अभ्यासबाट न्याय सेवाको अधिकृतका रूपमा सेवा प्रवेश गर्न क्षमतावान् व्यक्तिहरू उत्साही भएको देखिँदैन । खासगरी लोक सेवा आयोगको प्रतिस्पर्धात्मक परीक्षा उत्तीर्ण गरी राजपत्राङ्कित अधिकृतस्तरमा प्रवेश गरेको व्यक्तिले न्यायाधीशको पदमा नियुक्ति हुन बीसौं वर्षसम्म सेवा अवधि कुर्नुपर्ने तर सेवा बाहिरका व्यक्तिहरूले छोटो अवधिमा नै न्यायाधीश नियुक्त हुनसक्ने व्यवस्था, न्यायाधीश र समानस्तरका अधिकृत कर्मचारीहरूका बिचमा रहेको सेवा सुविधाको भिन्नता र अन्य सेवाको तुलानमा न्याय सेवामा अध्ययन, तालिम, वैदेशिक भ्रमण आदिको न्यून अवसर रहेका कारण प्रतिस्पर्धी एवम् क्षमतावान कानून स्नातकहरूले लोक सेवाको परीक्षा प्रणाली उत्तिर्ण गरी न्याय सेवा प्रवेश गर्ने कार्यलाई अनाकर्षक, कम संभावनायुक्त र वृत्ति विकासका दृष्टिले जोखिमपूर्ण मान्ने गरेको देखिन्छ । प्रतिस्पर्धी एवम् क्षमतावान् व्यक्तिहरूलाई अदालतका अधिकृतका रूपमा भित्र्याउन नसकिए न्यायाधीशको उपस्थितिबाट मात्र अदालतका काम कारवाहीहरू प्रभावकारी हुनसक्ने अवस्था रहँदैन । खासगरी विश्वविद्यालयले कानून विषयमा प्रमाणपत्र तहको अध्ययनपछि सिधै कानूनमा स्नातक अध्ययन गर्न पाउने (BL) प्रणालीमा परिवर्तन गरी अन्य कुनै विधामा स्नातक गरेपछि मात्र कानूनमा स्नातक गर्न पाइने (LLB) प्रणाली अवलम्बन गरेपछि न्यायतर्फको अधिकृतस्तरको सेवा प्रवेशसमेतमा सङ्ख्यात्मक र गुणात्मक दुवै पक्षबाट ह्रास हुँदै आएको स्थिति छ। लोकसेवा आयोगबाट सञ्चालित परीक्षामार्फत न्याय सेवाको अधिकृतस्तरको भर्ना प्रक्रियामा मागबमोजिम आवश्यक न्यूनतम् सङ्ख्याको जनशक्तिसमेत आपूर्ति हुन नसक्नु अकल्पनीय अवस्था हो। यो अवस्थालाई तत्काल सम्बोधन गर्न नसकिएमा अदालत सञ्चालनको लागि आवश्यक जनशक्तिसमेत सहज आपूर्ति हुन नसक्ने अवस्था सिर्जना हुनसक्ने स्थिति रहन्छ । यो स्थितिलाई सम्बोधन गर्न न्याय सेवाभित्रका अधिकृत तथा कर्मचारीहरूलाई व्यावसायिक सिप र दक्षता अभिवृद्धिका लागि उच्च शिक्षा तथा तालिमलगायतका क्षमता विकासका पर्याप्त अवसरहरू सिर्जना गर्ने, वृत्ति विकासका अवसरलाई अनुमानयोग्य बनाउने र समयानुकूल सेवा सुविधाहरू बढाई न्याय सेवाप्रतिको आकर्षण बढाउन अत्यन्त

आवश्यक छ। यसैगरी नेपाल सरकार, विश्वविद्यालयहरू एवम् लोक सेवा आयोगलगायत सम्बन्धित निकायले कानून शिक्षा एवम् न्याय सेवा प्रवेशसम्बन्धी नीति एवम् कार्यक्रमहरूमा पुनरावलोकन गरी समन्वयात्मक ढङ्गले सहकार्य गर्नुपर्ने आवश्यकता देखिएको छ।

## ८.११ अदालतबाट भएका आदेश तथा फैसलाहरूको प्रभावकारी कार्यान्वयन

संविधानले मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय नेपाल सरकारलगायत सबैले पालना गर्नुपर्ने दायित्व निर्धारण गरेको भएपनि अदालतबाट जारी भएका ठूलो सङ्ख्याका आदेश वा निर्णयहरू वर्षौंसम्म कार्यान्वयन हुन सकेका छैनन्। फौजदारी मुद्दामा अदालतबाट दोषी ठहरिएका व्यक्तिहरूबाट एघार अर्बभन्दा बढी जरीवाना र एक लाख वर्षभन्दा बढी कैदको लगत असुल हुन बाँकी छ। फैसला कार्यान्वयनको प्राथमिक जिम्मेवारी सरकारको भए तापनि जसले फैसला गर्‍यो उसैले फैसला कार्यान्वयन गर्नुपर्ने भन्ने जस्तो परम्परावादी सोच सरकारमा देखिन्छ। सरकारमा फैसला कार्यान्वयनको संस्कृति नै विकास हुन सकेको छैन। अपितु राज्यका विभिन्न निकायहरूबाटै फैसला कार्यान्वयनमा विभिन्न समस्याहरू खडा गरेको अनुभूतिसमेत भइरहेको छ। फैसला कानूनको अङ्ग हो। राज्यले फैसलाको अक्षर भावनाको सम्मान गर्दै त्यसको कार्यान्वयनको जिम्मेवारी लिनुपर्छ। फैसला कार्यान्वयनको अभावमा न्यायको वास्तविक अनुभूति हुन सक्दैन। विधिको शासन आत्मसात गरिएको पद्दतिमा फैसला कार्यान्वयन नहुने अवस्थाको परिकल्पनासम्म पनि गर्न सकिँदैन। फैसला कार्यान्वयनको अभावमा दण्डहीनता मौलाउँछ र विधिको शासन समाप्त हुन्छ।

न्यायपालिकाको रणनीतिक योजनाले फैसला कार्यान्वयनमा प्रभावकारिता ल्याउन फैसला कर्यान्वयन विशेष अभियानलगायतका विभिन्न रणनीतिहरू अख्तियार गरेको भए तापनि विभिन्न सरकारी निकायहरूको सार्थक र समन्वयात्मक प्रयासको अभावमा फैसला कार्यान्वयनमा आशातीत सफलता प्राप्त हुनसकेको छैन। फैसला कार्यान्वयनमा प्रभावकारिता ल्याउन अदालतबाट लागेको दण्ड जरिवाना नबुझाएसम्म सार्वजनिक सेवा प्रवाहमा रोक लगाउने निर्णय भैसकेको भए तापनि आवश्यक कानूनी व्यवस्था तयार गरिएको छैन। यससम्बन्धमा सम्बन्धित निकायबाट यथेष्ट पहल हुन आवश्यक छ। फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन राज्यका सबै निकायहरूले फैसला कार्यान्वयनसम्बन्धी संस्कृतिको विकास गर्ने, फैसला कार्यान्वयन गर्ने जिम्मेवारी भएका निकायहरूलाई यससम्बन्धी संवेदनशीलता बढाउने एवम् ती निकायको फैसला कार्यान्वयनको क्षमता अभिवृद्धि गरी फैसला कार्यान्वयनको सुनिश्चितता गर्न गराउन नेपाल सरकार तथा अन्य सम्बन्धित निकायहरूको प्रतिबद्धता, जिम्मेवारी बोध र समन्वयात्मक प्रयासको अपेक्षा गरिएको छ।

## ८.१२ मुद्दा मामिलासम्बन्धमा मुद्दाका पक्ष तथा सरोकारवालाहरूको उत्तरदायित्वको अभिवृद्धि

न्यायको खोजी गर्न पाउनु व्यक्तिको अधिकार भएपनि अनावश्यकरूपमा झुट्ठा मुद्दा गरेको अवस्थामा त्यसबाट अर्को पक्षलाई पर्न गएको क्षतिपूर्ण गर्ने कुनै प्रणाली हामीकहाँ छैन। यसको कारणबाट पूर्वाग्रह वा इर्ष्यावस वा अर्को पक्षलाई हैरानी दिने नियतले मुद्दा मामिला गर्ने संस्कृतिको विकास हुँदै गएको महसुस भएको छ। यस्तो द्वन्द्वोभिमुख प्रवृत्तिले प्रोत्साहन पाएमा देशको शान्ति, सुव्यवस्था तथा सौहार्द्रतामा र अन्तत समग्र विकासका बहुआयामिक क्षेत्रमा नै

प्रतिकूल असर पर्ने निश्चित छ । यसका लागि न्यायको खोजी गर्ने तथा मुद्दा मामिलाको अनावश्यक हैरानीबाट सुरक्षित रहन पाउन व्यक्तिको हकबिच सन्तुलन कायम गर्नु आवश्यक ठानिन्छ ।

न्यायिक प्रक्रियाका क्रममा कुन चरणमा र कसरी रकम खर्च हुन्छ भन्ने बारेमा कुनै नियमनकारी प्रबन्ध नहुँदा मुद्दा मामिलामा लाग्ने खर्चका बारेमा विभिन्न भ्रमहरू उत्पन्न भै समग्र न्याय प्रणाली महङ्गो भएको आक्षेप सहनु परेको छ । यस सन्दर्भलाई समेत मध्यनजर गरी मुद्दा मामिलामा लाग्ने खर्चको बारेमा पूर्वअनुमान लगाउन सकिने गरी यस्ता खर्चको अभिलेखीकरण गर्न, पारदर्शितापूर्वक पक्षलाई सो कुराको जानकारी गराउने तथा मुद्दा जित्ने पक्षलाई हार्ने पक्षबाट मुद्दामा लागेको खर्च भराउने पद्धतिको विकास गर्नुसमेत अपरिहार्य भएको छ ।

स्वच्छ, सक्षम र प्रभावकारी न्याय प्रणालीप्रति प्रत्येक नागरिकको जिम्मेवारी रहने हुनाले अनावश्यक मुद्दा मामिला गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्न आवश्यक कानूनी संयन्त्रको विकास हुनुपर्छ । यसैगरी न्याय प्रणालीका सम्बन्धमा जानकारीमूलक सन्देशहरूको सार्वजनिक प्रसारण गरी नागरिक सचेतनाको अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्नुपर्ने भएको छ । यसका लागि न्यायपालिकालगायत राज्यका सम्बद्ध निकायहरूको स्वामित्वबोधका साथ सहयोगको अपेक्षा गरिएको छ ।

### ८.१३ न्यायपालिकाको सूचना प्रविधि प्रणालीलाई सुरक्षित, भरपर्दो र संस्थागत गराउनु पर्ने आवश्यकता

अदालत व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग प्रारम्भ गरेको एक दशकभन्दा बढी भैसकेको छ । सूचना प्रविधिको प्रयोगको क्षेत्रमा नेपालको न्यायपालिकाले गरेको प्रयासलाई उदाहरणका रूपमा लिने गरिएको पनि छ । तथापि, यसको प्रयोगको क्षेत्रलाई अपेक्षितरूपमा विस्तार गर्न नसकिएबाट सोचे जति लाभ लिन सकिएको छैन । पूर्णरूपमा सूचना प्रविधिमा मात्र आधारित भै काम कारवाही गर्न सकिने अवस्थाको सिर्जना हुन सकेको छैन । सूचना प्रविधिको विश्वसनीयताको विषयमा कतिपय गुनासाहरू आएका छन् । सबै अदालतहरूमा आवश्यक सङ्ख्यामा कम्प्युटरहरू पुरयाउन सकिएको छैन । धेरै वर्ष प्रयोग भैसकेका पुराना कम्प्युटरहरू नै प्रयोग गर्नुपर्ने बाध्यता छ । कम्प्युटर प्रणालीको विकाससँगै कम्प्युटर प्रयोग गर्ने आवश्यक सङ्ख्यामा दक्ष जनशक्तिको विकास हुन सकेको अवस्था छैन । विद्युत् आपूर्तिमा हुने अनियमितता सूचना प्रविधिको प्रयोगमा ठूलो समस्याको रूपमा रहेको छ । अदालतको कामकारवाहीहरू बार, सरकारी वकिलको कार्यालय तथा अन्य सरोकारवाला निकायहरूको काम कारवाहीसँग समेत सम्बन्धित हुने भएकाले ती निकायमा भइरहेको सूचना प्रविधिको प्रयोगको स्थितिबाट समेत अदालतको कामकारवाही प्रभावित हुने भएकाले अदालतको कम्प्युटर प्रणालीलाई त्यस्ता निकायको कम्प्युटर प्रणालीसँग आबद्ध गर्नुसमेत आवश्यक देखिएको छ । यसबाहेक, सेवा प्रवाह र प्रविधि प्रणालीको सुरक्षाको लागि यस क्षेत्रमा विकसित नविनतम् प्रविधिको अद्यावधिक अवलम्बन गर्नुपर्ने टडकारो आवश्यकता महसुस गरिएको छ । सूचना प्रविधिको प्रयोगलाई दिगो र संस्थागत गराउने सम्बन्धमा स्पष्ट दीर्घकालीन नीति निर्माण हुन सकिरहेको छैन । यो स्थितिलाई सम्बोधन गर्नको लागि सर्वोच्च अदालतले सूचना प्रविधिसम्बन्धी दश वर्षे गुरूयोजना तयार गरी लागू गर्ने चरणमा रहेको छ । गुरूयोजनाबमोजिम सूचना प्रविधिको संस्थागत विकास र सुदृढीकरणका लागि नेपाल सरकारलगायत

सम्बन्धित सबै निकायबाट आवश्यक सहयोगको अपेक्षा गरिएको छ।

## ८.१४ सम्बन्धित सबै पक्षको सहयोग र समन्वयको आवश्यकता

न्यायपालिकाले आत्मसात् गरेका सुधारका प्रक्रिया र न्यायपालिकाप्रतिको आमअपेक्षाका सन्दर्भमा अनुभूत गरिएका उल्लिखित सरोकार, समस्या, तथा चुनौतीहरू न्यायपालिकाको एक्लो प्रयासबाट मात्र सम्बोधन हुन सम्भव छैन। यी विषयहरू सम्बन्धित सबैको सहयोग, समन्वय र सकारात्मक सोचबाट सम्बोधन हुन सक्दछन् भन्ने कुरामा न्यायपालिका विश्वस्त छ। न्याय प्रणालीको प्रभावकारिता अभिवृद्धिको सफलता वा असफलतालाई न्यायपालिकामा मात्र सीमित गरी एकाङ्गीरूपमा हेरिनु हुँदैन । न्याय सम्पादनको विभिन्न चरणहरूमा सरोकारवालाहरूको आपसी सहयोग, सहकार्य र समन्वय अपरिहार्य रहन्छ । यसका लागि आवश्यक संयन्त्र (न्याय क्षेत्र समन्वय समिति) पनि खडा गरिएको छ। उक्त समितिले सरोकारवालाहरू बिच सहयोग र समन्वयको क्षेत्र पहिचान गरी कार्ययोजनासमेत तर्जुमा गरिसकेको छ। सहयोग र समन्वयका क्षेत्रहरूमा सरोकारवालाहरूबिच समय समयमा आपसी छलफल र परामर्शसमेत हुने गरेबाट परस्पर सहयोग र समन्वयको अवस्था सुदृढ हुँदै गएको महसुस पनि भएको छ। तथापि, त्यसलाई अझ बढी परिणाममुखी वा उद्देश्यमूलक बनाउने र कार्यान्वयनको तहमा पुर्‍याउने कार्यमा सम्बन्धित सबैको थप प्रतिबद्धता र क्रियाशीलता आवश्यक छ । त्यसका लागि राष्ट्र प्रमुख, व्यवस्थापिका संसद, सरकार, राजनीतिक दल, आमसञ्चार जगत, बार, सरकारी वकिल, न्यायका उपभोक्ता, नागरिक समाज, न्यायप्रति सरोकार राख्ने आम नागरिक एवम् न्यायपालिकाको सुधार प्रक्रियामा सहयोग गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी एवम् गैरसरकारी संस्थाहरूको सहयोग, सहकार्य र समझदारीका साथै न्यायिक कार्यमा क्रियाशील न्यायाधीश तथा कर्मचारीसमेतबाट सकारात्मक भूमिका निर्वाह हुनेछ भन्ने अपेक्षा गरिएको छ।